# प्रदेश सभा
# गण्डकी प्रदेश
# छैटौं अधिवेशन
# (बैसठ्ठीऔं बैठक)
# कार्यबाहीको सम्पूर्ण विवरण
# मिति : २०७७।०६।२६ गते

माननीय सदस्यहरू, आजको बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सर्वप्रथम म माननीय भूमि व्यवस्था सहकारी मन्त्री श्री लेखबहादुर थापा मगरलाई विधायन समितिको प्रतिवेदनसहित प्रदेश कृषि व्यवसायको प्रबर्द्धनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज १६ गते बसेको बैठकमा प्रस्तुत भई विधायन समितिमा दफाबार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदनसहित प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम नियम १२१ को उपनियम २ (क) बमोजिम समितिको प्रतिवेदनसहित विधेयक माथि छलफलका गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !

अब म उक्त विधेयक माथि छलफल गरियोस् भनी प्रस्तावलाई निर्णयार्थक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायनसमितिको प्रतिवेदनसहित प्रदेश कृषि प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथिको दफाबार प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनुहुने माननीय सदयस्यको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य, श्री मीनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

सभामुख महोदय, भूमि व्यवस्था तथा कृषि मन्त्री माननीय लेखबहादुर थापाजीले यस गरिमामय सदनमा प्रस्तुत गर्नुभएको गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धित विधेयकको दफाबार छलफलमा हामी सहभागी भइरहेका छौं । दफाबार छलफलको क्रममा विद्वान् माननीयज्यूहरूले बेलाबेलामा उठाइरहनु भएजस्तै आज हामीहरू यो छलफलको पृष्ठपोषण गरेर यसको थपघटका कुराहरू भन्दा पनि मलाई लाग्छ यो छलफल विधेयकमा भएका अन्तर्वस्तुहरूलाई र ती पक्षहरूलाई उजिल्याउने सन्दर्भ हो भन्ने लाइरहेको छ र त्यही सन्दर्भमा म यहाँ आफ्ना धारणाहरू राख्ने अनुमति चाहन्छु :

सभामुख महोदय, नेपाल एउटा कृषिप्रदान देश हो । स्वभाविक रूपमा यो मान्यतालाई अहिले पनि हामीहरू त्यसबाट पछाडि हट्न सकिरहेको स्थिति छैन । तसर्थ यो निर्वाहमुखी कृषि प्रणालीमा अझै पनि हामी यो कृषिलाई आधुनीकीरण, विवेदीकरण गरी व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै स्वस्थ र स्वच्छ कृषि उपजको र त्यसको सुनिश्चितता पनि खाद्य सुरक्षाको प्रत्याभूत गर्ने गरी गण्डकी प्रदेश सरकारले जुन खाले यो विधेयक ल्याएको छ, यो अहिलेको समय सन्दर्भमा वान्छनीय या वस्तुनिष्ट भएको मैले ठान्दछु ।

सभामुख महोदय, यो विधेयक मूलतः संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको एकल अधिकारसँग पनि केही अधिकारहरू त्यो अनुसूची ६ को मा

उल्लेखित विषयमा निहित रहँदै मलाई लाग्छ यो धारा ३६ संविधानको जुन मौलिक अधिकार छ, खाद्यसम्बन्धी हकको कुरा सँगसँगै धारा ४४ को उपभोक्ता हकसम्बन्धी त्यो कुरा पनि यसमा आकर्षित गर्दै अर्थात मध्येनजर राख्दै प्रदेश सरकारले यो विधेयक बुझाएको मेरो ठम्याई छ । गण्डकी प्रदेश जस्तो एउटा सानो अर्थतन्त्र भएको मलाई लाग्छ तीन खरब वरिपरि भएको अर्थतन्त्रमा कृषिको योगदान एक खाले भन्ने हो भने अहिले हामीले हेरिरहने बेलामा २८. सम्थिङ यो कृषिले यहाँको अर्थतन्त्रलाई सहयोग गर्छ भन्छ । त्यही अनुसार कुल ग्राहस्थ उत्पादन गण्डकी प्रदेशकै हेर्ने हो भने पनि अर्थात् नेपालको ग्राहस्थ उत्पादन गण्डकी प्रदेशको कृषि क्षेत्रले ११ वा लगभग १२ प्रतिशत जति योगदान दिने भएको हुनाले पनि मलाई लाग्छ यो विधेयक जुन खालले कृषिलाई व्यवसायीकरण गरेर, प्रबर्द्धन गरेर, जुनखाले आयामिक खालको सरकारले यो विधेयक ल्याएको छ । त्यसपछि, म पूर्ण समर्थन जनाउँदै अहिलेको यो सन्दर्भमा यो परिच्छेद ७ धारा २९ जुन विधायन समितिले १ धारा थपेको छ । २८ प्रस्तावित थियो भने एउटा धारा समितिले थपेर २९ बनेको छ र अनुसूची २ मा जे जस्ता कुरा यहाँ उल्लेखित भएका छन् । ती कुराहरूलाई सर्सर्ती हेर्दा अहिलेको यो चुनौतीलाई सामर्थ्य राख्ने प्रयत्न गरेको छ । यो विधेयकले बोल्ने हिम्मत गरेको छ भन्ने मलाई लाग्छ । जसरी कुल ग्राहस्थ उत्पादनलाई ११.८ प्रदेश सरकारले गर्छ मूलतः हाम्रो ग्रास्त उत्पादनमा ३७ प्रतिशतको विप्रेसनको स्थिति रहेको देखिन्छ । त्यसो भएको हुनाले यो हामी विप्रेशनमै अथवा हामी लिमिटेशनमै आधारित अर्थतन्त्र कतिदिनसम्म टिक्ने ? नेपालको अर्थतन्त्र, गण्डकी प्रदेशको अर्थतन्त्र आफ्नो आयस्रोत बनाउनु पर्छ कि प्रर्दैन ? सो प्रदेश सञ्चालन सुनिश्चितताको कुरा पनि कहिलेकाही यो कृषि प्रबर्द्धन, व्यवसाय प्रबर्द्धनलाई यो विधेयकले कहिन कहि जोड्न खोजेको छ । मलाई धन्यवाद दिन मन लाग्छ प्रदेश सरकार, कृषि मन्त्रालय, जस्तो जिसिआइसी (ग्लोबल कमर्सियल इन्भेष्टमेन्ट कम्पनी) जसले यो कृषिसम्बन्धी मलाई लाग्छ त्यही एउटा फन्ट हो/पार्ट हो, जसले व्यवसायिक रूपमा हिजो भइराखेको पुरानो प्रविधि साथ हाम्रो कृषि प्रणालीलाई अलि व्यवसायिक गर्ने र सँगसँगै कृषि प्रणालीलाई व्यवसायी गर्ने कुरालाई मात्रै ठूलो होइन मलाई लाग्छ हामीहरूले बुझिरहँदा उत्पादनको बजारको सुनिश्चितता कुरा अर्थात त्यसलाई कृषि रमेटियल र विभिन्न उद्योगहरू सञ्चालन गरेर त्यहाँ

रोजगारमा रहेको सिर्जना भन्ने कुरा पनि त्यत्तिकै महत्व र यो विधेयक त्यतातिर अग्रसर हुन्छ भन्ने जस्तो मलाई लाग्छ । जस्तै अर्को कुरा दफा १ देखि २९ सम्म हामी हेरिरहने बेलामा मलाई लाग्छ महत्वपूर्ण बुँदाहरूको यहाँ चर्चा गर्नै पर्छ । जस्तो कृषि उत्पादन क्षेत्र तोक्ने कुरा पनि यो महत्वको विषय हो भन्ने मलाई लाग्छ । जस्तो नेपाल एक खालेले भन्ने हो भने तराईदेखि हिमालसम्म विविधता एकदम् उष्ण, समशीतोष्ण, शितोष्ण दुण्डा खालका यो खालका सबै विविधता हावापानी भएको हाम्रो तराईको समशितोष्ण ८ हजार भन्दा बेसी अग्लो हिमालहरू भएको यो प्रदेशको हावापानी अनुसार त्यो अनुसारको एक खालले भन्ने हो भने वातावरण अनुसारको त्यो खालको आवश्यकता त्यो हावापानी भूमि अुनसारको कृषि प्रणालीलाई हामीले व्यवस्थित गर्नुपर्छ भन्ने किसिमबाट यो विधेयकले दफा ३ मा परिच्छेद २ ले त्यो बोलेको छ । जस्तो खाद्य उत्पादन क्षेत्र कहाँ उत्पादन हुन्छ ? बागबानीका कुराहरू होलान् । जस्तो हामी स्याउको कुरा गरिराखेका छौं मनाङ र मुस्ताङमा गोर्खाका माथिल्ला भागहरू त्यसै गरेर पशु उत्पादन क्षेत्र आवश्यकताका कुराहरूलाई हेरेर निर्यातमूलक कृषि उत्पादन क्षेत्र अहिले हामीहरूले कृषिमा एउटा आत्मनिर्भर हुने एउटा चुनौति सँगसँगै कृषिबाट आत्मनिर्भर मात्रै होइन हामी जसरी आयातलाई प्रतिस्थापित गर्ने जुन खालले ठूलो अरबौं रूपैयाँ कृषिमा विदेशतिर गइरहेको छ त्यसलाई रोकेर आयात प्रतिस्थापित गर्ने अनि रोजगार सँगसँगै आत्मनिर्भर गर्ने यो खालको हुने भएकोले योतर्फ यो विधेयकले बोलेको हुनाले पनि यो महत्वपूर्ण विधेयक छ । त्यतिमात्र होइन गण्डकी प्रदेशकै कुरा गर्ने क्रममा २१ हजार ९ सय ७४ वर्गकिलोमिटरमा जम्मा २२.२ प्रतिशत क्षेत्रफल कृषियोग्य भूमि भन्या छ । त्यही भूमिमध्ये पनि अहिले धेरै खेतबारी या धेरै जग्गाहरू बाँझा छन् । त्यसो भएको हुनाले यो कार्यक्रमबाट कृषकलाई, समूहहरूलाई, सहकारीहरूलाई र संस्थाहरूलाई अलिकति उत्प्रेरित गरेर गोलबन्द गर्दै यो क्षेत्रमा अभिप्रेरित गर्ने र आकर्षित गर्नुपर्ने अपरिहार्य छ । जुन यो विधेयकले बोल्ने प्रयत्न गरेको छ । त्यस्तै गरेर दफा ५ मा सिँचाइसम्बन्धी कुराहरू उठाएको छ, जुन अति आवश्यक छ । अहिले जस्तै हाम्रै प्रदेशका कुरा गर्ने बेलामा पनि जसरी कृषि योग्य जमिन छ भनेका छौं हामीहरूले तर त्यहाँनेर सिँचाइको कुरा के छ त ? अहिले यसो हामीहरूले हेरिरहने बेलामा लगभग ३६ प्रतिशत सिँचाइ भएको हामीले त्यो जमिनमा पाउँछौं । केहीमध्ये पनि

त्यो ३६ प्रतिशत मा जम्मा ४६ प्रतिशत आधा पनि छैन कि जो बाह्रै महिना सिँचाइ होस् र त्यहाँ मौसम अनुसारको विभिन्न खेतीहरू उत्पादन होस् त्यसो भएको हुनाले सिँचाइलगायत तन्तुप्रजनन भन्नाले जुन हामीले टिस्यू कलचरका कुराहरू अहिले मैले आफ्नो स्याङ्जा जिल्लामै भोगें । करोडौंको कागतीको बेर्ना इन्डियामार्फत आको छ त्यस्तो भइसकेपछि यही त्यो सरकारमार्फत साझेदारीमार्फत निजी क्षेत्रलाई अरु त्यस्ता कम्पनिहरू त्यस्तो विज्ञहरूको सहयोगमा यहाँ त्यस्तो टिस्यूकलचर सेन्टर विभिन्न खालका चाहे स्याउका कुरा चाहे कागतीका कुरा होलान् अरु फसलहरूको बारेमा त्यस्तो गर्ने हो भने पक्कै पनि एउटा त रोजगारको कुरा हुने भो । एउटा लगानी सुरक्षितको कुरा हुने भो । अर्कोतिर सायद त्यो सस्तो पनि होला ! विदेशबाट आउने भन्दा ती बिउहरू सस्तो हुने  भो । त्यसो भाको हुनाले यी यस्ता पूर्वाधारका कुराहरू प्रशोधन, भण्डारण जस्ता कुरा लिएर यी सम्पूर्ण कुराहरू गर्‍याछन् । जस्तो अहिले मुस्ताङकै स्याउको कुरा गर्ने बेलामा पनि समयमा त्यसलाई संकलन गर्ने अनि त्यसपछि प्रोसेसिङ गर्ने र पोलिसिङ गर्ने कुरा पनि स्याउ मात्रै जम्मा गरेर प्रोसेसिङ मात्र होइन त्यसैलाई धेरै टिकाइराख्नका लागि जसरी हामीले विदेशका स्याउ ताजा मुखै रसाउने गरी खाइरहेका हुन्छौं । त्यो समस्या भनेको हाम्रो स्याउहरूलाई हो यस्तो खालका थुप्रै कामहरू प्रबन्धनात्मक कामहरू पनि यो विधेयकले बोलेको छ । यस्तै गरेर अर्कोतर्फ जसरी अघि यहाँ मैले निवेदन गरें । कि कृषिमा हामीले आकर्षित गर्ने थुप्रै खालका एक्टिभिटिजहरू या थुप्रै खालका कार्यक्रमहरू सरकारले सरकार सँगसँगै अरु साझेदार संस्थाहरूसँग गरेर यसलाई उजिल्याउनु पर्ने, या अगाडि बढाउनु पर्ने, गर्भिलो भनाउन पर्ने स्थितिमा पक्कै पनि दफा ६ ले कृषि व्यवसायमा सुविधा र सहुलियत दिनुपर्ने अर्थात जसरी अहिले हामी यो थुप्रै कोभिड महामारीको क्रममा थुप्रै विदेशीएका साथीहरू यहाँ आइरहेका छन् र उनीहरूलाई उद्योग धन्दा या रोजगारका अरु सम्भावनाहरू हामीसँग कम छन् या उनीहरूले स्कील मेनपावरको कुरा पनि दक्षताका कुरा पनि त्यहाँ नेर थपिएला यो क्षेत्रमा थोरै मात्र उनीहरूलाई छोटो समयको तालिमहरू दिएर यो क्षेत्रमा लगाउने हो भने त्यो खाले हामी प्रतिफल तृप्त हुनसक्छ भन्ने किसिमबाट त्यो खाले अनि औजारका कुराहरूदेखि लिएर व्याजमा सहुलियताको कुराहरू होलान् छुटको कुरा होलान् निकासीका कुरा गर्ने पैठारी गर्ने कुरामा, यो खालका व्यवस्थापन भण्डारन

यि सम्पूर्ण कुराहरूमा यसलाई लान पर्ने कुरा यो दफाले बोलेको छ । हामीलाई थाहा छ गण्डकी प्रदेश कै कुरा गर्ने बेलामा जुन संघको सक्रिय रूपले हामी हिँड्छौं जुन १९ देखि ५९ वर्षका भन्छौं त्यहाँनेर ५७ प्रतिशत मान्छेहरू अहिले रोजगारदेखि अरु क्षेत्रहरू नी छन् त्यसो भाको हुनाले सम्पूर्ण विमाका कुरादेखि लिएर न्यूनतम मूल्य समर्थनका कुरा यी सम्पूर्ण कुराहरू स्थानीय निकायसँग साझेदार गर्ने, संविधानको मर्म अनुसार यी सम्पूर्ण कुराहरू प्रतिष्पर्धाहरू बजारमा अर्थ जुन संविधानले बोलेको कुराहरू आएका छन् यी सम्पूर्ण कुराहरूलाई मध्येनजर गर्ने । अन्तमा, निर्वाह किसिमको प्रणालीलाई व्यवसायिक किसिमले उत्पादन र उत्पादकत्व विक्नेगरी बजारको सुनिश्चितसहित दिगो कृषिको विकासका साथै स्वाधीन र आत्मनिर्भर निर्माण गर्न यो विधेयक गण्डकी प्रदेशमार्फत सहयोग गर्छ र म यसमा पूर्ण समर्थन गर्दै आफ्नो भनाई यही अन्त्य गर्छु धन्यवाद !

माननीय सदस्य, श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुखज्यू, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न भनेको विधेयकको सन्दर्भमा हामी दफाबार छलफलमा जुटेका छौं । यसै सन्दर्भमा हाम्रो संविधानले हामीले व्यवस्था गरे अनुसार मौलिक हकको यो खाद्य सुरक्षा भित्र पनि यो मौलिक हकभित्र पर्ने स्वास्थ, शिक्षा, खाद्य, सुरक्षालगायत थुप्रै मौलिक हकभित्र पर्ने र जनताका लागि आधारभूत आवश्यकताका लागि जनताको जीवन बाँच्नको लागि आधारभूत आवश्यकता भित्र एउटा कृषिमा हामी आत्मनिर्भर र मुख्य बाँच्ने आधार भनेकै एउटा कृषि पनि प्रमुख चीज हो । त्यसै सन्दर्भमा हामी आज छलफलमा जुटिराखेका छौं । यसै सन्दर्भमा अस्तिको छलफलमा पनि हामीले कुरा उठाएका थियौं । त्यो विषयमा मैले अस्ति पनि कुरा उठाएको थिएँ । वास्तवमा हामीले जुन यो महत्वपूर्ण विधेयक यहाँ आएको छ । यसको विधेयक आउनु मात्र ठूलो छैन । यसको कार्यान्वयन पक्ष कत्तिको सफलपूर्वक अगाडि बढ्छ र कार्यान्वयन हुन्छ भन्नु नै महत्वपूर्ण भूमिका राख्दछ भन्ने मलाई लाग्दछ । त्यसकारणले यसमा धेरै छलफल पनि भाको छ । विधायन समितिबाट छलफल भएर केही संसोधन र केही थपघट पनि भाइसकेको अवस्थामा केही कुराहरू राख्नुपर्छ जस्तो मलाई लाग्दैन । केही थोरै कुराहरूमात्रै मैले यहाँ निवेदन गर्न

चाहें । जुन यो अस्ति पनि हामीले कुरा उठाएका थियौं । यो संशोधन भाकोमा यो अलि आएको रैनछ । यो ऋण चाहिमा वास्तवमा ऋण दिँदाखेरीमा ० पयंटरदरमा व्याज दिने त्यसमा धितो राखेर दिने वातावरण सिर्जना गऱ्यो भने लोन पनि उठ्ने र उनीहरूले पनि कमसेकम विना व्याजमा भयो भने सहज ढङ्गबाट कृषिबाट उत्पादन गर्नसक्ने वातावरण सिर्जना होला भन्ने मलाई लाग्छ त्यसकारण यसमा के व्यवस्था गर्नुपर्ने हो भन्ने मलाई लाग्छ । बुँदा नं. ५ मा यो उपसमितिका कुराहरू आको छ । यो उपसमितिको कुरामा प्रदेशमा एउटा समिति बन्दै छ । स्थानीय तहमा एउटा समिति बन्दै छ, त्यसमा कृषि ज्ञानकेन्द्र र भेटनरीले पनि हेर्ला फेरि यो उपसमितिको आवश्यकता किन हो ? यसलाई त्यति आवश्यक छैनकि जस्तो मलाई लाग्छ । यो समिति, समिति मात्र बनाएर हामीले यो आर्थिक भार व्यहोर्नुपर्ने अवस्था सिर्जना हुने हो कि भनेर यसलाई यो आवश्यक छैन भन्ने मलाई लाग्दछ र अर्को कुरा जस्तो यो किसानको कुराहरूमा अब हामीले चक्लाबन्दीका कुराहरू पनि आको छ तर त्यो ठूला कृषकहरूलाई मात्रै हामीहरूले गर्ने हो कि ? विशेष गरी साना किसानहरूलाई प्राथमिकता राखेर हामीले लगानी गर्दा त्यो ढङ्गबाट गयो भने बल्ल निमुखा, गरीब र पिछडिएका समुदायको आर्थिक उन्नति उकास्सेला भन्ने मलाई लाग्दछ ।

त्यस्तै अर्को यो बुँदा नं. १८ मा जग्गा लिजमा दिने सम्बन्धमा अस्ति पनि यहाँ कुराहरू हामीले उठाएका थियौं मैले उठाएको थिएँ । त्यो लिजमा दिने कुरामा के छ भने अब हाम्रो पहाडतिर त्यस्तो सुनेको छैन तर तराइतिर के हुँदो रैछ भने १०/८ वर्ष लिजमा लिइसकेपछि यो हामीले धेरै पहिलेदेखि चर्चिएको हो अथवा उपभोग गर्दै आएको त्यसकारण यहाँ यसलाई अब दर्ता गर्नु पऱ्यो भन्ने विभिन्न खालको हुन त यहाँ कानून बमोजिम हुनेछ भनेर लेखिएको छ तथापि त्यस्तै खालकै हो माफिया खालका मान्छेहरूले फेरि अब कित्ताकाट गर्न नपाउने अवस्थाहरू सिर्जना भइराखेको अवस्था जग्गाको धेरै चलखेल गर्न नपाउने जुन अहिले हुन खोजिराखेको अवस्थामा फेरि यताबाट घुमाउरो पाराबाट यी जग्गाहरूलाई दर्ता गर्ने प्रक्रियाहरूमा गएर फेरि पनि गरीब र जग्गा नभएका निमुखाहरू उस्ताउस्तै तिनै धनी र तिनै विचोलिया र यो जुन भूमाफियाहरू छन् तिनैको मौलाउने वातावरण सिर्जना भएको हुन्छ । त्यसकारणले म यसलाई कमसेकम वर्षै पिच्छे नवीकरण अथावा ५ वर्ष १० वर्षलाई दियो भने त्यसले जरा

गाडिहाल्छ जस्तो लाग्छ त्यसकारण त्यसलाई वर्षौं पछि नवीकरण गर्ने वातावरण सिर्जना गऱ्यो भने हुन्छ भन्ने मलाई लाग्दछ । जस्तो यो बुँदा २९ र यसमा त यहाँ आइसकेको पनि छ । यसलाई धेरै भन्नु पर्दैन र जसमा यो अनुदानको कुरा छ । अनुदान लिँदा हाम्रो होइन किसानले अलि राम्रो गर्ने खालकालाई दिनु पऱ्यो । किसान कसरी गरेको छ ? त्यसले कसरी अब यो दुई वर्ष तीन वर्षभित्र हामीले हेऱ्यौं एकदमै राम्रो किसान राम्रो काम गरेका भनौं त्यो किसान ३५/३६ वटा भैंसी पालेको छ राम्रो गरेको त्यहाँको अनुदान पायो भने अझ राम्रो गर्ने खालका मान्छेहरू नपाएर भन्दा तितो होला आफ्नो पार्टीका कार्यकर्ताहरूलाई बढी प्राथमिकता दिएर सरकारकोतर्फबाट त्यस्तो भयो भन्ने थुप्रै गुनासो पनि आको छ र ती भएकाहरू पनि अनुदान लिनका लागि मात्रै कागजपत्र तयार गरेर कागजमा घोडा चढेर अनुदान लिने वातावरण सिर्जना भएको छ । त्यसकारण त्यो अन्त्य भएर आगामी दिनमा कमसेकम यथार्थ एकदम निमुखा, गरीब पीछडिएको र एकदमै गरीब समुदायले यो अनुदान पाउने वातावरण कमसेकम त्यसमा अनुदान पाएपछि यसबाट आत्मनिर्भर हुन्छ र गर्न सक्छम् भन्ने खालको वातावरण सिर्जना गर्नको लागि यो होस् भन्ने छ । अर्को निर्देशक समिति भन्ने छ । अर्को यो निर्देशक समितिको पनि किन आवश्यकता हो यो ? यो समिति समिति बनाउनु पर्ने यस्तो उत्पातै त मलाई त्यस्तो लाग्दैन । स्थानीय तहबाट त्यसले गर्नुपर्ने कामहरू स्थानीय तहले प्रदेशमा गर्नु त छदैछ तर अर्को ज्ञान केन्द्र र हाम्रो भेटनरीहरू छन् त्यहाँ पनि त्यो समितिहरूलाई त्यसले पनि छानविन गर्ला, त्यसले पनि धेरै अध्ययन गर्ला, त्यसकारणले यी समितिहरू आर्थिक भार पर्नको लागि मात्रै हो जस्तो लाग्छ त्यसलाई यो बुँदाबाट हटाउनु पर्छ कि जस्तो मलाई लाग्दछ ।

अर्को हाम्रो किसान र कृषिको कुरा गरेका छम् । हामीले कृषिबाट आत्मनिर्भर पूरा गर्छौं कृषिबाट उत्पादनहरू गर्ने भन्ने कुरा गरेका छम् । कृषिबाट कमसेकम हामीले आफूले उत्पादन गरेको चिज बजारमा बेचेर यसबाट आम्दानी लिने कुरा गरेका छम् । तर अहिलेसम्म कतिपय मानिसहरूले भूमिहीन किसान छन्, सुकुम्बासीहरू छन्, यसको विषयमा अब सोच्नु पर्ने होला । हुन त अस्ति मन्त्रीज्यूले भन्नुभाको छ अब हाम्रो भूमिसम्बन्धी विधेयक आम्दैछ भन्नुभाको छ । निश्चय पनि यो भूमिमा अब आगामी दिनमा जस्तै संविधानले पनि व्यवस्था

गरेको छ । दलितहरू पिछडिएको समुदायहरूलाई बनेको दुई वर्ष भित्रमा संविधान बनेको दुई वर्ष भित्रमा अब सुकुम्बासी, गरिबी, भूमिहीनलाई जग्गाको व्यवस्था घरको व्यवस्था गऱ्यो भने अब संविधान पनि अहिले ५ वर्ष भइसक्यो अहिलेसम्म खै के पनि भाको छैन । त्यसकारणले यो कृषिको विधेयक आको छ । भूमिको विधेयक आउला त्यो विधेयकमा मात्रै सीमित रहने हो क्या । यसलाई कार्यान्वयन पक्षमा जान्छ त्यसलाई लानुपर्छ जस्तो मलाई लाग्दछ । अब यो जग्गा उपलब्ध गराएर कृषकहरूलाई कमसेकम एकदमै उत्पादनतिर गर्नुपर्छ जस्तै हामीले अहिले पनि कृषिको कुरा गरेका छौं । इन्डियाबाट प्याज आयो भने यहाँ ३ सय रूपैयाँ किलो हुन्छ भने हामी यहाँ कृषिको कल्पना कसरी गरेका छौं त्यसलाई पनि सोच्नुपर्छ भन्ने सामान्य उदाहरण मात्र भनेको हुँ यस्ता हाम्रा उदाहरण बाह्रै महिना अन्य चिजहरू विदेशबाट आउँदछ हरेक चिज हामीले अन्तबाट आयात गर्नुपर्ने अवस्था छ । निर्यात गर्नुमा भन्दा पनि निर्यातमा अरबौं वा खरबौं पैसाहरू विदेशमा गएको अवस्था छ । त्यसकारणले कमसेकम यही उत्पादन गरेर यहीँको बजार व्यवस्थापन गरेर नेपाली या हाम्रा गण्डकी प्रदेशका सम्पूर्ण नागरिकले कमसेकम यो कृषिबाट आफ्नो आर्थिक उन्नति बढाउने कामको सिर्जना गर्नुपर्दछ भन्ने मलाई लाग्दछ । अर्को कुरो यहाँ हुन त यहाँ उसमा लेखिएको छ । मोल, बीउ विभिन्न कुराहरू आका छन् तर मोल बीउको कुरा गर्दाखेरीमा अहिले यो वर्खाभरी पनि मान्छेले मल पाएन । अलिअलि मल पाउने अवस्था रैछ अनि मन्त्रीज्यूसँग कुरा गरेको यो साल्टट्रेडिङसँग कुरा गर्नुपर्छ भन्नुभयो । त्यहाँ कुरा गऱ्यो त्यहाँ के भनेछ भने सहकारीबाट सरकारका पक्षका सहकारीमा छन् तिनीहरूलाई टिपो दिएर पठाएयो अब भिन्न विचार राख्ने पार्टीका सहकारीहरूलाई टिपो त्यो ऊ पनि दिने अवस्था भएन त्यसले गर्दा मान्छेले मोल वातावरण सिर्जना भयो त्यस्तो हिसाबकिताबले हामीले कसरी कृषकको उत्पाक पूरा गर्छम् । धान लाउने बेलामा मल पाउँदैनौं तरकारी लगाउने बेलामा मल पाएनौं भने हामीले कृषिको उत्पादन गर्न सक्छम् त्यसकारण यहाँ लेखिएको छ यो हामीले यही गर्ने उत्पादन गर्ने, व्यवस्थापन गर्ने भनेको छ । तर जुन यो विधेयकमा आको छ त्यो अनुसारबाट जान सकोस् भन्ने म आग्रह गर्न चाहन्छु । र अर्को सिँचाइको सम्बन्धमा पनि यहाँ लेखिएको छ । तथापि हाम्रो जमिनहरू पाएको बेलामा तल नदी नालाहरू छन् । माथि जमिनहरू छन् त्यसलाई लिफ्टिङ गरेर भएपनि यसलाई

सिँचाइलाई कृषिमा जबसम्म लगानी गर्छम् भने सिँचाइमा लगानी गरेर त्यहाँ मोल, बीउ, पानी सम्पूर्ण कुराको व्यवस्था भयो भने मात्रै हामीले भनेको जस्तो उत्पादन गर्न सक्छौं र आत्मनिर्भर गरेर त्यसलाई आर्थिक उन्नति गर्न सक्छौं । त्यसको निम्ति पनि ऊ गर्न सक्छौं भन्ने मलाई लाग्दछ ।

अर्को कुरा यो हाम्रो समस्या के रैछ भने अस्तिनै पनि कुरा उठाएको थियो समितिको बैठकमा । जस्तो हामी अहिले फलफूलका वेर्नाको कुरा आयो । जस्तो यो हामीले स्याउको वेर्ना ल्यायौं सुन्तलाका वेर्ना ल्यायौं कस्तो रैछ भने अब इन्डियाबाट ल्याउनु पर्ने विशेष गरेर अन्तबाट ल्यायौं भने ५ वर्ष ७ वर्ष भन्दा त्यो वेर्ना फल्नै नसक्ने खालका वेर्नाहरू त्यहाँबाट आउँदो रैछ त्यसले गर्दा पनि हाम्रो आर्थिक उन्नति हुन नसक्ने भाको पैसा विदेश अन्तराष्ट्रमा जाने र उत्पादन कम हुने र हाम्रो यहाँ हाम्रो लगानी वैयाइतमा खेर जाने भयो । त्यसकारणले गर्दा राम्रा खालका कृषकले यही बीउ उत्पादन गरेर विदेश जानेखालको २०/३० वर्षसम्म त्यहाँबाट उत्पादन हुनेखालको वातावरण सिर्जना गर्न हरेक बीउ फलफूलहरू त्यसरी ल्याउन सक्यौं भने हामीले जुन परिकल्पना गरेको हो यो कृषिको जुन विधेयक छ यो राम्रोसँग कार्यान्वयन हुन सक्ला । भन्दै अनुरोध गर्दै मेरा भनाई अन्त्य गर्छु धन्यवाद ! जयनेपाल !

माननीय सदस्य, श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुखज्यू, यति बेला हामी गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा बनेको विधेयक उपर हामी दफाबार छलफलका क्रममा रहिरहेका छौं । यो विधेयकमा हामीले दफाबार छलफल समितिमा पनि गरेर आएका छौं । र त्यो समितिमा केही विषयहरू राखेको थिएँ मैले ? त्यही विषयलाई यहाँ मैले दोहोऱ्याउनु पर्छ भन्ने आवश्यकता महसुस गरेर मैले यहाँ आफ्नो केही सुझावहरू राख्ने अनुमति चाहन्छु ।

माननीय सभामुख महोदय, हामी कृषिमा आत्मनिर्भर कृषि अर्थतन्त्र र निर्यातमुखी कृषि व्यवसाय गर्नी भनेर हामीले भनि राखेका छौं । हाम्रो त्यो उद्देश्य हो, त्यो लक्ष्य हो । तर हामी कहाँ हामीले जति पनि निर्यात गरेका छौं के निर्यात गरेका छौं ? भने हामीले हामीसँग भएको पैसा निर्यात बाहेक कृषिमा त्यस्ता प्रकारका हामीले खासै निर्यात गर्न सकिराखेको अवस्था छैन । त्यसकारणले गर्दाखेरी यो

विधेयक त्यतातर्फ उन्मुख भएर हामीले हामीकहाँ उत्पादन गरेका वस्तु तथा उपजहरूलाई निर्यात गर्न सक्ने सहज परिस्थितिको सिर्जना गर्नका निमित्त यो विधेयक त्यो दिसातर्फ उन्मुख होस् भन्ने मेरो ध्येय हो त्यसकारणले मैले आफ्ना सुझावहरू दिन चाहन्छु । र हामीले यो विधेयकमा मुख्य गरी २/३ वटा बुँदाहरूमा विशेष छलफल गर्न आवश्यक ठानेको छु जुन विधेयकको मुख्य र महत्वपूर्ण पार्ट हुन् भन्ने मैले ठानेको छु। त्यो के हो भने उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र बजारीकरण वितरण तथा बजारीकरणको सुनिश्चितता गर्ने दुईवटा पक्ष व्यवसाय प्रवर्द्धनका लागि महत्वपूर्ण अङ्ग हुन् हामी वितरण गर्ने पक्षमा मात्रै वकालत गरिरहेका छौं उत्पादन कसरी गर्ने ? यसका लागि आवश्यक बजारीकरण, औजार आदि इत्यादि विषयमा मौन भयो भने उत्पादन कसले गर्छ ? कृषकले गर्छ । वितरण कसको वर्चश्व छ ? ठूला व्यापारी जो बजारमा एकछत्र राज गरिराखेका छन् । यस्तोमा कृषि व्यवसायमा सामान्य कृषकहरू आबद्ध हुन सक्ने गुञ्जायस देखिँदैन। त्यसकारणले गर्दा यसका लागि खास व्यवस्था छैन त्यसकारण गर्दा कृषक त्यो बजारसम्म त्यो बजारमा कृषकहरूको पनि पहूँच सुनिश्चितता गर्नको लागि पनि खास यो विधेयकले बोलेको छैन । यो समावेश हुनुपर्छ भन्ने मैले ठानेको छु र सुझाव दिन चाहन्छु।

यो दफा १९ मा साना कृषकले अनुदानमा प्राथमिकता दिने भनेर हामीले उपदफा थपेका छौं । र मलाई के लाग्छ भने यहाँनेर हामीले यो साना किसान भनेर कहाँनेर यसको आधारहरू चाहिन्छ होला हामीलाई ? कस्तालाई हामीले साना किसान मान्ने ? त्यसकारणले गर्दा विना आधार हामीले साना किसानलाई प्राथमिकता दिन्छौं भनि रहदा खेरी भोलि त्यो नै लोप हुन सक्छ। सरकारको लागि त्यो नै लोप होल हुन सक्छ । यसलाई अलिकति हामीले यो विषय बुझेर गर्दा मात्रै राम्रो हुन्छ र यसलाई आधार तय गरेर गयो भने मात्र यो विधेयक साना किसानहरूलाई विचरा भनेर हामीले आफ्नो अनुदान दिने कुरा गरिराखेका छौं यो विषयमा अलिकति स्पष्ट हुन जरुरी छ यो अस्पष्ट हुन्छ । त्यसकारणले गर्दाखेरी कृषक वर्गीकरणको कुरा यहाँनेर कतैपनि देखिँएको छैन । त्यसकारणले कृषक वर्गीकरणको आवश्यकता हुन्छ त्यो वर्गीकरण नभए त्यसलाई त्यत्तिकै हामीले हचुवाको भरमा अनुदान दिन्छौं भनिरहँदा भोलि यो दुरूपयोग हुन सक्छ त्यसकारणले गर्दा कृषक वर्गीकरणको आवश्यकता मैले देख्दछु र सुझाव दिन

चाहन्छु । त्यो अनुगमन र मूल्याङ्कनमा मलाई लाग्छ दूधको साँची बिरालो भएजस्तो हुन्छ के भने सरकारले आफैले अनुदान दिएर आफैले त्यसको अनुगमन गर्ने भन्ने विषय त्यति मिलेको छैन । त्यसकारणले गर्दा यसलाई मिलाउनु पर्छ । जिल्ला समन्वय समितिलाई पनि अनुगमनका पाटोहरू हामी सुम्पिन सक्छौं । त्यसकारणले गर्दाखेरी यस विषयलाई हामीले केही ध्यान दिनुपर्छ कि भन्ने मेरो सुझाव रहेको छ ।

हामी आधुनिकीकरण र विविधिकरणका कुरा गर्छौं, तर हाम्रो क्षेत्रमा हाम्रो प्रदेशमा कस्ता-कस्ता बालीहरू उत्पादन हुन्छन् ? हाम्रो क्षेत्रमा कुनकुनलाई पकेट क्षेत्र घोषणा गर्न  सकिन्छ ? भन्ने विषयमा हामी अझै पनि अनविज्ञ छौं । त्यसका लागि अनुसन्धान केन्द्र  छैन । हामीले गर्दा यो प्रदेश सरकारले यो प्रदेशमा कुनकुन विषय बढी प्राथमिकताका हुन सक्छन् ? त्यसका लागि अनुसन्धान चाहिन्छ होला ! प्राविधिक चाहिन्छ होला ! प्रायः विशेषज्ञ टोली चाहिन्छ होला ! त्यो विषयमा पनि यो विधेयकले खास केही बोलेको छैन त्यसकारणले गर्दाखेरी कहाँ विधेयकको कुनै दफामा यसको व्यवस्था भएको पाइएन । देखाजायेगा भन्ने जस्ता तरिकाबाट विधेयक आएको छ र त्यसको कुन पालिकामा कस्तो प्रकारको खेती प्रबर्द्धन गर्ने ? त्यसका लागि आवश्यक प्रविधिका आधारमा गण्डकी प्रदेश सरकारको कुनै चाँसो नहुने भन्ने विषय त रहदैन होला ? त्यसकारण यो त हद भएन र मन्त्रीज्यू ? अनुसन्धान नै नगरी केमा कहिले कसरी आएको भन्ने त राम जानुन् भन्नी जस्ता कारणले यो विषयमा अनुसन्धानको पाटोलाई हामीले ध्यान दिएर जानुपर्ने म यसलाई मुख्य रूपमा राख्नुपर्छ भन्ने मेरो सुझाव रहेको छ र कृषकले उत्पादन गरेको ताजा कृषि उपज यसको पौष्टिकतालाई ध्यान दिँदै यसको ग्रेडिङ र प्याकेजिङको आवश्यकता छ । गण्डकी प्रदेशमा उत्पादित तत्वको ब्राण्ड पनि आवश्यक हुन्छ होला ?हामीले आत्मनिर्भर तथा निर्यातमुखी कृषि अर्थतन्त्रको ओकालत गरिरहेका छौं भने प्रदेश सरकारको ग्रेडिङ र प्याकेजिङको पनि आवश्यकता औंल्याउँनु पर्छ भन्ने मलाई लाग्छ र यसलाई पनि समावेश हुनुपर्छ मैले त्यहाँ विधायनसमितिमा पनि मैले यो विषयमा आवाज उठाएको थिएँ । खासै यो विषयमा त्यस्तो कुनै प्रकारको पनि जवाफ नपाएको कारणले गर्दाखेरी यहाँ पनि राख्नुपर्छ होला भन्ने मलाई लाग्छ किनभने हामीले भोलि निर्यात गर्ने कुरा गरिराखेका छौं निर्यात गऱ्यौं भनेदेखि हाम्रो सामान हामीले उत्पादन गरेका

हाम्रा ठाउँमा कृषकहरूले उत्पादन गरेको त्यो आज कृषि उपजहरू ब्राण्ड भएर गयो भने यसले पक्कै पनि मार्केट पाउन सहज हुन्छ त्यसकारणले गर्दा खेरी यो विषय पनि राख्नुपर्छ भन्ने मैले सुझाव दिन चाहन्छु ।

यो संकलन केन्द्रको विषयमा खासै त्यस्तो ठोस रूपमा आएको छैन । यो संकलन केन्द्र राख्ने भन्ने विषय मात्रै छ तर कहाँ नेर राख्ने ? कति राख्ने ? भन्ने विषयमा त्यस्तो प्रकारले ठोस रूपमा आएको छैन । ठोस रूपमा आए राम्रो हुन्थ्यो किनभने स्थानीय तहले सहयोग संकलन केन्द्र भनेर आएको भए विधेयकको अझै बढी प्रभावकारिता हुन्थ्यो कि भन्ने मैले महशुस गरेको छु र कतिपय विषयहरू छन् जुन अमूर्त रूपमा आएका छन् । जस्तै हामीले कृषकहरूलाई एउटा न्यूनतम समर्थन मूल्य तोक्ने भन्ने गरेका छौं तर अर्को विमा दिने कुरा गरेका छौं । जो कृषकहरूले सोझै आँखाले देख्ने विषयहरू हुन् । त्यो विषयमा अमूर्त रूपमा आउँदा खेरी यो विषयले त्यति सान्दर्भिक रहेनकी भन्ने मेरो आफ्नो विषय रहेको छ । र यी विषयमा हामीले सक्छौं भने यी विषयलाई सच्चाएर जाँदा खेरी तोकिए बमोजिम किन राख्नु पर्‍यो र धेरै ? हैन त्यसकारणले गर्दा यी विषयहरूलाई सच्याउनको लागि अनुरोध गर्दै मेरो केही आफ्ना भनाइहरू यही अन्त्य गर्न चाहन्छु धन्यवाद !

माननीय सदस्य, श्री मधु अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुख महोदय, आज हामी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रीज्यूले यस गरिमामय सदनमा प्रस्तुत गर्नुभएको कृषिसम्बन्धी जो विषयवस्तु प्रस्तुत गर्नु भएको छ । यो विषय पृष्ठभूमिमा अथवा सुरुमै यो विधेयकको प्रस्तावनामा नै धेरै विषयवस्तु उल्लेख भएको महसुस गरेको छु । कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरी उत्पादक तथा उत्पादकत्व गर्ने तथा स्वस्थ र स्वच्छ कृषिको उपजता सुनिश्चितता गरी खाद्य सुरक्षाको प्रत्याभूत गर्न यो विधेयक जो जारी भएको छ । र यो असाध्यै महत्वपूर्ण विधेयक हो । हाम्रो पूर्ववक्ता माननीयज्यूहरूले धेरै विषयवस्तुहरू राख्नु भाको छ । हाम्रो गण्डकी प्रदेशमा पहाड छ, तराइ छ र असाध्यै उर्भरा भूमि पनि छ । यो क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने भण्डारण गर्ने र बजारीकरण गर्ने । यो कुरालाई ध्यान दिन सक्यौं भने हामीले देखिराखेका छौं र अनुभूति गरिरहेका छौं आज थुप्रै

युवाशक्ति वैदेशिक रोजगारमा पलायन हुनुभएको छ । यसलाई पनि हामीले रोजगार सिर्जना गर्न सक्छौं । यो विधेयकको परिच्छेद १ देखि ७ सम्म ३० वटा बुँदामा असाध्यै मसिनो र मेहनत गरेर सरकारले जुन विधेयक ल्याएको छ । म र मेरो दल सरकारलाई धन्यवाद दिन पनि चाहन्छ । शुरुमा नामदेखि यसलाई कसरी सञ्चालन गर्ने भन्ने सम्म यहाँ कुरा उल्लेख गरिएको छ । परिच्छेद २ मा कृषि उपज उत्पादन क्षेत्र तोक्न सकिने पनि व्यवस्था गरिएको छ । त्यसो गर्दाखेरी खाद्यान्न उत्पादन क्षेत्र, बागवानी उत्पादन क्षेत्र, पशु उत्पादन क्षेत्र, त्यस पछाडि निर्यातमूलक कृषि उपज उत्पादन क्षेत्र र अन्य कृषि उत्पादन क्षेत्र भनेर प्रष्टसँग किटान गरेको छ । तसर्थ हामी अलमलिन पर्छ भन्ने लाग्दैन । यो विषयले वास्तवमा हाम्रो प्रदेशमा भएको गरिबीको पनि अन्त्य गर्न सक्नेछ । यो व्यवसायिक उद्देश्यसहित आएको विधेयक कृषि संकलन, प्रशोधन, भण्डारण, ढुवानी तथा बिक्री वितरण र त्यतिले मात्र नभएर विद्युतीकरण त्योमार्फत समेत गर्न सकिने पनि उल्लेख गरिएको छ । कृषि व्यवसायलाई सुविधा र सहुलियत लिन सक्ने विषय उल्लेख गरिएको छ । न्यूनतम समर्थन मूल्य तोक्नाले आज देखिएको जो व्यापार व्यवसाय छ यसमा एउटा खालको विकृति छ । यो विधेयकले यसको पनि अन्त्य गर्न सक्नेछ । बेरोजगारी युवाहरूलाई प्रोत्साहन गर्न, वैदेशिक रोजगारलाई रोक्न, सुशासनलाई कायम राख्नका निम्ति नभै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सक्ने समृद्धि प्रदेश र सुखी नागरिक बन्न सक्ने पनि यो विधेयकले एउटा खालको बाटो तय गरेको छ ।

यति बेला न्यूनतम समर्थन मूल्य तोक्यो भने बजारमा जुन खालको विकृति आइरहेको छ यसको पनि अन्त्य गर्न सकिन्छ । उत्पादनका साधनका रूपमा रहेको प्रचुर जमिन र दुई तिहाई उत्पाद शक्तिका रूपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी प्रदेशको पूँजीको सिर्जना गर्न सकिन्छ । यसका लागि कृषिको व्यवसायीकरण, आधुनिकीकरण, कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रतिस्थापन प्रवर्द्धन गरी समाज रूपान्तरणको दीशामा अघि बढ्नु आजको आवश्यकता रहेको छ । यसो गर्दा सीमान्तकृत साना उत्पादक किसानहरू लाभान्वित हुन अनिवार्य छ । विद्यमान संरचना कार्य पद्धति परम्परा संस्कार आदत र मान्यताहरू पुरानै रहिरहेको छ । नयाँ संविधानले परिकल्पना

गरेको कृषि विकासको आवश्यकता पूरा गर्न सम्भव हुँदैन यसका लागि व्यवस्थासँगै अवस्था बदल्न आवश्यकता छ । सकारात्मक परिवर्तन आफैंबाट शुरुवात गर्ने प्रतिबद्धता गर्न जरुरी छ ।

कृषि विकासका कार्यक्रमहरू मेरा केही सुझावहरू छन् :

- कृषि विकासका कार्यक्रमहरू छरिएर प्रतिफल आउन नसकिराखेको अवस्था छ,
- समाजको केन्द्रित विकास भन्दा व्यक्तिकेन्द्रित भएको छ,
- सबै किसानलाई एकै प्रकारको सेवा सुविधा र अनुदान दिने विद्यमान व्यवस्थाले साना सीमान्तकृत किसानहरू नसमेटिएका केही गुनासाहरू छन्,
- उत्पादन, भण्डारण र बजारीकरण जो आजको आवश्यकता थियो र यस विधेयकले पनि अन्त्य गर्न सक्ने छ,

आगामी दिनमा अझै मसिनो गरी हाम्रो प्रदेशमा कुन तहमा स्थानीय जो तहहरू छन्, पालिकाहरू छन् कुन ठाउँमा कुन व्यवसाय गर्न सकिन्छ, कहाँ भण्डारण गर्न सकिन्छ ? कहाँ बजारीकरण गर्न सकिन्छ भनेर हामीले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर अगाडि बढ्यौं भने वास्तवमा गण्डकी प्रदेश समृद्ध प्रदेशका रूपमा विकास गर्न सकिन्छ । असम्भव भन्ने कुरा मुर्खहरूको डायरीमा हुन्छ, धन्यवाद, नमस्कार !

माननीय सदस्यहरू, अब म भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापा मगरलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, आज हामी गण्डकी कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको यो विधेयक २०७७ माथि दफाबार छलफलमा भाग लिएका छौं । यस छलफलमा माननीयज्यूहरूले महत्वपूर्ण राय, सल्लाह, सुझाव दिनुभएको छ । म यहाँहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । माननीय सभामुख महोदय, सर्वप्रथम त विधेयकको संवैधानिक कारणको बारेमा थोरै विषय राख्न चाहन्छु :

नेपालको संविधान २०७२ भाग ३ मौलिक हक र कर्तव्यमा रोजगारीको हक, श्रमको हक, खाद्यसम्बन्धी हक, उपभोक्ताको हक सम्बन्धी व्यवस्था भएको छ । धारा ५१ उपधारा (ङ) मा कृषि तथा भूमि सुधार सम्बन्धी नीतिको व्यवस्था भएको यसै धाराको खण्ड १ देखि ५ सम्म कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था भएको, अनुसूची ६ मा प्रदेशको एकल अधिकार सूचीमा बुँदा नं. २० कृषि तथा पशुपंन्छी विकास रहेको ।

कृषि तथा पशुपंन्छीसँग सम्बन्धित केही केन्द्रीय कानूनहरू प्रदेशलाई समेत अधिकारहरू प्रदान गरी निर्माण भएकाले तत्काल हामीलाई आवश्यक र अधिकारको क्षेत्रका विषय मात्रै कानून तर्जुमा गरिएको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई प्रदेश सरकारबाट ३२ बुँदे जिम्मेवारीमा कृषि तथा पशुपंन्छी विकास क्षेत्रमा उत्पादन र उत्पादकत्व विकास गर्न, १ देखि १७ नं. सम्मको बुँदामा जिम्मेवारी प्रदान गरिएको छ । जसमा कृषि उत्पादन खाद्य पोषण र खाद्य सुरक्षा, कृषि औद्योगीकरण उन्नत औजार तथा यान्त्रिकीकरण, कृषि मल बीउ विषादी, कृषि पार्क निर्माण, कृषि फार्म केन्द्रको निर्माण, कृषि अध्ययन अनुसन्धान, तथ्याङ्क संकलन, न्यूनतम समर्थन र मूल्य निर्धारण, कृषकलाई तालिम कृषि विमा, सामूहिक खेती तथा करार खेती लगायतका विषयहरू रहेका छन् । त्यस्तै गरी पशुपन्छी तथा मत्स्य विकासका क्षेत्रमा पशुपन्छी उपजमा उद्योगको विकास, पशुपन्छीजन्य रोग तथा महामारी नियन्त्रण, पशुपन्छी उपजको विभेदीकरण, व्यवसायिक विकास एवं यन्त्रिकीकरण, पशुपंन्छी सुधार, पशुपंन्छी तालिम, तथ्याङ्क, पशुपंन्छी विमा, पशुपंन्छी फर्म स्थापना, चरण खर्कको व्यवस्थापन, पारामेट दर्ता, नविकरण, खारेजी तथा नियमन एवं पशुजन्य औषधि व्यवस्थापन लगायतका विषयहरू रहेका छन् । यिनै जिम्मेवारी पूरा गर्न यस विधेयकको आवश्यकता भएको हो ।

माननीय सभामुख महोदय, अब म माननीयज्यूहरूले उठाउनु भएको विषयमा केन्द्रित हुन चाहन्छु । विशेष गरी ठूला व्यवसायीलाई मात्रै टार्गेट गरिएको छ भन्ने संकेत गर्नु भएको छ माननीयज्यूहरूले । विधेयकको दफा १९(२) बमोजिम कृषि व्यवसायलाई अनुदान उपलब्ध गराउँदा उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गरिने भन्ने व्यवस्था हुनाले विधेयकले साना ठूला सबै व्यवसायलाई

मात्र सपोर्ट गर्ने लक्ष्य राखिएको छ । यस विधेयक अन्तर्गत बन्ने नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरूमा विशेष गरी साना कृषक र उनीहरूको व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्य राखी तयार गरिएका छन् । कृषकलाई निःशुल्क व्याजदरमा ऋणको व्यवस्था हुनुपर्छ भन्नुभएको छ । जिरो टोलरेन्समा विधेयकको दफा ६(१) को क मा कृषि व्यवसायलाई सुबिधा तथा सम्पन्न सक्ने गरी कृषि ऋणमा व्याज सहुलियत दिने दिने व्यवस्था गरिएको छ । र अहिले हामीले ५ प्रतिशतसम्मको गर्न सकिन्छ भनेर मापदण्ड कार्यविधि गरेर कार्यक्रम अगाडि बढाइरहेका छौं । र जहाँसम्म धितो राख्ने कुरा छ । धितो अनुसारको व्यवस्था बैंकको नियम अनुसार हुनेछ । र हामीले धितोको कुरा खासै गर्नु नपर्ला जस्तो लागेको छ हामीलाई । तोकिए बमोजिमका कुराहरू अलि बढी भयोकी भन्ने पनि यहाँ राख्नुभाछ । मुख्यतया प्राविधिक मस्यौदा गर्दा धेरै कुरा समेट्न नसकी विधेयक लामो हुने र अति आवश्यक विषयहरू पछि समेट्नु पर्ने भएको र तोकिए बमोजिम भनेर नियममा तोक्ने गरी प्रबन्ध गर्न कोशिश गरेका हौं । अब कृषक वर्गीकरणको कुरा उठाउनु भाको छ, कृषक वर्गीकरण वास्तवमा खाद्य अधिकार अथवा खाद्य सम्प्रभुता सम्बन्धी ऐनमा नेपाल सरकारले तोकिए बमोजिमको परिचालन गरेर गर्ने, स्थानीय तहमा कुनै पनि परिचयपत्र जारी गर्ने समेत भएको हुनाले हामीले यस विधेयकमा राखेका छैनौं र उक्त विधेयकमा सामाजिक सुरक्षा कार्यक्रमसमेत त्यहाँ राखिएको छ । त्यसैले दोहोरो हामीले नगर्ने हिसाबले कृषक वर्गकरणको दफालाई हामीले हटाएका हौं । यो वर्गीकरण पछिको वितरण कार्यक्रम हामीले अगाडि बढाएका छौं र बढाउन सक्ने व्यवस्था रहेको छ । कृषि बजारको प्रबन्ध गर्दा विचौलियाको विषय उठाउनु भएको छ । वास्तवमा कृषि बजारको स्थापना संचालन तथा व्यवस्थापन सम्बन्धमा विधेयकमा प्रतिस्पर्धात्मक बजार प्रणालीको अनुरूप व्यवसायिक कृषि गर्नुपर्ने व्यवस्था गर्दै यस्ता खालका उपभोक्ताको इच्छा विपरित हुने कुनै प्रकारको प्रभाव पार्ने, बजारमा प्रतिकुल प्रभाव पार्ने र मिलेमतो गरी मूल्यमा अस्वभाविक घटीबढी गर्ने गराउने कार्यलाई निरुत्साहीत गर्न बजारमा नियमन तथा सजायको व्यवस्थासमेत गरिएको छ । जसबाट बजारमा विचौलीयाबाट हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा समेत नियन्त्रण हुने देखिन्छ । अब आगामी नियमावलीमा के गर्न सकिन्छ भने पूरै किसानलाई बजारमा जोडिने व्यवस्थापन मिलाउन सकिन्छ । त्यही अनुसार हामी मिलाउने

प्रतिबद्धता व्यक्त गर्न चाहान्छु । लिज करारमा हामीले बाँझो जग्गाको उपयोग गर्ने व्यवस्था पनि हामीले व्यवस्थित गर्न कोसिस गरेका छौं । देवानी विधि संहिताले पनि लिज सम्बन्धीको व्यवस्थापन गरेको छ । यसलाई हामीले हाम्रो आवश्यकताको आधारमा व्यवस्थित गर्न कोसिस गरेका मात्र छौं । अब कृषि क्षेत्रमा हामी अनुदानको बारेमा अलिकति बढी नक्कली किसानले टाठाबाठा बढीले प्राप्त गरे । अनुदान नलिई केही समस्याहरू पैदा भइरहेको छ । भन्ने बारेमा हामीले यस ऐन निर्माण गरेर सबै काम कार्वाहीलाई व्यवस्थित गर्ने योजना बनाएका हौं । त्यसैले हामीले अनुदानको च्याप्टर विधेयकको दफा १९ मा अनुदान सम्बन्धी प्रबन्ध मिलाएका छौं । यसमा मुख्य गरी हामीले कृषि व्यवसायमा अनुदान उपलब्ध गराउँदा उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गर्ने गरी विधेयकको दफा १९ को उपदफा २ मा उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिएको छ । जसबाट उत्पादनमा प्रत्यक्ष संलग्न सहकारी लाभान्वित हुन सक्ने छन् र नक्कली किसानले अनुदान पाउने समस्या हल भएर जाने छ । विधायन समितिको निर्णय बमोजिम दफा १९ को उपदफा ३ थप गरिएको छ । जसमा साना कृषकलाई पनि हामीले प्रोत्साहन गरिनेछ भन्ने व्यहोरा मिलाएका छौं र यसलाई हामीले अब साना किसानहरू, गरीब किसानहरू लाभान्वित हुने विश्वास हामीले लिएका छौं । कृषि बीमाका बारेमा हामीले दफा ८ मा प्रस्तुत गरेका छौं । कृषि पशुपंन्छी सबैलाई अनुदानको व्यवस्था गर्ने कार्यक्रम हामीले राखेका छौं । विवरणसम्बन्धी यो कार्यक्रममा पनि हामीले व्यवस्था गर्ने सोचका साथ यसलाई व्यवस्थित गरेका छौं । चक्लाबन्दीका बारेमा हामीले मुख्य गरी दफा १८ मा कृषि योग्य जग्गाको चक्लाबन्दी गर्न सक्ने व्यवस्था गरेका छौं । र यसको अरु नै विषयवस्तुका बारेमा हामीले नियम निर्देशिका अथवा मापदण्ड बनाएर व्यवस्थित ढङ्गले अगाडि बढाउनु पर्ने भएको हुनाले हामी नियमावलीमै व्यवस्था गर्ने सोच बनाएका छौं यसमा । त्यसैगरी वस्तुहरूको उत्पादन संगठन तोक्ने भन्ने व्यवस्था गरेका छौं । जो केन्द्रले तोकिएको अवस्था छ । तिनीहरूले तोकिएको भन्दा बाहेक हाम्रो प्रदेशको सापेक्षतामा तोक्नु पर्ने त्यस्ता उत्पादनहरूको हकमा हामीले हाम्रो प्रदेश सरकारबाट पनि तोक्न सकिने हामीले व्यवस्थापन गरेका छौं ।

त्यस्तैगरी हामीले दण्ड र पुरस्कार सम्बन्धी व्यवस्थासमेत हामीले मिलाएका छौं । दफा ९ मा कृषि व्यवसाय प्रबर्द्धन समितिको व्यवस्था गरेको अवस्था छ । जसमा

माननीयज्यूले राख्नुभएको विषय यो उपसमिति जरुरी छैन कि ? भन्ने कुरा राख्नु भएको छ । हामीले त्यसमा उपदफा ४ मा आवश्यक भएमा मात्र भन्ने कुरामा भन्ने कुरा राखेका छौं । आवश्यक भए उपसमिति गठन गरिन्छ । नभए उपसमिति गठन गरिन्न । यसले आवश्यक भएमा उपसमिति गठन गर्ने व्यवस्था मिलाइएको छ । अनि अनुगमनको पाटोमा दफा २० मा प्रदेश सरकारले अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाएका छौं । प्रदेश सरकार मातहतको सबै मन्त्रालयहरूको अनुगमन गर्ने अधिकार स्वतः हुन्छ र त्यसकारण पनि हामीले यहाँ व्यवस्था गरेका हौं । र अन्य व्यवस्था पनि यसलाई थप पनि व्यवस्थित गर्दै जान सकिन्छ । अनुसन्धान समितिको विषयमा हाल केन्द्रीय ऐन बमोजिम हामीले केन्द्रीय अनुसन्धान काम अगाडि बढाउन सकिन्छ । यसमा हामीले अर्को विधेयक निर्माण गर्ने अवस्था भएको खण्डमा यसलाई बेसी गर्न सकिन्छ कि भन्ने लाग्छ । यो व्यवसाय प्रबन्धसँग विधेयक बढी सम्बन्धित भएको सबै कुराहरू यहाँ समेट्न नसकिएको व्यहोरा म हार्दिक अनुरोध गर्न चाहन्छु ।

अन्तमा, गण्डकी प्रदेशमा दूध, मासु, तथा अण्डामा आत्मनिर्भर भएका छौं । माछा, तरकारी तथा फलफूल क्षेत्रमा व्यवसायिक तीब्र गतिमा भइरहेको छ । यस विधेयक निर्माण भए पश्चात सम्पूर्ण कृषि पशुपंन्छी तथा मच्छ व्यवसायको आधुनिकीरण, विविधिकरण र व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । स्वस्छ र स्वस्थ कृषि उपजको उपलब्धी सुनिश्चित गर्दै संविधान प्रदत्त खाद्यान्न सुरक्षाको प्रत्याभूति गर्न सकोस् भनी विश्वास लिएको छु । यस विधेयक उपर महत्वपूर्ण सल्लाह, सुझाव प्रदान गर्नुहुने माननीय मुख्यमन्त्रीज्यू, सभामुखज्यू, मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरू, कर्मचारीज्यूहरूलगायत विषय विज्ञ तथा सरकारवाला सबैमा महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्राप्त कतिपय राय तथा परामर्शहरूलाई आवश्यकताअनुरूप नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डमा समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । धन्यवाद !

माननीय सदस्यहरू, अब यो छलफल यही समाप्त हुन्छ ।

अब म प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदन सहितको संशोधन क्रम संख्या १ देखि ४ सम्म उल्लेखित संशोधनलाई निणयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ४ सम्म उल्लेखित संशोधन सर्वसमितिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ४ सम्म उल्लेखित संशोधन प्रदेश कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक अंग बनोस् भनी निणयार्थक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ प्रदेश कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायनसमितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ४ सम्म उल्लेखित संशोधन सर्वसमितिले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यज्यूहरू, अब म विधेयकको १ देखि २८ सम्म र अनुसूची १ देखि २ सम्म प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक अंग बनोस् भनी निणयार्थक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ विधेयकको १ देखि २८ सम्म र अनुसूची १ देखि २ सम्म सर्वसमितिले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यज्यूहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु-

प्रस्तावना

कृषि क्षेत्रको आधुनिकीरण, विविधिकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न तथा स्वस्थ र स्वच्छ कृषि उपजको उपलब्धता सुनिश्चितता गरी खाद्य सुरक्षाको प्रत्याभूति गर्न गण्डकी प्रदेशमा कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ

१) यस ऐनको नाम प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७७ रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनी निणयार्थक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसमितिले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय प्रमुख भूमि व्यवस्था सहकारी मन्त्री श्री लेखबहादुर थापा मगरलाई प्रदेश कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्ने अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज १६ गते बसेको बैठकमा प्रस्तुत भई विधायन समिति दफाबार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदनसहित प्रदेश कृषि व्यवसायी प्रबर्द्धन समिति प्रवर्द्धन सम्बन्धी बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम नियम १२२ बमोजिम समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भनी प्रस्ताव गर्दछु ।

मिति: २०७७/६/२६

लेखबहादुर थापा मगर

भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री,

धन्यवाद !

माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निणयार्थक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस्

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस्

हुन्न भन्ने आवाज सुनियन तसर्थ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय प्रदेश सभा सदस्य श्री हरिशरण आचार्यलाई सभालाई सम्बोधन गर्न समय उपलब्ध गराउँछु ।

माननीय सभामुखज्यू, हाम्रो मुलुक मात्रै होइन, विश्वकै एउटा महामारीको रूपमा देखा परेको कोभिड १९ कोराना भाइरसका कारण नेपाल र विश्वमा गरी धेरै जनताको मृत्यु भइराखेको छ । धेरै नागरिकहरूको मृत्यु भइरहेको छ र यो विषयवस्तु हाम्रा लागि चिन्ताको विषय पनि हो । हाम्रो मुलुकका लागि चिन्ताको विषय पनि हो । त्यो विषयको हिसावले हाम्रो प्रदेश अरु प्रदेशको तुलनामा कम त होला तर पनि फेरि महामारीको रूपमा आइरहेको यो बेला सबै चुनौतीहरूलाई सामान गर्नुपर्ने परिवेश बनिराखेको छ । यो बेला त्यो महामारीमा परि विभिन्न हिसाबले जो नगारिकहरूको मृत्यु भइराखेको छ उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र साथै सबै परिवारलाई स्वस्थ रहन र स्वस्थ वातावरण कायम गर्न सम्पूर्ण नागरिकहरूको कर्तव्यलाई पूरा गर्नका लागि म आग्रह गर्न चाहन्छु र बाढीपहिरोबाट अथवा प्राकृतिक विपतिबाट हाम्रो प्रदेशमा अर्थात देशैभरि धेरै ठूलो जनधनको क्षति भएको छ । बाढीपहिरो र प्राकृतिक विपतिमा परेर मृत्यु हुने नागरिकहरूलाई दलकातर्फबाट श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र मृतकका आफन्तहरू सबैमा परिस्थितिलाई सामना गर्न सक्ने एउटा चुनौंतीलाई सामना गर्न सक्ने एउटा शक्ति प्राप्त होस् अथवा एउटा क्षमताको परिस्थिति निर्माण होस् म कामना गर्न चाहन्छु । र आज हामीले बाढीपहिरो विपत्मा परेकाहरूको कतिपयको अहिले पनि त्रिपालमा बसिरहेको हामीले भेटिरहेका छौं ती त्रिपालबाट हामीले ती जनतालाई पुर्नवास गर्न सक्ने परिस्थति बनेको छ कि छैन हाम्रो अगाडि एउटा चुनौती बनेको छ यो वर्ष हाम्रो प्रदेशमा शायद बाढी पहिरोबाट । पीडामा छट्पटिएका नागरिकहरू जो ती घरहरू विस्थापितमा परिराखेका छन् ती विस्थापितहरूलाई स्थापित गर्ने ती योजना बनाएर हामीले हाम्रो कार्यक्रमलाई व्यवस्थित गर्ने अहिलेसम्म पनि प्रदेशको सरकारको त्यो खालको एउटा ठोस खालको गुरुयोजना बन्न सकेको मैले पाएको छैन । यो ठोस गुरुयोजना बन्न नसक्नाको कारण आज हामीले बजेट कसरी विनियोजना गर्दै छौं । ती विपत्मा परेकाहरूलाई राहत कसरी वितरण गर्दै छौं । आज हामी एकछिनका लागि मलमपट्टी लगाउने एउटा थोरै पर्यत्न मात्र गरेका छौं तर त्यो विषयवस्तुलाई साच्चै राहत मात्रै होइन, पुनर्वासको व्यवस्था गर्ने पुनर्स्थापित गर्ने यो खालको

व्यवस्था हामीले अहिलेसम्म पनि गर्न नसक्ने प्रदेश सरकार र हामी सबै दुःखद परिस्थितिमा गुज्रिराखेका छौं भन्ने कुराको एउटा राम्रो नमूना उदाहरण हो । त्यसैले गर्दाखेरी सायद प्रदेश सरकारले अहिलेसम्म पनि न त्यसको बजेटको विनियोजन गर्न सकेको छ । न त्यसको एउटा कार्यक्रमको योजना बनाउन सकेको छ, न अहिलेसम्म पुनर्स्थापित गर्ने जनताको एउटा प्रतिवेदन नै बनाउन सकेको छ । अहिलेसम्म त्यसको एउटा आधार पनि तयार गर्न नसक्नु सबभन्दा पीडादायी क्षण हो । त्यसैले प्रदेश सरकारले यसलाई कति गम्भिरताका साथ लिएको छ भन्ने कुरा आम जनताले अनुभूत गरिरहेको छन् । यसैले प्रदेश सरकारलाई यो विषयमा गम्भिर हुन म विशेष आग्रह गर्न चाहन्छु ।

आज हामी यो मुलुकमा हेरिराखेका छौँ कि हामी राष्ट्रियताको सबालमा हाम्रो नेपालको एउटा विस्तारित नक्सा केही समय अगाडि संघीय संसदबाट पारित भएर थोरै भए पनि विस्तारित नक्सा त्यसले आधिकारिक रूपमा त्यसलाई नेपालको राष्ट्रिय नक्साका रूपमा अगाडि बढायो तर आज त्यो नक्सा हामीले प्रत्येक विद्यार्थीहरूले पढ्न पाउने किताबमा हामी छाप्न किन रोक्दै छौँ ? प्रत्येक नागरिकहरूले हेर्ने ती भित्ताहरूमा हामीले त्यो नक्सालाई किन रोक्दै छौं । त्यो भित्र राष्ट्रियता र मुलुकको सार्वभौमसत्ताको विषयवस्तुमा हामी कति गम्भिर बनेका छौं ? आज हामीले ती विद्यार्थीहरूलाई संसदबाट त हामीले पारित गर्दै छौं । हामी राष्ट्रको एउटा नयाँ नक्सा पारित गरिराखेका छौं । जसले हाम्रो भूमि मिचेको छ भूमि मिच्नेहरूलाई हामीले च्यालेन्ज गरिराखेका छौं । तर आज हामी राष्ट्रियताको नाममा हामी विद्यार्थीहरूलाई के पढाउने हो ? हामीले नयाँ नक्सा पढाउने हो या पुरानो नक्सा पढाउने हो हाम्रो अगाडि चुनौती छ । मलाई यति कुरा याद छ, हिजो हाम्रो त्यो नक्सा नेपालको नक्सा हामी छाती फूलाएर गर्वका साथ हामीले आत्मसम्मानका साथ त्यसलाई लिन्थ्यौं तर त्यही आत्मसम्मान र गौरवको कुरा आज हाम्रा किताबहरूमा छाप्नका लागि किन प्रतिबन्धित गर्न खोजिरहेका छौं ? किन रोखिराखेका छौं ? यो विषयवस्तु चाडै आफूलाई राष्ट्रियताको हिमायती मान्नेहरूले आफूलाई राष्ट्रियताको सबैभन्दा ठूलो पहरेदार मान्नेहरूले आज एकापट्टी नक्सा पास गरेको जस पनि लिँदै गर्ने अर्को पट्टी रोकेर फेरि नागरिकको सार्वभौमिक अधिकारमाथि कुन्ठित पनि गर्दै गर्ने यो कस्तो राष्ट्रवाद हो । यसैले म यहाँ भन्न चाहन्छु आज यो राष्ट्रियताको मोडल हामीले

कस्तो विकास गर्न खोज्दैछौं ? मैले कोइसन गर्न चाहन्छु । आज सरकारले आफूलाई दुई तिहाइको घोडचडी मान्ने, अनि गर्वका साथ यो मुलुकको शासन गरिराख्ने सरकारले आज त्यो ठाउँबाट कसरी अनुरोध गरिराखेको छ मैले अलिकति यो दिशातिर केन्द्रित छन् । आज यो राष्ट्रियताको कोइसन हामी नक्कली राष्ट्रवादको हामी नयाँ संकेत दिँदै छौं या हामी सक्कली राष्ट्रवादको उदाहरण दिँदै छौं । के दिँदै छौं भन्ने विषयमा हामी छलफलको विषयमा जान जरुरी छ भन्न चाहन्छु ।

आज यो मुलकुमा धेरै विषयवस्तुहरू उठिराखेका छन् । भ्रष्टाचार र सुशासन बीचको अन्तरविरोध के हो ? हामी एकापट्टी सुशासन कायम गर्ने कुरा गरिराखेका छौँ अर्कोपट्टी भ्रष्टाचार दिनदिँदै बढिरहेको छ । यो पनि यस्तो बढि राखेको छ हामी भ्रष्टाचार हुन पनि दिँदैनौं । भ्रष्टाचारलाई शून्य सहनशीलता कायम गरेर हामी आफूँ पनि गर्दैनौं भन्ने जुन सपना त्यो भित्ता भित्तामा टास्नेहरू आज सबैभन्दा धेरै भष्टाचारी भएका छन् । जसले कानून बनाउँछ आज त्यही मान्छे भ्रष्टाचारको एउटा कानून भित्र आफैं जेलमा जानुपर्ने परिस्थिति सिर्जना भएको छ । जो भ्रष्टाचार गर्ने निकाय छ, भ्रष्टाचार नियन्त्रण गर्ने निकाय छ, त्यही भ्रष्टाचार नियन्त्रण गर्ने निकाय आफँ त्यहीँको पदाधिकारीहरू आफैं भ्रष्टाचारी भएर जेल जाने परिस्थिति सिर्जना भएको छ । हामी कस्तो कानून र कस्तो प्रक्रिया अगाडि बढाइराखेका छौं ? कस्तो निकाय बनाइराखेका छौं । हामी यतातिर पनि सुशासनका निमित्त साच्चै हामीले यो मुलुकलाई सभ्य र सुशाशित मुलुक बनाउन चाहन्छौं भने आज हामीले यो दिशातिर पनि छलफल गर्न आवश्यक छ । यसो गर्दै गर्दा आज मुलुकमा भ्रष्टाचारको अन्त्य गर्ने कुरा हाम्रा लागि सबैभन्दा ठूलो चुनौतीको कुरा छ । भ्रष्टाचारलाई नियन्त्रण गर्ने कुरा हाम्रो सबैभन्दा ठूलो चुनौतीको कुरा छ । आज कोभिडको यो प्रक्रियामा यति ठूलो भ्रष्टाचार भइरहेको छ आज हामी देखिरहेका छौं । आज हामी मेसिन खरिद गरिराखेका छौं तर त्यो मेसिन लगेर कोठामा थन्काएर राखिएको छ । आइसियु, भेन्टिलेटर अथवा के-के मेसिन हो, पीसीआरका यी सबै कुराहरू कोठामा लगेर थन्क्याइएको छ । आज जनताले उपचारको बेलामा नपाएको भेन्टिलेटर कहिले त्यो काम लाग्छ ? आज जनता आइसीयुबाट भेन्टिलेटरमा सार्नुपर्ने विरामीको परिस्थिति छ तर त्यो भेन्टिलेटर नजोडिएको कारणले जनताका छोराछोरी मर्नुपर्ने,

जनताले मृत्युवरण गर्नुपर्ने परिस्थिति सिर्जना भएको छ । अथवा भेन्टिलेटर कहाँ छ भनेर खोज्दै खोज्दै जाँदाखेरी बाटैमा मृत्यु हुने परिस्थिति सिर्जना भएको छ । यो परिस्थतिका निमित्त यसलाई कसरी सामना गर्ने भन्ने कुराको विषयवस्तुको सरकारसँग अहिलेसम्म कुनै पनि योजनाहरू तथ्य र सत्य आधारमा टेकेर आइराखेको मैले पाएको छैन । आज मैले एउटा एक्जाम्पल मैले गोर्खा जिल्लामा एउटा हस्पिटलमा अहिले पनि एउटा भेन्टिलेटर, २ वटा आइसीयु बेड छ तर त्यो एउटा भेन्टिलेटर अस्तीमात्रै एकजना मान्छे बिरामी भएर चितवन मेडिकल कलेजमा लिएर गएर आइसीयुमा उपचार गर्नुपर्ने भयो । अहिले भेन्टिलेटर राख्न त्यहाँबाट गण्डकी हस्पिटलमा ल्याउनुपर्ने परिस्थिति सिर्जना भइराखेको छ । यस्ता कैयौं घटनाहरू सायद सबै जिल्लाहरूमा छन् होला । यी सबै कुराहरूलाई हामीले कसरी सामना गर्न सक्छौं र हामीसँग के छ योजना ? यो सबै सामना गर्न सक्ने तागत कसरी पैदा गरेर ल्याएको छ सरकारले ? त्यो तागतको हिसाबले भन्नुहुन्छ भने मुख त धेरै बलियो रहेछ तर मुखको त्यो बोलीलाई पूरा गर्ने अहिलेसम्म केही पनि भएको छैन भन्ने मेरो अनुमान हो । अर्को कुरा हामी अहिले जो मेडिकलका विषयहरूमा अथवा काठमाडौ भ्याली भन्दा सहर भन्दा गाउँमा मेडिकल कलेजहरू खोल्ने विषयमा यी मेडिकल विषयसँग सम्बन्धित रहेछ, जहाँ भ्रष्टाचार भएको छ । जहाँ अपारदर्शीता भएको छ ती विषयहरूलाई एउटा सत्याग्रही डा. गोविन्द केसीले जुन ढंगले उठाउनु भयो ती विषयवस्तुहरू आज पनि जेनुन विषयवस्तुहरू छन् । आज हामी हेर्दाखेरी आज एक जना डाक्टरको राजिनामा माग्दा अर्को हस्पिटलका मान्छेहरूलाई किन टाउको दुख्छ ? किन ज्वरो आउँछ ? डाक्टर दिव्यासिंह शाहको राजीनामा मागिन्छ तर अर्को मनमोहन हस्पिटलका मान्छेहरूलाई टाउको दु:ख्छ ज्वरो आउँछ । कारण के भइराखेको छ ? किन दुख्छ कारण के छ त्यो भित्र ? आज यी सबै कुराहरू हेर्दै जाँदाखेरी यहाँ भित्र पनि ठूलो भ्रष्टाचार छ भन्ने कुराको राम्रै उदाहरण देखिन्छ । अर्को हामी यो पनि देख्न सक्छौं की भर्खैरै एउटा राष्ट्रिय चर्चामा आइरहेको बुढीगण्डकी, राष्ट्रिय चर्चामा आइरहेको बुढीगण्डकी भ्रष्टाचारको विषयवस्तु हो । अहिले वहालवाला, पूर्व सबै सबैलाई समेट्ने गरेर पूर्व प्रधानमन्त्रीले सार्वजनिक गर्नुभएको छ । आज तालिका गालिका विषयवस्तु पनि बनिराखेका छन् । ९ अर्बका विषयवस्तु आज सबैले ३-३ अर्ब बाँडीचुडी गरेका विषयवस्तु केन्द्रित भइराखेका छन् । आज ती विषयवस्तुहरू

एकातिर सबै मानिसहरूले हामीले भ्रष्टाचार गऱ्यौ कि गरेनौं भनेर खोज्दै जाने तर आज रोष्टममा उभिएर पूर्व प्रधानमन्त्रीले, सबै पूर्व प्रधानमन्त्रीहरूदेखि, प्रधानमन्त्रीहरू सबैको सम्पत्ति छानविन गर भनेर यो गर्न आवश्यक छ गर भनेर भन्दाखेरी आज तिनै राज्यका कुनै निकायले त्यसको छानविन गर्न तयार हुँदैन ? आज के कारण छ यदि गर्छ भने त्यहीबाट आउँछ भ्रष्टाचार । आज हामी देख्छौं कुनै पनि सांसद, कुनै पनि मन्त्रीका पनि आज चप्पल लगाएर हिँड्दै गर्दा खेरी हिजो गाउँका खोरीयाहरूमा हिँड्दै गर्दाखेरी खोरिया फाँडेर आफूँले कृषि उत्पादन गरेर त्यहाँबाट उत्पादन भएको खाएको मान्छे आज काठमाडौंमा, ठूल्ठूला सहरहरूमा, ठूल्ठूला महलहरू बन्न सक्ने आधार कसरी बनिराखेको छ ? यी सबै कुरालाई हामीले छानविन गरेनौं भने आज यो मुलुकमा भ्रष्टाचार नियन्त्रण कसरी हुन्छ ? आज त्यो भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरू विभिन्न संघसंस्थाहरू कहाँ छन् ? कहाँ लुकेर बसेका छन् ? ती सबैले अहिले चोचोमोचो मिलाएर तैचुपमैचुप भएर बसिराखेको यो स्थितिमा भ्रष्टाचारको विषयवस्तु नौ, नौ अर्ब रूपैयाँ विवादित कम्पनी चाइनिज कम्पनीलाई नेपालको आफ्नो शान छोडेर, नेपालको आफ्नो निर्माण कम्पनीहरूलाई छोडेर, जो विवादित कम्पनी छ विदेशी कम्पनीलाई निर्माण गर्न दिने अनि त्यहाँबाट कमिसन लिएर फेरि यो नेपालमा भ्रष्टाचार गरेर यो मुलुकलाई कंगाल बनाउने यो भन्दा अरु के भएको छ ? हिजो पञ्चायतहरूले, हिजो पञ्चहरूले सायद लाखमा भ्रष्टाचार गरे होलान, हिजो त्यो भन्दा पछाडि बहुदल आइसके पछाडि अरु पार्टीहरूले करोडमा भ्रष्टाचार गरे होलान, करोडमा भ्रष्टाचार गरेर भ्रष्टाचारको विषयलाई डामिएर उहाँहरू जेलमा गएर बसेर पनि त्यो जेल भुक्तानी गरिरहेको परिस्थिति पनि छ । अहिले आएर फेरि आफूलाई सबैभन्दा क्रान्तिकारी र सर्वहारा भन्ने पार्टीका कतिपय नेताहरू अरबौंको भ्रष्टाचार, टेपरेकडरदेखि लिएर सबै कुरामा आइराख्दा पनि सबै कानूनी प्रमाणहरूसहित आउँदा पनि आज ती सबै चिज किन लुकाई राखिएका छन् ? किन पछाडि सारिएका छन्, किन टेबुलमुनि थन्क्याइएका छन् ? अनि भ्रष्टाचार कसरी नियन्त्रण हुन्छ ? के कारणले यो भइराखेको छ ? माननीय सभामुखज्यू मैले राष्ट्रिय परिस्थतिकै विषयमा अलिकति थोरै बोलेर यो विषयमा बोल्न लागिरहेको छु । त्यसो भएको हुनाले आज हाम्रो यो गण्डकी प्रदेशको विषयवस्तुमा पनि सभामुखसँग अनुमति माग्न चाहन्छु । त्यसैले आज हामीले राष्ट्रिय परिस्थितिको

हिसाबले आज भ्रष्टाचार नियन्त्रण गर्ने स्थितिमा हाम्रो प्रदेश छ कि छैन ? आज हामीले हाम्रो सरकारलाई त्यो दिशातिर लैजान सकिराखेका छौं कि छैनौ ? हामी हाम्रा काम कारवाहीलाई पारदर्शी बनाउन सकिराखेका छौं कि छैनौं ? यो विषयवस्तु गम्भीर प्रश्न हो त्यसैले गर्दाखेरी म राख्न चाहन्छु कि, आज हामीले हाम्रो भ्रष्टाचार नियन्त्रण गर्ने हाम्रो कामलाई किन दह्रोसँग उभ्याउन सकिराखेका छैनौं ? यो चुनौती पनि हाम्रो प्रदेशमा पनि केही न केही जोडिएको छ । आज प्रदेश सरकार र सरकारले आज मैले संसदको अनुभूति के राख्न चाहन्छु भने हामीले हेर्दाखेरी संसदमा सरकारको अलिकति अनुत्तरदायित्व बढेको मलाई अनुभूति भइरहेको छ । किनभने संसदप्रति उपस्थिति हुने कुरा, मन्त्रीज्यूहरूको उपस्थितिको कुरा यो सबै कुराहरूलाई हेर्दाखेरि कहिलेकाहीँ डेढ दुई महिना पनि उपस्थिति नहुने खालको परिस्थिति सिर्जना भइराखेको छ । यी कुराहरूप्रति अलिकति संसदप्रति सरकारको उत्तरदायित्वलाई अलि कम भएको अनुभूति मलाई भइराखेको छ । त्यसैले गर्दाखेरी आगामी दिनमा हामी यो बीचमा, यो अधिवशनको बीचमा पनि हामी त्यो अनुभूति गरिराखेका छौं त्यसैले हामीलाई कम्तिमा सरकार, ससद बीचको अन्तरविरोधलाई हल गर्ने र यो भित्र रहेका समस्याहरूलाई पनि उजागर गरेर त्यो भित्रका अन्तरविरोधहरूलाई ठिक ठंगले हल गरेर अगाडि बढ्ने विषयलाई मिलाएर जान जरुरी छ मैले यतापट्टी पनि सरकारसँग विशेष आग्रह गर्न चाहन्छु ।

हामी अहिले यो नदी कटान र मन्त्रीज्यूको काम, कर्तव्य र अधिकारका विषयवस्तुहरू, बाढी पहिरो र अनि योसँग सम्बन्धित विषयवस्तुहरू त्यतातिर थोरै उजागर गर्न खोजिराखेको छु कि, आज मैले के अनुभूति गरिराखेको छु भने सबै जिल्लाहरूमा करिब अब त्यो बाग्लुङ, म्याग्दी, गोर्खा, लमजुङ, तनहुँ यी जिल्लाहरूमा अल्ली बढी बाढी पहिरोले जनताको घरवासलाई अस्तव्यस्त बनाइराखेको छ । मैले अनुभूति गर्न चाहन्छ । आज गोर्खा जिल्लाको माननीयज्यूहरू, मन्त्रीज्यूहरू हुनुहुन्छ तर गोर्खा जिल्लाको सबैभन्दा ठूलो क्षती भएको त्यो आसपासका भाग, पालुङटार नगरपालिकाको १,९, १० अनि गोर्खा नगरपालिकाको १२, १३ र १४ नम्बर वडाका धेरै क्षती भएका ती भागहरू सायद गोर्खा जिल्लाको ठूलो क्षतीमा पर्छ मानवीय क्षति भएन होला तर करिब ३ हजार रोपनी जमिन अहिले खोलाले कटान गरेर किसानलाई अस्तव्यस्त बनाइराखेको

छ । यो परिस्थितिमा अहिलेसम्म त्यही जिल्लाका त्यहीबाट निर्वाचित मन्त्रीज्यूहरूको उपस्थिति नहुनु बढो दुखद कुरा छ । त्यसैले विशेष गरी सरकारलाई यतातिर पनि ध्यान दिन आग्रह गर्न चाहन्छु । अन्त्यमा आज हामी यो अधिवेशनको अन्त्य अन्त्यतिर आइपुगि राख्दा खेरी मलाई के भइराखेको छ भने, हामी सरकार र विभिन्न राजनीतिक दलहरूको बीचको अन्तरसम्बन्ध अनि त्यसको एउटा पारदर्शीताको विषयवस्तु त्यसपछाडि त्यसलाई काम गर्ने विषयवस्तुहरूमा केही समन्वयको अभाव छ । त्यो विषयवस्तुमा जति समन्वय हुनुपर्ने थियो जति पारदर्शीता हुनुपर्ने थियो । त्यो कुरा नभइराखेको कारणले गर्दा म सरकारसँग अनुरोध गर्न चाहन्छु । आज कास्की जिल्लाको यो पोखरा महानगरपालिका भनेको त हाम्रो त राजधानी हो । यो राजधानी भित्रै भएका कतिपय नदी कटानका ठाउँहरू, पुलहरू जे अहिलेसम्म पनि बनेको छैन । कुनै खोलाले अहिलेसम्म पनि बेगनासतालको त्यो निकास अहिलेसम्म बनेको छैन त्यो लाजमर्दो कुरा हो । हाम्रो नजिक रहेको ठाउँ । आज हाम्रो यो ठाउँलाई त व्यस्थित गर्न सकिरहेका छैनौं भने बागलुङ र म्याग्दी त धेरे पर छन् त्यसकारणले सरकारले यतातिर प्राथमिकता, टाढा, नजिक भन्ने त्यसलाई प्राथमिकताका आधारमा योजना निर्माण गरेर अगाडि बढ्न र सम्बन्धित निर्वाचन क्षेत्र र त्यसका माननीयहरूसँगको एउटा सम्बन्ध र त्यसको समन्वय गर्न जरुरी छ यो बीचमा अलिकता समन्वय अभाव भयो मैले यो अनुभूति गरिराखेको छु ।

हामी दशैंको नजिक आइपुगिराखेका छौं । हामी तिहारको नजिक आइपुगिराखेका छौं । हामी छठ, इद ल्होसार, यी सबै चाडपर्वहरूको नजिक आइरहेका छौं । आज सबै धर्म संस्कार र संस्कृतिको एउटा आधारसहित हुन त यो बेला कोभिडको बेला ती सबै चाडबाडहरू ती सबै धर्म संस्कारका आ-आफ्ना संस्कृतिहरूलाई धुमधामसँग खुसीका साथ मनाउन सक्ने परिस्थिति छैन दुःखद कुरा तर पनि अहिले यति बेला हामीलाई यी सबै चाडबाडहरूले पछ्याइरहेको छ । यिनै चाडबाडहरूको दसैं, तिहार अनि छठ, इद, ल्होसारलगायत सम्पूर्ण धर्म संस्कार सबै सबैमा धर्म संस्कार अनुसारको चाडबाडमा यहाँहरू माननीय सदस्यज्यूहरू अनि आम हाम्रो प्रदेशवासी जनसमुदाय शुभकामना एवम् जीवन र आफ्नो सबै सबैको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्ना भनाइ टुङ्ग्याउन चाहन्छु । धन्यवाद, नमस्कार ।

माननीय सदस्यहरू अब म माननीय प्रदेश सभा सदस्य कृष्ण थापाज्यूलाई सभालाई सम्बोधन गर्न समय उपलब्ध गराउँछु ।

माननीय सभामुख महोदय, यो छैठौं अधिवेशनको जहाँसम्म मलाई लाग्छ आज अन्तिम दिनमा गण्डकी प्रदेश राष्ट्रिय जनमोर्चाको संसदीय दललाई र मलाई बोल्न दिएकोमा म माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्न  चाहन्छु ।

यो छैठौं अधिवेशनमा गण्डकी प्रदेशका, आफ्ना निर्वाचन क्षेत्रका र जनताका आम समस्याहरूको विषयमा हामीले धेरै मसिनोसँग छलफल गऱ्यौं भने जस्तो लाग्छ । सायद त्यो छलफलमा हामीलाई कतिपय अभावका कारणले चित्त दुखाई पनि भएकै छ । किनभने हामीले ती समस्याहरूलाई समाधान गर्नका लागि पनि अझै सकिरहेका छैनौं । त्यसकारण आगामी दिनहरूमा हामीले ती कुराहरूलाई पूरा गर्नका लागि गण्डकी प्रदेश सरकारलाई विशेष अनुरोध गर्न चाहन्छु । ती समस्याहरूलाई महान् प्रकारले आगामी दिनमा पूरा गर्नका लागि अझ बढी भन्दा बढी प्रतिबद्धता व्यक्त गरोस् मैले यो आफ्नो भनाई राख्न चाहन्छु । अहिले पनि हामीले हाम्रो प्रदेशमा, हाम्रो देशमा, महान् थुप्रै समस्याहरू चुनौतीका साथ छन् । हामीले स्वास्थ्य, शिक्षा हेऱ्यौं भने आज राज्यबाट त्यो पूर्ण रूपमा जिम्मेवारी लिएको अवस्था छ कि छैन ? भनेर हेऱ्यौं भने छैन । आज हामी त्यो किन पूरा गर्न सक्दैनौं ? आज हामीले देखिरहेका छौं, महंगी बढिरहेको छ । वस्तुहरूमा भ्रष्टाचारहरू मौलाइरहेको छ । कैयौं अप्रिय घटनाहरू दिनप्रतिदिन बढिरहेको अवस्था छ । यसको मतलब सुशासनको पनि अभाव रहेको छ । यसकारण मलाई लाग्छ कुनै पनि राज्यले यी विषयवस्तुहरूमा प्रमुख जिम्मेवारी ल्याउन सक्दैन त्यो बेलासम्म त्यो देशका जनताहरू सधैं दुःखी, पीडित र गरिब बनिरहन्छन् । त्यसकारण यो समस्यालाई राज्यले धेरै प्राथमिकताका साथ ल्याउनपर्छ जस्तो मलाई लाग्छ । अर्कोतिर गण्डकी प्रदेशको बजेट विनियोजनको सन्दर्भमा हामीले ७५, ७६ को र ७७ को बजेटहरू हामीले हेऱ्यौं । सबभन्दा बढी बजेट कार्यान्वयनको पाटो, धेरै कमजोर प्रकारको छ । यो कमजोर प्रकारको हुनका लागि पहिला हामीसँग संरचना छैन, कर्मचारीहरू छैन, भर्खरैका भयौं भनेर एकदुई वर्ष टाऱ्यौं । आज तीन वर्ष पुग्दा पनि हामी त्यो अवस्था पार गरेका छौं त ? मलाई

लाग्छ छैन । नहुनुको कारण के हो ? कतै हामीमा त्यो इच्छाशक्ति छैन कि ? कतै हामी त्यही परम्परावादी बन्दै तिनै कुराको गोलचक्कर भित्र फँसिरहेका छौं कि ? यो हाम्रो अगाडि सबभन्दा ठूलो चुनौती बनेको छ । हामीले सडकका लागि प्रस्तावित गर्‍यौँ, हामीले खानेपानी, सिँचाइका योजनाहरू प्रस्तावित गर्‍यौं । तर ती कागजमा मात्रै सीमित रहेका छन् । ती कार्यान्वयन हुन सकिरहेका छैनन् । कतिपय अवस्थामा त हामीले पहिलो वर्ष एउटा योजनाको प्रस्तावित गर्‍यौ त्यो रकमले त्यो योजना सम्पन्न हुन्थ्यो र पुग्थ्यो । तर तीन वर्षसम्म यो योजना कन्टिन्यूज हुन्छ । अर्को कुनै ठाउँको एकदमै महत्वपूर्ण समस्या छ । त्यहाँ हामीले प्रस्ताव गर्छौं त्यहाँ स्वीकृत हुन्छ, त्यसकारण के हो त भने, प्राथमिकताका आधारमा समस्यालाई पहिचान गर्न नसक्नु नै हो जस्तो लाग्छ । त्यसकारणले गण्डकी प्रदेश सरकारले यो दिशामा कहिलेसम्म, कति दिन, कति समयसम्म अगाडि बढिरहने हो ? आज हामीले देख्यौं हाम्रा धेरै योजनाहरू टेन्डरमा गएका छन् । ठेकदारहरूले जिम्मा लिएका छन् । तर ती ठेकदारहरूले काम गर्दैनन् । बनाएका राम्रा गर्दैनन् । कति भएका छन् अपुरा भएका छन् । त्यो एउटा अवस्था छ । आज हामी कार्यालयमा जान्छौँ भने कार्यालयका कर्मचारीहरूले त्यो योजनाहरूको विषयमा कुनै पनि जानकारी ल्याउँदैनन् । मेरो एउटा जिल्लामा त कतिसम्म भयो भने, एउटा योजना किन कार्यान्वयन भएन यसलाई अल्ली राम्ररी कार्यान्वयन गरौं भनेर छलफल गर्न गको त्यो कर्मचारीले के भन्नुहुन्छ भने, अल्लीमाथिबाट के छ प्रेसर छ त्यसैले मैले सक्या छैन भन्यो । ए तपाईंले प्रेसरै खोज्नुभएको हो त ? कुन प्रकारको प्रेसर दिने हो त हामीले ? कार्यान्वयन नहुने हो भने भन्नेसम्म स्थिति छ । यसले गर्दाखेरी के हो त भने, आज कुनै पनि योजना कार्यान्वयन हुनका लागि कतै ब्यूरोक्रेट, यो कर्मचारी तन्त्र, अथवा पुरानो मनोवृति छ कि ? यसले गर्दा यो विषयमा गण्डकी प्रदेश सरकारले गम्भिरताका साथ सोचेस र त्यसो गर्न सक्यो भने मलाई लाग्छ धेरै त अब नहुनी भयो भएका योजनाहरू पनि राम्रोसँग सम्पन्न होउन् भन्ने कुरा मैले अनुरोध गर्न चाहेँ । अर्कोतिर अहिले अर्को देशमा, ठाउँहरूमा हाम्रो अस्थिरताको ठूलो गुञ्जायस देशभित्र गुञ्जिएको देखिन्छ । पहिला पहिला एक पार्टीले अर्को पार्टीलाई अस्थिरता सिर्जना गरेर, अवरोध गरेर अस्थिरता भएको देखिन्थ्यो । अहिले त यो पार्टी भित्र मात्रै पार्टी र त्यसपछि के-के पार्टीले अस्थिरता सिर्जना गरेको देखिन्छ । यो

हामीहरूको सबैभन्दा ठूलो दुर्भाग्य हो । हिजो अल्ली अघि-अघि हामीले के सुनियो ? हाम्रो प्रधानमन्त्रीलाई घेराबन्दी गरेर अस्थिरता गराउने सिर्जना गरेको देखियो । आज हरेक बैठकहरू योजनाहरू कार्यान्वयन गर्ने भन्दा एक अर्काका मागहरू त्यो पनि सुविधाका, पदका लाभहरू पूरा गर्नका लागि भनेर अस्थिरता देखियो । हिजो अस्तितिरबाट त मैले यो कर्णाली प्रदेशतिर पनि बढेको देखियो । सायद हाम्रो गण्डकी प्रदेशमा छैन होला, नहोस् । यसरी अस्थिरता सिर्जना गरेर आम जनताको एउटा आकांक्षालाई निरुत्साहित पार्न हुँदैन । अर्कोतिर हामीले देशमा देखिरहेको कुरा के हो त भने एक अर्काको अस्तित्व धेरै तहबाट नस्विकारिएको छ । हामी स्थानीय निकायमा प्रदेशका जान्छौं, उहाँहरूले नआइदिए हुँदो हो भनेर धुप हालेरै बस्नु भाछ । माथितिर जाऊ भने त तिम्रो प्रदेशमा बजेट जति सबै त्यही गएको छ । त्यहीँबाट पाइन्छ यहाँ त केही हुन्न भनेर हामीलाई लोप्पा खुवाएर पठाइदिने स्थिति छ । यसले के देखिन्छ भनेत यो ३ वटा तहबीचको दुरी, अन्तरविरोध बढेर गएको छ । यसले गर्दा यो पनि एउटा संवृद्धिको बाधक हो । यसकारण हामीले यस्ता चिजहरूलाई पनि संशोधन गर्न सकेनौं भने अब दुई वर्षमा जस्तो आइतिस त्यस्तै फर्किस भन्ने किसिमको उखान चरितार्थ हुने स्थिति सिर्जना हुन्छ त्यसकारण म, हामी, सबैले के बुझ्नपर्ने आवश्यकता छ भने हाम्रो संरचना धेरै महंगो प्रकारको छ । संघीयता महंगो प्रकारको छ । हाम्रो संघीयताले जम्मा कति खर्च गर्छ, ४५ प्रसेन्ट बजेट विकासमा खर्च गर्छ । त्यो खर्च पनि गर्न नसक्ने स्थिति यस्तै-यस्तै द्वन्द्वहरूले, यस्तै-यस्तै व्यभिचारहरूले सिर्जना गर्छ । मैले कतिपय यो संघीयताको सबालमा आज हेल्थ पोष्टमा एउटा आइसोलेसन व्यवस्था गर्ने रकम संघीयतामा जानि थिएन । यो हस्पिटलको आइसीयु बन्निथिएन । अथवा एउटा बाटो बन्नी थिए, पुल बन्नी थिएन यो प्रदेश नभएको भए भन्ने कुराले सोचिन्छ, भनिन्छ के हेर्नुहस् । त्यो प्रमाण होइन, हामीले देशलाई कस्तो बनाउने भन्ने किसिमको एउटा मास्टर भिजन यदि हुने हो भने हामीले बनाउँछौं । आज देखियो त, हाम्रो विद्युतमा सुधार आयो, सुधार हुने कुरा रहेछ, सायद कुलमानले हो कि अरु के कारणले हो । व्यक्तिको इनिसियसनले पनि यो काम गर्ने रहेछ भने राज्यको हरहेक मेकानिकलमा हामीले दिमाग प्रयोग गर्न किन सक्दैनौ ? यसको पछाडि हामीलाई कोले बाधा, अड्चन सिर्जना गरिरहेको छ ? हाम्रो कर्मचारीले नमान्ने, हाम्रो

ब्यूरोक्रेटले नमान्ने, हाम्रो शान्ति सुरक्षाको जिम्मा लिएको नमान्ने हो ? सधैं त्यही हुन सक्छ ? यो हुन सक्दैन त्यसकारण यो परम्परावादी सोचाइ भनेको यही हो । यसकारण यो चिजमा हामीले अलिकता नयाँ स्वरूपहरू दिऊ । कानूनदेखि, सरकारदेखि वास्तवमा भ्रष्टाचारीहरू, अपराधीहरू नराम्रो गर्ने मान्छेहरू डराउनुपर्ने स्थिति सिर्जना हुनुपर्छ । आज हामीले देखिहाल्यौं सरकारको मान्छेहरूको जहाँ उपस्थिति हुन्छ त्यहाँ बाहिर मान्छेहरू खिल्ली उडाइरहेका छन् । सामाजिक सञ्जालमा बदनाम गरिरहेको छ । यो स्थिति किन सिर्जना भयो ? किन भन्दा मलाई लाग्छ हामीले असाध्यै राम्रो काम गर्न नसकेको कारणले हो । त्यसकारण हामीले यो कामलाई सुधार गरौं । यही कुरा म यहाँहरूसँग भन्न चाहैं र अन्तिममा कोभिड १९ का कारणले, बाढीपहिरोको कारणले विशेष गरेर हामी गण्डकी प्रदेशका यी दुवै समस्याले हामी धेरै प्रताडित छौं । हाम्रो घर भत्केको छ, हाम्रो, बारी, जग्गा जमिन सबै बगाएको छ । हाम्रा पुर्वाधारका धेरै योजनाहरू बिग्रेका छन् । बाढीले हामी धेरै प्रताडित छौं । हाम्रा राहतका सामानहरू ती समस्यालाई सम्बोधन हुने प्रकारले हुन सकिरहेको अवस्था छैन । यो विषयमा पनि हामी साह्रै दुविधामा रहेको अवस्थामा छौं । सरकारले यो विषयलाई धेरै योजना बनाएर मास्टर योजना बनाएर गरोस् भनेर शुभकामना व्यक्त गर्न चाहन्छु ।

अर्कोतिर हामीले यो कोभिडको समस्या अल्ली जटिल प्रकारले बन्दै छ कि ? हामी त्यो कोभिडको नियन्त्रणको सबालमा हामीले अझै पनि विशेष प्रकारको कार्ययोजना बनाउन सकेका छैनौं कि ? हामीले ११ जिल्लाका कोभिडसम्बन्धी सरोकारवाला समितिसँग एउटा जुम मिटिङ गरेका छौं । गोर्खामा अब आइसोलेसन राख्ने ठाउँको अभाव रहेछ । त्यो गोर्खामा मात्र होइन सबै प्रदेशका जिल्लाहरूमा छ यो । हामीले आइसोलेसन विद्यालयमा बनाएका रहेछौं । विद्यालय सञ्चालन हुने भएपछि त्यो ठाउँ छोड्न पर्ने स्थिति रहेछ अनि छोड्दाखेरी त्यस्तो ठाउँ हामीसँग रहेनछ । नभई सकेपछि त्यो एउटा कोभिडको समस्या छ । अर्कोतिर घुलमिल भएर पनि हिँड, अनि कोभिड पनि नसार भन्या छौ अहिले हामीले हेर्नुहोस् है ? यो मिल्नी कुरा हो कि होइन ? मलाई लाग्छ यो मिल्नी कुरा होइन, घुलमिल पनि होऊ अनि रोग पनि नसार भन्ने कुरा पनि हुन्छ ? रोगले त्यसो भन्छ र ? तलाई मैले सार्दिन भनेर भन्छ ? भन्दैन यसकारण यसमा अल्ली विकसित यो नितिको कायम गरौं । त्यो समूह, त्यो समुदाय, त्यो व्यक्तिलाई अल्ली

छुट्याउने किसिमको एउटा अल्ली भिजन दिऊ नत्र त कोभिड अब बढ्दै छ र बढ्छ यसले हामीलाई ठूलो समस्या सिर्जना गर्छ । यसकारण मैले यी दुईटा बाढीपीडित र कोभिडका समस्याहरूलाई सरकारले गम्भिरतका साथ मनन गरोस् र ती बिरामीहरू, ती पोजेटिभहरू अथवा आइसोलेसनमा बसेका नागरिकहरूको राज्यले पूर्ण रूपमा जिम्मेवारी लियोस् र त्यो समस्यालाई हल गरोस् यही कुरा राख्न चाहन्छु । अन्तिममा नजिक आउन लागेको विजयादशमी, शुभदीपावलीलगायत सबै चाडहरूको सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै मेरो भनाइ यहीँ टुंग्याउँदै, आफ्नो भनाइ राख्ने मौका दिनुभएकोमा म माननीय सभामुखलाई धन्यवाद दिँदै आफ्नो भनाइ टुंग्याउँछु, धन्यवाद ।

माननीय सदस्यहरू, अब म माननीय विपक्षी दलका नेता श्री कृष्णचन्द्र नेपाली पोखरेललाई सभालाई सम्बोधन गर्न समय उपलब्ध गराउँछु ।

सभामुख महोदय, आज हामी २०७७/७८ को बजेट अधिवेशनको समापनतर्फ गइराखेका छौं । कोरोना महामारीको कहरका बीचमा संत्रासका बीचमा सुरु भएको यो अधिवेशन त्यस्तै माहोलमा कोरोनासँग लड्ने सन्दर्भमा आज हामीले यो समापन गर्दै छौं । यस बीचमा खुसी मान्नुपर्छ । एकजना माननीयज्यूलाई हामीले सेफ गर्न सकेनौं । कोरोना संक्रमित हुनुभयो र अहिले नेगेटिभ आइसकेको अवस्था पनि छ । बाहेक हामी सबै एक प्रकारले सुरक्षित अवतरण भन्नुपर्ला । समापनतर्फ गइराखेका छौं । यो एउटा सकारात्मक पक्ष छ ।

सभामुख महोदय, म यहाँ उठ्दै गर्दा, रोष्टममा बोल्दै गर्दा बढो दोधारमा छु । असमञ्जस्यमा छु । किनभने एकातिर कोरोना संक्रमितहरूले जो ज्यान गुमाउनु भएको छ उहाँका परिवारहरूलाई सम्झेको छु र हाम्रो प्रदेशमा गएको यो बाढीपहिरोबाट पीडित परिवारहरूलाई सम्झेको छु भने त्यहीँ मलाई लागिराखेको छ उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँ पीडितका परिवारलाई समवदेना दिँदै र सरकारसँग अनुरोध गर्दै कि उहाँहरूको पुर्नवासको, स्थायी बसोबासको व्यवस्था होस् भन्ने कामना गर्दै मेरा भनाइहरू अगाडि बढाउन खोजिरहेको छु भने अर्कोतर्फ जुनसुकै परिस्थितिमा पनि एउटा वास्तविकता के हो भने हामी जो जति छौं यो देश हाम्रो परम्परा अनुरूप यो भविष्यमा निकट भविष्यमा आइराखेको विजयादशमीलगायतका चाडहरू छन् दीपावली, छठ, ल्होसार, क्रिस्मस आदि ती

चाडहरू पनि मैले देखिराखेको छु । मैले शुभकामाना दिँनै पर्छ ती सम्पूर्ण चाडहरूमा देश मंगलमय रहोस् । हामी सबैको एउटा व्यक्तिगत पनि सुख संवृद्धि पनि बढोस् र यो प्रदेश र प्रदेशवासीहरूको पनि एउटा मंगलमय होस् भन्ने म कामना गर्न चाहन्छु । त्यतिमात्र होइन, देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूलाई पनि म शुभकामना व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, त्यसपछि म सभामुख महोदयसँग अनुमति चाहन्छु, केही कुराहरू यहाँ राख्नका लागि । म याद दिलाउन चाहन्छु । यही प्रदेश सभामा बजेट अधिवेशन बस्दै गर्दा हामीले यसपटकको बजेटलाई कोरोना केन्द्रित बनाउनु पर्छ भनेर सुरुवात गरेका थियौं । त्यतिखेर के लागेको थियो भने कोरोना भर्खर इन्ट्री गर्दै थियो । आउँदै थियो । भित्र आइसकेको अवस्था पनि थिएन समुदायमा र हामीले जे जति कुरा राख्यौं त्यो कुरालाई कुराका लागि कुराका रूपमा खाली अतिरञ्जित बनाइयो कि भन्ने मलाई लाग्यो । यहाँ मात्रै होइन केन्द्रमा पनि । केन्द्रीय सरकारलाई हाम्रो दलले शुरुमै के भन्यो भनेदेखि यो जुन संक्रमण छ, जुन महामारी छ, जसरी विश्वका देशहरूमा यो कुरा भइराखेको छ । त्यसबाट कमसेकम शिक्षा लिनुपर्छ हामीले । यसबाट हामीले शिक्षा लिएर यसको व्यापक तयारी गर्नुपर्छ भनेर नेपाली काँग्रेसले केन्द्रीय सरकारलाई पनि मौकैदेखि घच्घचाएको कुरो स्मरण गराउन चाहन्छु ।

प्रदेश सरकारको कुरो फरक छ, तर केन्द्रीय सरकारलाई समयमै हामीले सचेत गराउँदा गराउँदै पनि केन्द्रीय सरकारले के गर्‍यो त भनेर प्रश्न गर्ने अवस्था आज आएको छ । आज काठमाडौंको परिस्थितिको आँकलन गरियो भने, सभामुख महोदय, हामीले सबैले दिनदिनै पढेका छौं, बुझेका छौं, मिडियाहरूबाट हामीहरू त्यो जानकार भएका छौं । त्यो के हो भनेदेखि काठमाडौंको स्थिति भयावह हुँदै गइरहेको अवस्था छ । विज्ञहरूको भनाई के छ भन्दाखेरी र स्वास्थ्यमन्त्रालयले डिक्लियर गरेको कुरो को हो भन्दाखेरी यदि २५ हजार सक्रिय संक्रमितहरू नाघे भने हामीलाई राख्ने ठाउँ छैन । त्यसपछि मैदानमा जानुपर्ने अवस्था आउन सक्छ । उनीहरूले घोषणा गरेको अवस्था छ । अहिले काठमाडौंको अवस्था भन्ने हो भने, कुनै पनि हस्पिटलमा कोरोना बिरामी बस्न पाउने अवस्था कही छैन भनेपछि तर यो किन तयारी गरिएन भन्ने कुरो सबभन्दा ठूलो प्रश्न हो । प्रश्न कहाँ नेर हो

भने, के केन्द्रीय सरकारसँग बजेट थिएन ? के केन्द्रीय सरकारसँग त्यो खुबी थिएन ? के चिजले रोक्यो ? प्रश्न त्यहाँ हो तर यो प्रश्नको उत्तर पनि आएको छ त्यो के छ भन्दाखेरी केन्द्रीय सरकारको नियत नै ठीक छैन । किनभने सुरुमा एउटा उपकरणका लागि जुन ठेक्का दिइयो, त्यही विवादमा परेपछि विवादको विवाद रह्यो, अहिलेसम्म पनि मैले भनिरहेको कुरो होइन, यो स्वास्थ्य क्षेत्रका डाक्टरहरूले भनेको कुरा  हो कि आज हामीसँग भेन्टिलेटरको अभाव छ, आइसोलेसन बेडको अभाव छ र अहिले यतिसम्म भनिएको छ सभामुख महोदय, कि अब कुनै पनि बिरामी हस्पिटल नआऊ, बेहोस् हुन लागेको छ भने मात्रै आऊँ घरै बस र लक्षण नभएका पनि घरमै जाऊ यी दुईटा कुराहरू आज सरकारबाट अ ाग्रह भएको अवस्था छ। यसले के फरक ल्याउँछ भने लक्षण नभएको संक्रमित घरमा गएर बस्यो भने, गाउँमा गएर बस्यो भने त्यसले त्योबाट संक्रमित हुने व्यक्तिहरूमा ती व्यक्ति पर्दछन् । जो अत्याधिक जोखिममा छन् चाहे ती वृद्धवृद्धा हुन्, बालकहरू हुन या दीर्घ रोगीहरू हुन् । यस अर्थमा समूहमा संक्रमण पस्यो भनेर किन डराउन पर्दोरहेछ भने सभामुख महोदय, हिजोसम्म के थियो भने विदेशबाट आएका हाम्रा दाजुभाइ दिदीबहिनीहरू संक्रमित हुनुहुन्थ्यो उहाँहरूलाई हामीले क्वारेन्टाइनमा राख्यौं तर सबैर्लाइ उहाँहरूले पराजित गर्नुभयो किन भने, सबै ४० वर्ष मुनिका ५० वर्ष मुनिका धेरै जनसंख्याहरू थिए । तर समुदायमा गइसकेपछिको अवस्था फरक हो। यसरी यो अवस्था हुँदै गर्दा पनि आजसम्म मैले अस्ती भर्खर सभामुख महोदय मैले बीबीसी सुन्दै थिएँ बीबीसीमा नेपालको नर्सिङ्ग अर्गनाइजेसन छ एउटा त्यो नर्सको सभापतिले भनेको मैले सुनिरहेको छु । खै हामी यसरी लडेका छौं, यो गरेका छौं तर सरकारले भनेको भत्ता अहिलेसम्म आएको छैन। सभामुख महोदय मेरो भनाइ के हो भने सरकारले जो  अग्रपंक्तिमाा बस्ने जो हाम्रो शक्ति छ, जुन फोर्स हो, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी जो छन् उनीहरूलाई उत्साह बढाइदिन पर्‍यो सभामुख महोदय । उनीहरूलाई यो बनाइदिन पर्‍यो कि म मरिहाले भने पनि मेरो सन्तानलाई सरकारले हेर्छ भन्ने किसिमको त्यो माहोल बनाउनुपर्छ भन्न २५ लाखको बिमा बनाइदिए, २ हजार भत्ता बनाइदिए यस्ता कुराले त्यो प्रेरित हुँदैन जसको परिणाम के हुन्छ भन्दाखेरी पछि आएर समाजलाई देशलाई मार पर्ने अवस्था छ। त्यसो भएको हुनाले केन्द्रको यो अवस्था एकातिर हुँदाहुँदै म प्रदेशतिर आउन चाहन्छु। निश्चित रूपमा हामीले

पनि सुरुदेखि भन्यौं । कताकता हाम्रै साथीहरूले पनि धेरै तपाईंहरूले प्राथमिकता दिनुभयो कि भन्ने किसिमका कुराहरू गर्नुभयो । तर म भन्छु अहिले केन्द्रीय सरकार त एक प्रकारले फेल भइसकेको अवस्था छ, यो संक्रमण रोक्नका लागि । आज काठमाडौको अवस्था हामीले हेर्‍यौं भने आज भयावह स्थिति छ । त्यो विज्ञहरूको भनाइबाट हाम्रो भनाइ र हेराइमात्रै होइन । त्यो अवस्था छ । तर पनि यो प्रदेश अहिलेसम्म त्यो अवस्थामा पुगेको छैन । यो पक्का खुसीको कुरा हो यद्यपि हामीले भनेको के हो भने भोलि त्यो परिस्थिति आयो भने मुकावाला गर्न सक्ने भएर बसौं भन्न खोज्या हो अहिले पनि हाम्रो भनाइ त्यही हो । भेन्टिलेटयर यहाँ धेरै भएर के हुन्छ र ? केन्द्रीय सरकारले सयौं भेन्टीलेटर ल्याएर त्यहाँ सबै खर्च नभए अरु जिल्लालाई प्रदेशलाई पठाइदिँदा पनि हुन्छ । अर्थात त्यो काम चलाउ होइन कि हामी अलिकति अगाडि बढौं भन्ने हाम्रो अनुरोध हो र पछिल्लो समय आएर कमसेकम सरकारले त्यो कुरा सुनेर ५० हजार तत्काल पीसीआर गर्ने भन्ने जुन भयो । तर त्यो व्यवहारमा अझै आइसकेको अवस्था छैन । त्यो पीसीआर मेसिन राख्ने भन्ने कुराहरू भएका थिए । त्यो पनि आइरहेको अवस्था छैन । हुन त मुख्यमन्त्रीज्यूले पछि धेरै कुराहरू भन्नुहुन्छ । यसो भाछ, उसो भाछ तर परिणाम के हो भन्दाखेरिमा नवलपुरमा त्यसले काम गर्‍यो कि गरेन ? गोर्खामा त्यो मेसिन आयो कि आएन, तनहूँमा त्यो आयो कि आएन सबाल त्यहाँनेर हुन्छ । त्यसो भएको हुनाले प्रदेश सरकारसँग मेरो यत्ति मात्रै भनाइ के हो भने यो यद्यपि हामी बजेट अधिवेशनदेखि नै यसैमा केन्द्रित भाका छौं तर एउटा हाम्रो सोचाइ के थियो भने सरकार एक स्टेप अगाडि आओस् भन्ने हाम्रो अनुरोध थियो । अहिले धेरै च्यापेको अवस्था छैन तर यो दसैं, तिहार पर्व आदि भइसक्यो, यदि विदेशबाट खुला भयो, हाम्रा दाजुभाइ, दिदीबहिनी आउन थाल्नुभयो, समुदायमा जान थाल्नु भयो भने हाम्रो यो प्रदेश पनि त्यही तरिकाले आक्रान्त हुने अवस्था छ त्यसतर्फ सरकारले ध्यान दिनुपर्छ भन्ने म अनुरोध गर्न चाहन्छु । अर्को एउटा कुरो मैले पनि राख्न जरुरी के छ भने, निश्चित रूपमा केन्द्रीय सरकारतिर फर्किंदै गर्दा हिजो पनि मैले सदनमा, यो भन्दा पहिला राखेको थिएँ कि एउटा कमसेकम यो सरकार आइसकेपछिको एउटा महत्वपूर्ण घटना के हो भन्दाखेरी जब भारतले, इन्डियाले अतिक्रमित लिम्पियाधुरा, कालापानी, लिपुलेक छ त्यसमा इन्डियाले सडक बनाएको कुरा विगतदेखि सबैलाई थाहा भएको कुरा हो तर पनि

कोही सरकारले त्यता ध्यान दिएन त्यो सही हो र यही सरकार आइसकेपछि पनि त्यो विषयले प्रमुखता पाएको थिएन सभामुख महोदय, जब भारतीय रक्षामन्त्रीले त्यसलाई उद्घाटन गरे त्यसपछि त्यसले प्राथमिकता पायो र सारा देश एक ठाउँमा भयो । इतिहासमा हेर्ने हो भने एकप्रकारको राष्ट्रियताको भावनामा यो एउटा अभूतपूर्व एकता स्थापित भयो । सरकारलाई पनि ठूलो हौसला मिल्यो, बल मिल्यो र हामीले त्यो नक्सा सदनबाट पास गर्‍यौं । हामीले पहिलो पटक नेपाल एक ढिक्का भएर के गर्‍यौं भने राष्ट्रियताको सबालमा अरु अरु देशमा हामीले सुन्ने गथ्यौं, देशभित्रका पार्टीहरूमा जतिसुकै आन्तरिक द्धन्द्ध भएतापनि राष्ट्रियताको सबालमा एक हुन्छन् भन्ने हामीले सुनेको हो । छिमेकी भारतको मलाई याद छ, त्यहाँ कुनै बेला पाकिस्तानसँगको लडाइमा यो भारतीय जनतापाटीको नेताले इन्डिया इज इन्दिरा भन्ने कुरा स्वीकारेको हामीले सुनेको हो त्यो मामलामा, राष्ट्रियताको मामलामा । तर नेपालमा त्यो प्राक्टिक्समा थिएन अहिलेसम्म । अहिले त्यो भयो । यो ठूलो उपलब्धि हो । त्यो भइसकेपछि त्यो ताकत यो सरकारसँग आइसकेपछि सम्पूर्ण राजनीतिक दलहरूले, नागरिक समाजले या सम्पूर्ण जनताले भनौं, शुभचिन्तक सबैले के भने भने यो एकतालाई कायम गर्दै अब भरपर्दो कुटनीतिमार्फत वार्ता अगाडि बढाएर यो चिजलाई त्यो गुमेको भूभागलाई वापस लिनुपर्छ यो दायित्व सरकारको हो भनेर छोडेको अवस्था हो त्योतर्फ खासै प्रगति भएको देखिएन । अघिनै एकजना माननीयज्यूले पनि राख्नुभएको छ । पछि आइसकेपछि त्यो पाठ्यपुस्तकमा नराख भन्ने निर्देशन जुन आयो । यो चिजले एउटा शंका उब्जाएको अवस्था छ । किन आयो ? त्यो स्पष्ट हुन जरुरी छ । मलाई लाग्छ त्यो त्यति सजिलो कुरो पनि छैन । राष्ट्रले निर्णय गरिसकेको कुरालाई पाठ्यपुस्तकमा राख्न केले रोक्यो ? यदि रोक्ने नै गरिएको हो भने यहाँनेर प्रश्न चिन्ह आउँछ । त्यसो भएको हुनाले नेपालमा अहिलेसम्मको प्रत्येक हर राजनीतिक दलले प्रायः सबै राजनीतिक दलले राष्ट्रियतालाई आफ्नो अनुकूल व्याख्या गर्ने परम्परा त्यो कुरालाई अहिले हामीले ब्रेक गरेको अवस्था छ । यो अवस्थामा यदि कहिकतैबाट प्रभावित भएको हो केन्द्रीय सरकार भने त्यसप्रति हामी सचेत हुनुपर्छ । हामी सरकारलाई सचेत गराउन चाहन्छौं । अर्को सभामुख महोदय, यो बाहेक मैले पोजेलिभली हेर्न  खोज्छु । मेरो स्वभाव पनि सकारात्मक हेर्ने स्वभाव छ । मैले हेर्न खोज्छु यो दुई तिहाइको सरकार, दुई तिहाइ लगभग दुई

तिहाइ भाछ अहिले । पहिला त दुई तिहाइ थियो । त्यो लगभग जुन दुई तिहाइको सरकार छ, यो इतिहासको सबभन्दा शक्तिशाली सरकार छ । कम्युनिष्ट पार्टीको सरकार छ । यो सरकारको पालामा त कमसेकम केही कामहरू देखिन पर्‍यो अर्थात् जनताले अनुभूत गर्नुपर्‍यो । हो, हिजो के थियो अल्पमतको सरकार हुन्थ्यो, सत्तामा टिक्नलाई धेरै कुराहरू गर्थे हामीले देखेकै हो । हङ पार्यामिन्ट हुन्थ्यो । त्यहाँ खेलहरू हुन्थे । यहाँ त केही पनि छैन । यो बेलामा पनि यो सरकारले यहाँ यो गरे भन्ने कुरा कही देखिँदैन सभामुख महोदय, यो के हो भन्दाखेरी ल एण्ड अडरतिरको कुरा गर्ने हो भने इतिहासमा नै हामी लज्जित हुनपर्ने घटनाहरू यही सरकारको पालामा भाको छ । निर्मला पन्तको त्यो काण्ड एउटा पहेँलीका रूपमा रह्यो, त्यो एउटा काण्ड पनि सरकारले पत्ता लगाउन सकेन । एउटा पहेलीको रूपमा रही रहेको अवस्थामा पछि आइसकेपछि नवराज विकको त्यो घटना घट्यो । जुन घटनाले हामी सम्पूर्ण नेपालीहरूको विश्वका सामुन्य शिर झुकाएको अवस्था छ । आज एउटा जातको आधारमा । एउटा जातको भएकै कारणले कसैसँग विवाह गर्ने वा कसैसँग प्रेम गर्नेको मूल्य जीवन दिएर चुकाउनुपर्ने जुन परिस्थिति सिर्जना भयो । त्यति मात्र होइन सम्झना विकको मात्रै होइन, धेरै यस्ता छन् । जो बलात्कारमा परेका बालिकाहरू प्रायः जसो धेरै कम्पेरिटिभली के छ भने, दलित, पछाडि परेका वर्गबाटै त्यो भइरहेको छ । त्यस्ता केसहरू आएको अवस्था छ । यो एउटा हाम्रो लागि एक प्रकारको एक्काइसौ शताब्दीको युग, संघीय लोकतान्त्रिक गणतन्त्रलाई हामी उपभोग गर्दै अगाडि बढेको यो अवस्थामा यो चिज हुनु भनेको यो साह्रै लज्जास्पद हुन्छ । यो किन रोक्न सकिएन मेरो प्रश्न छ, त्यति मात्रै होइन, त्यो छ छँदैछ । सबभन्दा ठूलो कुरो नेपाली जनताले मलाई लाग्छ नेकपालाई भोट हालेर, हाल्ने कुराहरूमध्ये एउटा राष्ट्रियता अहिलेका प्रधानमन्त्रीले व्याख्या गरे अनुरूप त्यो राष्ट्रियताको व्याख्याबाट प्रभावित हुनुभयो । अर्को भ्रष्टाचारप्रति शून्य सहनशीलता मलाई लाग्छ यी दुइटा यस्ता मुद्दा हुन्, जनताले हेरेकै हुन् र हामीलाई पनि लागेको हो । सायद हाम्रा नेताहरूले त्यो नसकेको हो कि ? अब आइसकेपछि भ्रष्टाचारीहरू तह लाग्छन् होला भन्ने एउटा सोच हाम्रो पनि थियो । तर अहिले सोच्यो भने हामीलाई छोडौ एउटा सामान्य पब्लिक या नागरिक समाज या कोही अब्जरभर, देशभित्र बाहिर कहीँबाट पनि होइन यो सरकारले भ्रष्टाचार रोक्ने काम गरेको छ अथवा भ्रष्टाचारीहरूलाई

कारवाही गरेको छ भनेर कही पनि सुन्न पाइँदैन । त्यसो भएको हुनाले भ्रष्टाचारलाई, भ्रष्टाचारीलाई कारवाही गर्न नसक्ने, विचौलियाहरूको बिगबिगी बढ्ने त्यसपछि कालाबजारीयाहरूको प्रभाव पर्ने । अनि केही शक्ति केन्द्रहरू चाहे त्यो ओम्नी ग्रुप होस, चाहे त्यो यति ट्राभल्स होस् या अर्को होस् । यी दुईचारवटा शक्ति केन्द्रको प्रभावमा परेर जुन अहिले केन्द्रीय सरकारले जुन प्रकारको सन्देश दिएको छ त्यो गम्भिर किन छ भने सभामुख महोदय, हो म एउटा नेपाली काँग्रेसकोतर्फबाट हेर्ने हो भने नेकपाको सरकार जति अनपपुलर भयो त्यति हामीलाई फाइदा भएको छ । किन भने हामी वोयटिङ हो यो यो सरकारले गरेका कमजोरीहरूलाई भोलि जनताको बीचमा लगेर भन्न पाउने त्यो हाम्रो तर्क हो हाम्रो तर यहाँ खतरा कहाँनेर छ भने हामी त्यतातिर पनि गइरहेका छैनौं । एउटै प्वाइन्टमा हाम्रो के हो भन्दाखेरी अहिलेसम्म नेपाली जनतालाई हामीले एउटै कुरो दियौं । राजनीतिक स्थिरता भएन । राजनीतिक स्थिरता भयो भने सबै चिज ठीक हुन्छ । त्यो भनेको के हो भने एउटा पार्टीको बहुमत हो ।

हो पहिला काँग्रेसको आयो, काँग्रेसले टिकाउन सकेन त्यो सही हो । आदि इत्यादि हुँदै जाँदाखेरि अब अहिले जनताले के बुझ्या छन् भने एउटै पार्टीको दुई तिहाइ बहुमत भनेपछि अब काम राम्रो हुन्छ भन्ने उनीहरूले सोचे । अब तपाईं सन्देशै दिनसक्नुहुन्न भने अब यसले के म्यासेज जान्छ भोलि भने यो व्यवस्थाले संघीय व्यवस्था जुन छ, संघीय लोकतान्त्रिक गणतन्त्र जुन छ, जसलाई ल्याउनका लागि हामीले यत्रो बलिदान गऱ्यौं । यत्रो संघर्ष गऱ्यौं । आज त्यो प्रति जनताको वितृष्णा रह्यो भने यसको परिणाम के हुने ? आज हामी त्यतातिर सोच्नुपर्ने अवस्था छ । म त्योतर्फ अहिले पनि म के भन्न चाहन्छु भने, यी कुराहरूलाई कमसेकम केन्द्रीय सरकारले, कमससेकम अगाडि बढाओस् भनेर हाम्रो शुभकामना छ । तर हामीले देखेका छौं त्यो सम्भव छैन । पहिला-पहिला मैले सभामुख महोदय भन्न मन लाग्छ, हाम्रै पार्टीका नेताहरू झगडा गर्दा गोकर्ण रिसोर्टमा वार्ता भयो अरे भनेपछि  हामी पनि दङ्ग पर्थ्यौं लौ मिल्नुभयो अरे भने पछि पनि दङ्ग पर्थ्यौं । हामी पनि हो तर मलाई के लाग्थ्यो भने काँग्रेसका नेताहरू मात्रै रहेछन् कि क्या हो झगडा गर्ने भनेको त अहिले हेर्ने भने भने त हाम्रा नेताहरू यो कोरोना शुरु भइसकेपछि देशमा बन्दाबन्दी शुरु भयो । छ महिनासम्म अस्तीको उहाँहरूको बैठक भन्दा अगाडि सब राज्यको सम्पूर्ण यन्त्र सबै चीज २ वटा नेता मिले

सेटिङमा यो भयो, त्यो भयो यसैमा भुले, जनताले यो सुन्न चाँहदैनन् । त्यसो भएको हुनाले हामी जिम्मेवार पार्टीका कार्यकर्ता भएको नाताले हामी अहिले पनि भन्न चाहन्छौं । यो दुई तिहाइ बहुमतको तपाईंहरूको सदुपयोग गर्नुहोस् भन्ने कुरा सभामुखमार्फत म केन्द्रीय सरकारलाई भन्न चाहन्छु ।

सभामुख महोदय, अघि एउटा प्रसंग आएको छ । एकजना माननीयज्यूले भन्नुभयो । भूतपूर्व मन्त्री, प्रधानमन्त्रीजीले, दुइटा प्रधानमन्त्री मिलेर के-के भयो भनेर एउटा प्रसंग ल्याउनु भएको छ । मैले बुझेँ अनुसार यदि त्यो न्यूज हो भने मैले त क्लिएर गर्छु बाबुराम भट्टराईजीले जुन कुरो राख्नु भएको छ त्यो मलाई लाग्छ शेरबहादुरजी ओलीजीको पक्षमा भयो हैन ? त्यो इन्डिकेट गरेर राखेको भनेर इंगित गर्नु भाको होइन भने अरु त म भन्दिन । मलाई एउटा के लाग्यो यसबाट भने यो के छ मलाई थाहा छैन फेरि सभामुख महोदय, सभामुख महोदयलाई नै थाहा छ बरु अहिले भन्न मिल्दैन । त्यो के हो भने यो सर्वहाराको पार्टी, सर्वहारा क्रान्ति भनेर जुन आउने पार्टीहरू, कम्प्युनिष्ट पार्टीहरूको बीचको त्यो यस्तै हो त्यही व्यक्तिलाई कहिले नम्बरवान भ्रष्टाचारी भन्ने फेरि त्यही व्यक्ति कहिले सुनको थुंगो हुने, यदि त्यही परम्परा हो भने, बाबुरामजी पनि त्यही तालिमबाट आउनु भाको हो । सायद त्यही व्यक्त गर्नु भएको हो जस्तो लाग्छ मलाई । होइन भने मलाई के लाग्छ भन्दाखेरी त्यसरी त्यो जिम्मेवार व्यक्तिले अभियोग लगाउँदै गर्दा प्रमाणसहित लगाउनुपर्ने अवस्था हो । उहाँलाई म अहिले पनि चेतावनी दिन चाहन्छु त्यत्तिकै पनि तपाईंले त्यो कुराको प्रमाणीकरण गराउनुपर्छ । त्यत्तिकै हचुवा बोलेर हुँदैन । किन भने शेरबहादुरजीको सरकारको पालामा त्यही बुढीगण्डकी चाइनिज कम्पनीलाई नदिने अब हाम्रै पैसाले बनाउने भनेर प्रतिलिटर पेट्रोलमा ट्याक्स लगाएर अर्बौं रूपैयाँ जम्मा भएर काम गर्न खोज्दाखोज्दै त्यो उता गाको इतिहास त छ नि ? त्यसो भएको हुनाले अब हामीले पनि कमसेकम ती कुराहरूमा सोचेर बोलौं भन्ने मेरो एउटा अनुरोध छ माननीयज्यूहरूसँग ।

अर्को अब म प्रदेशतिर आउन चाहन्छु सभामुख महोदय, हामी २ अढाइ वर्षको यो अभ्यासमा छौं र अहिलेको बजेट अधिवेशन शुरु भइसकेपछि यहाँ धेरै अभ्यासहरू भएका छन् । मलाई खुसी लाग्छ, किनभने प्रतिपक्षदलको तर्फबाट पनि यहाँ

विरोधका प्रस्ताव, संकल्प प्रस्ताव, संशोधन प्रस्तावहरू प्रयोग गरेर त्यो सभालाई बढी इफेक्टिभ हुने कोसिस गरिएको अवस्था हो । त्यस्तै सरकार पक्षबाट पनि आफ्नो ठाउँमा गरेकै अवस्था हो र यी सबैका बीचबाट अहिले हामीले प्रदेश विकास प्राधिकरण, प्रदेश विकास समिति, प्रज्ञा प्रतिष्ठान, प्रहरी ऐन, विज्ञान तथा प्रविधि जस्ता विधेयकहरू यो प्रदेश सभाले पास गरेको छ, यो खुसीको विषय हो । यद्यपि कतिपय विधेयकमा हाम्रा विमति रहे होलान तर यो खुसीको विषय कुन अर्थमा हो भने हामी चाहन्छौं यो प्रदेश सरकार, यो पहिलो मौका हो । हामी पनि पहिलो सरकारका प्रमुख प्रतिपक्षी हौ र पहिलो सरकार  हौं । यसले यो ५ वर्ष भित्रमा प्रदेशमा कमसेकम एउटा बाटो देखाओस् हाम्रो शुभकामना छ र हाम्रो पनि स्वार्थ छ, किन स्वार्थ छ भने गण्डकी प्रदेश विकसित हुनु भनेको हामी सबै विकसित हुनु हो । यसअर्थमा हामी यसलाई स्वागत गर्छौं, गरेका छौं तर प्रश्न कहाँनेर हो भने म सभामुख महोदयमार्फत अनुरोध गर्न चाहन्छु । हामीले भन्यौं हिजो विश्वविद्यालयहरू राजनीतिका अखडा भए, हिजो विश्वविद्यालयहरूका नियुक्तिहरूमा भागवण्डा भए, हिजो विश्वविद्यालयमा राज्यको हस्तक्षेपका कारणले क्वालिटीयुक्त, योग्य मेनपावर हामीले निकाल्न सकेनौं भनेर हामीले प्रदेशमा प्रदेश विश्वविद्यालय स्थापना गरेका थियौं । हिजो विकास निर्माणमा अहिले प्रचलित ऐन, कानून, परम्परा आदि इत्यादिले हामीलाई अगाडि बढ्न दिएन । त्यसो भएको हुनाले कमसेकम प्राधिकरण बनाएर एउटा यो विश्वका केही मोडलहरूलाई मध्यनजर गरेर हामीले प्राधिकरण ल्यायौं । त्यस्तै यो प्रदेशका खेलाडीहरूलाई अगाडि बढाउने सन्दर्भमा खेललाई अगाडि बढाउने सन्दर्भमा हामीले खेलसम्बन्धि विकेयक हामीले पास गर्‍यौं । त्यस्तै यो प्रदेश भनेको एउटा के भने संस्कृतिको भण्डार हो र हाम्रो पूँजी भनेको यहाँको सोसलकल्चरल एसेस्ट नै हाम्रो सबभन्दा ठूलो हो र यसलाई अगाडि बढाउनका लागि एउटा एकेडेमी चाहिन्छ भनियो । त्यसमा पनि हामी खुसी भयौं । बनेको छ अब के भन्न चाहन्छु भने विगतको जुन छ, विगतका कमी कमजोरीहरूलाई नजिर नबनाइयोस् । बिगतमा राम्रो काम भाको छ भने त्यसलाई कमसेकम फलो गरियोस् र पछि हामी सबैको, यी सबै संस्थानहरू यिनीहरू अगाडि बढ्ने भनेको अब कसरी त्यसलाई व्यवहारमा उतार्ने ? क्वालिफाइट मान्छे आउँछन् कि निश्चित ट्याग लाएका मान्छे आउँछन्, सही

मानेमा त्यो क्षेत्रलाई प्रतिनिधित्व गर्ने व्यक्ति आउने हो कि ? कस्तो व्यक्ति आउने हो ? आज आशंका त छ, त्यो आशंका चिर्ने दायित्व सरकारसँग छ ।

मेरो अनुरोध के हो भन्दाखेरी ठीक छ बहुमतको सरकार हो, नेकपाको सरकार छ, प्रतिनिधित्व छ तर यो गण्डकी प्रदेशको सरकार हो, यो सरकार जिम्मेवार बनोस् भन्ने हाम्रो पनि कामना हुन्छ । त्यसैका लागि हाम्रो दबाब पनि हुन्छ । यसर्थमा म के अनुरोध गर्न चाहन्छु भने, भोलिका दिनमा यद्यपि अहिलेसम्म पनि कम्प्यरेटिभली हाम्रो प्रदेश सरकार र यहाँको सत्ता विपक्षीको एउटा जुन हाम्रो चलाइ छ त्यो हाम्रो ठीक छ एभरेजमा अझ यो भन्दा पनि राम्रो बनोर जाओस् त्यो तर्फ कमसेकम सरकार सचेत होस् भन्ने अनुरोध गर्न चाहन्छु । म अब धेरै लामो कुरा नगरिकन अर्को एउटा के कुरा गर्न चाहन्छु भने यो अढाइ वर्षमा सभामुख महोदय, प्रदेश सभा र हामी दलहरू र सत्ता पक्ष सरकार र प्रतिपक्ष हाम्रा बीचमा जुन अभ्यासहरू भए मलाई लाग्छ अभ्यास भएकै छन् एउटा लोकतान्त्रिक व्यवस्थामा, संसदीय व्यवस्थामा हुनुपर्ने जुन अभ्यासहरू भएका छन् कहिलेकहिले हामी अवरोधमा अगाडि आएका छौं । कहिले केही भइराखेको छ । हामीले अभ्यास गर्ने सन्दर्भमा धेरै अप्ठ्याराहरू पनि आए होलान् । तर यो बीचमा सभामुखज्यूलाई म धन्यवाद दिन चाहन्छु । तपाईंले बीचमा जुन मध्यस्थताको भूमिका खेल्नु भाको छ । त्यसलाई म धन्यवाद दिन चाहन्छु र मुख्यमन्त्रीज्यूलाई पनि उहाँ दुई तिहाइकै सरकारको प्रमुख हो, त्यति हुँदाहुँदै पनि ढिलै भए पनि उहाँ आएर समझदारीपूर्वक निकास दिने कुरा, थालनी परम्परा यो प्रदेशमा गरेका छौं । भोलिका दिनमा पनि के को लागि त भन्दाखेरी सत्ता पक्ष र प्रतिपक्षको एकता र प्रदेशको खुसीयाली, विकासको लागि हामी सबैको एकताको लागि लचकतापूर्वक सबैलाई एडजष्ट गरेर जानसक्ने यो परम्परा हामीमा आओस् भन्ने कुराहरू दसैँकै सन्दर्भ भएको हुनाले हुनत हाम्रो मुख्यमन्त्रीज्यूले मान्नुहुन्छ हुँदैन, सरकारप्रमुखले हामी मान्छौं । तर हामी दुर्गा भवानीसँग हामी के अनुरोध गर्न चाहन्छौं भने हामी सबैलाई यो सद्बुद्धि दुर्गा भवानीले दिऊन् । यिनै कुराहरू राख्दै मैले अन्त्यमा अब शुभ विजयादशमीका सन्दर्भमा सम्पूर्ण हाम्रो सभामुखजीलगायत सम्पूर्ण माननीयजीहरू, मुख्यमन्त्रीलगायत सम्पूर्णमन्त्रीजीहरू र सम्पूर्ण प्रदेशका राष्ट्रसेवक मित्रहरू, प्रदेशवासी दाजुभाइ, दिदीबहिनीहरू सबैलाई मंगलमय कामना व्यक्त गर्दै विदा हुन चाहन्छु धन्यवाद जय नेपाल ।

माननीय सदस्यहरू अब म माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङज्यूलाई सभालाई सम्बोधन गर्न आग्रह गर्दछु ।

माननीय सभामुखज्यू, आज हामी प्रदेश सभाको स्थापनापछि छैटौं अधिवेशनको समापनको क्षणमा छौं । आज यो छ वटा अधिवेशनहरूको मूल्याङ्कन गर्दाखेरी यो अधिवेशन, दोस्रो अधिवेशन, पहिलो अधिवेशन भन्न सकिएला, यो अधिवेशन विशेष महत्वको अधिवेशन हो भन्ने लाग्दछ मलाई । यो विशेष अधिवेशनको समापनको संघारमा उभिएर आफ्नो भनाई राख्नुभन्दा अगाडि म सबै ती महान् शहीदहरूलाई सम्मान गर्न चाहन्छु, स्मरण गर्न चाहन्छु । ती घाइते, अपाङ्गहरू सबैलाई सम्मान गर्न चाहन्छु । जसको बलिदान, कुर्वानी, त्याग र तपस्याका कारणले आजको यो अवस्था सम्भव भएको हो । यस बीचमा हामी यो छैटौं अधिवेशनकै चरणमा हुँदाहुँदा मुलुकमा ठूलो बाढीपहिरो आयो । सबैभन्दा बाढीपहिरोले सबैभन्दा बढी आक्रान्त प्रदेश गण्डकी प्रदेश रह्यो । बाढीपहिरोको कारणले आफ्नो अमूल्य जीवन गुमाउनु हुने सबै गण्डकी प्रदेशवासी नागरिकहरूलाई सम्मान, स्मरण गर्न चाहन्छु, श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । मुलुकभरमा यही बाढीपहिरोको कारणले आफ्नो अमूल्य जीवन गुमाउनु हुने सबै व्यक्तिहरूको श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । पुर्नस्थापित गर्नुपर्ने सबै नागरिकहरूको यथोचित पुर्नस्थापना गर्दै जाने क्रममा प्रदेश सरकारकोतर्फबाट प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । साथै कोभिड १९ को कारण आफ्नो ज्यान गुमाउनुहुने सबै स्वदेशमा रहेका र विदेशमा रहेका सबै नेपाली दाजुभाइहरूलाई श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । आइसोलेसनमा उपचार गरिरहनु भएका सबै दाजुभाइदिदीबहिनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

हामी यहाँसम्म आइपुग्दाखेरी मैले अघि भने यो अधिवेशन विशेष महत्वको अधिवेशन । यसले धेरै महत्वपूर्ण दूरगामी प्रभाव पार्ने खालका, यो गण्डकी प्रदेशमा शान्ति सुरक्षा कायम गर्ने, गण्डकी प्रदेशको संवृद्धिका लागि विदेशी निबेस, पूँजी प्रविधि भित्र्याउने, निजी क्षेत्रलाई आकर्षित गर्ने कामलगायत धेरै क्षेत्रहरूको व्यवस्थापन गर्ने सन्दर्भमा हाम्रो महत्वपूर्ण ऐनहरू बनेका छन् । यो अधिवेशन विशेष रूपमा महत्वपूर्ण अधिवेशनका रूपमा कोभिड १९ का बीचमा

पनि सञ्चालन गरिरहँदा खेरी कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचार कसरी गर्नुपर्छ भन्ने बारेमा यहाँ विशेष छलफल भयो, एउटा निष्कर्षमा पनि पुग्या छौं । यसकारण यो अधिवेशनलाई सभ्यतापूर्वक, भव्यतापूर्वक सम्पन्न गर्नका लागि योगदान पुऱ्याउनु भएका माननीय सभामुख, उपसभामुखज्यू, सबै माननीयज्यूहरूलाई म धेरै-धेरै धन्यवाद व्यक्त गर्न चाहन्छु । आभार व्यक्त गर्न चाहन्छु ।

यो चालु अधिवेशनबाट प्रदेश सरकारको वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत बजेट पारित हुनुको साथै यो अधिवेशनबाट हामीले करिब १४ वटा विधेयकहरू हामीले पारित गरेका छौं । नीति, कार्यक्रम र बजेट पास भएको हुनाले विनियोजन विधेयक पास हुने भैहाल्यो, आर्थिक विधेयक पास गरेका छौं । वातावरण संरक्षण गर्न बनेको विधेयक पास गरेका छौं । गण्डकी प्रदेशको नीति विज्ञान प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालन गर्न बनेको विधेयक पास गरेका छौं । गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको सञ्चालन र स्थापना गर्न बनेको विधेयक पास गरेका छौं । गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई हामीले संशोधन गरेका छौ, हामीले पारित गरेका छौं । प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि पास गरेका छौं । प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जो दुई वर्ष अगाडिदेखि थन्किएर बसेको थियो सो विधेयकलाई हामीले यसपटक पास गरेका छौं । गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना, सञ्चालन गर्न बनेको विधेयक यस्तै प्रकारले गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सन्दर्भमा व्यवस्था गर्न बनेको विधेयक, गण्डकी प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गरी १४ वटा विधेयक हामीले पास गरेका छौं । यसकारण पनि यो विधेयक एकदम महत्वपूर्ण र एकदमै ऐतिहासिक रहेको कुरा यहाँहरू समक्ष स्मरण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, कोभिड १९ को सम्बन्धमा फेरि पनि यहाँ जिज्ञासा हुनु स्वभाविक हो । आज अधिवेशन अन्त्य गर्ने सन्दर्भमा मुख्यमन्त्रीकोतर्फबाट,

गण्डकी प्रदेश सरकारकोतर्फबाट कोभिड १९ का सन्दर्भमा भए गरेका कुराहरूबारेमा फेरि पनि अप्डेट गर्ने अनुमति म चाहन्छु । हाम्रो प्रदेशमा अहिलेसम्म पीसीआर परीक्षण ७६ हजार ६ सय ९३ जनाको गरिसकेका छौं । जम्मा संक्रमित संख्या ४ हजार ८ सय पुगेको छ । निको भएकाको संख्या ३ हजार २८४, सक्रिय संक्रमित १४ सय ७७, यसमध्ये होम आइसोलेसनमा ८४२, अस्पतालका आइसोलेसन केन्द्रहरूमा ६३५ जना, मृतक संख्या ४० यो बाहिरबाट आएको भए पनि गण्डकी प्रदेशको ठेगाना लेखिएकाले हो यो । आइसीयुमा रहेका ६ जना र क्वारेन्टाइन्मा रहेको संख्या ६७२ जना अहिले हाम्रो यो अस्पताल १४ वटा छ आइसोलेसन यो कोभिड १९ को रोकथाम उपचारका लागि सञ्चालन भएका अस्पतालहरू । एउटा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, जीपी कोइराला स्वासप्रस्वास उपचार केन्द्र यो संघीय सरकार अन्तर्गतको हो यसलाई पनि हामीले प्रयोगमा ल्याएका छौं । एउटा हाम्रो गण्डकी प्रदेश संक्रामक तथा सरुवा रोग अस्पताल र बाँकी ११ वटा जिल्ला अस्पतालहरू । हाम्रो गण्डकी प्रदेश सरकारद्धारा सञ्चालित कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारमा सञ्चालित अस्पतालहरू १४ वटा रहेको स्मरण गर्न चाहन्छु । भेन्टीलेटर क्षमता हाम्रो ५७ वटा हो । मध्यबिन्दु अस्पताल नवलपुर र गण्डकी उपप्रादेशिक अस्पताल बागलुङमा पीसीआर मेसिन जडान गर्ने प्रक्रिया हामीले अगाडि बढाएका छौं । प्रदेशको स्वास्थ्य सेवा सुचारु गर्न सबै जिल्ला अस्पतालहरूमा आइसीयु कक्षा सञ्चालनका लागि कार्डियोमनिटर, अक्सिजन प्लान्ट, भेन्टिलेटर स्थापना गर्ने काम गरिरहेका छौं । यही वर्ष हामीले म्याग्दी, पर्वत, स्याङ्जा, गोर्खालगायतका जिल्लाहरूमा होमोडाइलोसिसको काम पनि प्रारम्भ गरेका छौं । अब ३ वटा जिल्ला अस्पतालहरू खास गरिकन मातृशिशु अस्पताल, मध्यबिन्दु जिल्ला अस्पताल नवलपुर र लमजुङ अस्पतालमा होमोडाइलोसिस प्रक्रिया शुरु गर्न बाँकी छ । यही अवधिमा हामीले सबै जिल्ला अस्पतालहरूमा अक्सिजन प्लान्ट राख्ने योजना बनाएका छौं । मातृशिशु अस्पतालमा त्यो कामको प्रारम्भ भइसकेको छ । जहाँ आइसीयु कक्ष सञ्चालन हुन्छ त्यहाँ भेन्टिलेटर चलाउनुपर्ने आवश्यकता भएको हुनाले त्यहाँ अक्सिजन २४ सै घण्टा आवश्यक पर्ने भएको हुनाले त्यहाँ बाहिरबाट खरिद ग रेर लैजाँदा समस्या हुन्छ भनेर हामीले ११ वटै जिल्ला अस्पताल र हाम्रो संक्रामक अस्पतालमा पनि अक्सिजन प्लान्ट स्थापना अभियान चलाएका छौं ।

यही अवधिमा हामीले सामुदायिक लायन्स अस्पताल मोहोरिया साविक लेखनाथ नगरपालिकास्थित अहिले होला ३० वडा नं. मलाई एकीन भएन सञ्चालित त्यो अस्पताललाई गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयसँग सहमति भएर गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गरेपश्चात त्यहाँ हामीले संक्रामक तथा सरुवा रोग अस्पताल गण्डकी प्रदेशको स्थापना गरेका छौं । यही वर्ष नेपाल सरकारको सहयोगमा गण्डकी प्रदेश संक्रामक तथा सरुवा रोग अस्पतालको नयाँ ५० शैय्याको भवन निर्माणको काम पनि हामी थालनी गर्दैछौं । करिब २६ करोड रकम आउने आश्वासन प्राप्त भइसकेको छ ।

प्रदेश सरकारको वार्षिक विकास कार्यक्रम र बजेटलाई प्रभावकारी कार्यान्वयन गरी एकरूपता ल्याउन बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि पहिलो चोटी हामीले ल्याएका छौं । त्यसले गर्दा हाम्रो बजेटहरू कार्यान्वयन गर्ने कुरामा पनि एकरूपता, चुस्तदुरुस्त र छिटो-छरितो हुन्छ भन्ने विश्वास हामीले लिएका छौं । प्रदेश सरकारका सबै कामहरूलाई प्रभावकारी बनाउन सबै माननीयमन्त्री, प्रमुख कार्यालय सचिव, माननीय मन्त्रीज्यूहरू र मुख्यमन्त्री बीचमा करार सम्झौता भएको छ । प्रमुख सचिवसँग सचिवहरूको, विभागीय प्रमुखहरूको, विभागीय प्रमुखहरूको मन्त्रालय सचिवहरूसँग कार्यालय सचिवहरूसँग कार्यसम्पादन सम्झौता गरेर त्यसलाई प्रभावकारी ढंगले सञ्चालन गर्ने काम गरेका छौं हामीले । प्रदेश सरकारले प्रत्येक विपत् व्यवस्थापन नियमावली २०७७ स्वीकृत गरी लागू गरिएको र केही महत्वपूर्ण व्ववस्थाहरू पनि हामीले गरेका छौं । विपत्को घटनामा परी घर पूर्ण रूपमा नष्ट भई विस्थापित भएका, अन्यत्र घरबास नभएका परिवार सुरक्षित स्थानमा विकासका पूर्वाधार तथा उपयुक्त सेवासुविधासहितका व्यवस्थित र सुरक्षित वस्ती विकास गर्ने गरी घर निर्माण गर्नका लागि प्रदेश विपत् व्यवस्थापन परिषद्को सिफारिसमा प्रदेश सरकारले तोकेको रकम उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरेका छौं हामीले ।

विपत्बाट क्षतिग्रस्त भएका सडक, पुल, सिङ्गो झोलुङ्गे पुल, पुलेसा, खानेपानी सिञ्चाई, सार्वजनिक तथा सामुदायिक भवनका भौतिक संरचना तत्काल मर्मत संभार तथा पुर्न निर्माण गर्न प्रदेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत आवश्यक बजेटको व्यवस्था गर्ने तयारी गरिरहेको छ । कोभिड १९ बाट

प्रभावित व्यवसायी, बेरोजगार व्यक्तिलाई सम्बोधन गर्न व्यवसायी जीवनरक्षा कोषको परिचालन गर्ने प्रक्रिया अगाडि बढाएको छ हामीले कार्यविधि बनाउने क्रममा र हामी सम्बन्धित पर्यटन व्यवसायीहरू, यातायात व्यवसायीहरू, कृषि व्यवसायीहरूलगायतका सबै क्षेत्रहरूसँग जो-जो प्रभावित छन्। उनीहरूसँग हाम्रो अन्तरक्रिया चलिरहेको छ। निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि तेस्रो संशोधन नियमावली २०७७ स्वीकृत गरी लागू गरिएको छ। वार्षिक विकास कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन मासिक रूपमा वार्षिक कार्यक्रम कार्यान्वयन समीक्षा कार्यक्रम गर्ने कार्य प्रारम्भ गरिएको छ। अघि माननीयज्यूले कुरा उठाउनु भाछ। चालु बजेटको साथसाथमा पूँजीगत बजेट खर्च गर्ने क्षमता हाम्रो अझै पनि विकास हुन सकेन भन्ने छ। पहिलो वर्ष यो विकास गर्न नसकेको स्थिति हो ६५ प्रतिशत मात्र हाम्रो खर्च भा थियो। दोस्रो वर्ष कोभिडका कारणले फेरि हामी अल्मलियौ बीचमा। जुन बेला हाम्रो रफ्तारमा काम गर्नुपर्ने इन्टेन्सिटी बढाउनुपर्ने बेला थियो। सम्पन्न हुने बेला थियो। त्यही बेला कोभिड आएको कारणले गत वर्षको सबै मूल्यांकन हुने स्थिति पनि भएन। त्यसकारणले गतवर्ष त्यसका बाजदुत पनि हामीले ६२ प्रतिशत रकम खर्च गरेका छौं। त्यसका लागि अहिले यो साल अब हामीले मैले धेरैपटक भन्ने गऱ्या छु। अब कर्मचारी पुगेन, कर्मचारी अभावको कारणले काम गर्न सकिएन भनेर गाली गरेर मात्रै पुग्दैन संघ सरकारलाई। अब जिल्लाका संरचनाहरू, कार्यालयहरू हामीलाई हस्तान्तरण गरिदिएन त्यसकारण काम कारवाही भएन भनेर सधैं गीत गाइरहने स्थिति पनि अब बन्दैन। बन्नु हुँदैन भन्ने छ।

प्राविधिक कर्मचारी हामीलाई जति चाहिएको छ हामीले करारमा भर्ना गरेर पनि काम शुरु गरेका छौं। जिल्ला-जिल्लामा हामीले जिल्लास्तरीय कार्यालयहरू जहाँ-जहाँ थिएनन् भौतिक पूर्वाधार विकास कार्यालय हाम्रो ११ वटै जिल्लामा विस्तार गरेका छौँ यो वर्ष। सिँचाइ, खानेपानी, सिँचाइको डिभिजन कार्यालय, घरेलु वन कार्यालय सबै जिल्लामा छँदै थिए। बाँकी खानेपानीको कार्यालय पनि सबै जिल्लाबाट हुने गरेर भवन निर्माण कार्यक्रम सबै जिल्लाबाट हुने गरेर हामीले सञ्चालन गरेका छौँ। थप हामीले यो ज्ञान केन्द्रहरू छ वटा स्थापना गर्नुपर्ने छ हामीले। त्यसमा पनि स्थापना गर्ने र विज्ञ कृषि विज्ञ केन्द्र ४ वटा स्थापना गर्न अझै बाँकी छ। त्यसलाई हामीले यो वर्ष ओएनएम गरेर विद्यमान जे जति

कर्मचारी छन् त्यसबाटै हामीले जिल्ला जिल्लामा कार्यालय व्यवस्थान गर्दै छौं । यसकारण हाम्रो कार्यालयको अभावको कारणले जनतालाई सेवा ग्रहण गर्नका लागि धेरै जिल्ला धाउनुपर्ने स्थितिको अन्त्य गरेका छौं । पूजींगत खर्च गर्ने क्षमता बढाएका छौं । कार्यालय सञ्चालनको जिम्मा दिएर प्रभावकारी ढंगले कार्य सञ्चालनका लागि सबै कार्यालय प्रमुखहरूलाई निर्देशन दिइसकिएको छ । यस कारण यो वर्ष हाम्रो करिब ९० प्रतिशत तल माथि भएन भने नरहने गरेर खर्च गर्ने योजना हामीले बनाएका छौं । माननीय सदस्यज्यूहरूलाई के अनुरोध गर्न चाहेको हो भने सभामुखमार्फत् भने हामीले अहिले चालु आर्थिक वर्षको यस भाद्र मसान्तसम्मको खर्च गत वर्ष हाम्रो केही खर्चै हुने थिएन अहिले हाम्रो धेरै कामहरू वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिरहँदा खेरी हामीले यो सदन समक्ष प्रस्ताव गरेको विषय के थियो भने, सदनले पारित गरेको विषय के थियो भनेदेखि हाम्रो विकास निर्माणका सबै कामहरू, कार्यान्वयन गर्ने कुराहरू, यसका पूर्व अभ्यासका कामहरू, यसको कुनै कार्यक्रम गर्दा खेरी चाहिने कार्यविधिका कुराहरू, सम्झौताका कुराहरू, इल्याबोरेटका कुराहरू, डीपीआर तयार गर्ने कुराहरू सबै प्रथम चौमासिक भित्र सकिसक्नुपर्छ । र हाम्रो दोस्रो चौमासिकको सबै प्रक्रिया दोस्रो चौमासिक भित्र पुग्दा नपुग्दा हामी व्यवस्थित रूपले, प्रभावकारी ढंगले, सुचारु ढंगले कार्यक्रम कार्यान्वयन तहमा पुऱ्याउनुपर्छ भन्ने हाम्रो प्रतिबद्धता जुन चाहि हो त्यो प्रतिबद्धता अनुसार काम हामीले थालेका छौं । धेरै कामहरूको कार्यविधि, एकीकृत कार्यविधि बनिसक्या हुनाले सबै कार्यक्रमको कार्यविधि बनाउनुपर्ने झन्झट हामीलाई रहेन । कार्यविधिका आधारमा विभिन्न मादपण्डहरू बनाउँदै हामीहरूको डीपीआरहरू तयार भइसक्या छ धेरै योजनाहरूको । त्यसको अब हामी ठेक्का सम्झौता गरेर निर्माणको प्रक्रियामा प्रवेश गरिसक्या छौं । अहिलेसम्म हाम्रो यो वर्षको चालु बजेट हाम्रो १४ अर्ब, ३७ करोड २६ लाख ८४ हजार हो । त्यसमध्ये अहिलेसम्म हाम्रो ३८ करोड ३५ लाख ४७ हजार खर्च भएको छ । पूँजीगततर्फ १९ अर्ब ९९ करोड ९४ लाख ७६ हजार हो त्यसमध्ये हामीले अहिलेसम्म २३ करोड ९६ लाख ३६ हजार खर्च गरेका छौँ । जम्मा ३४ अर्ब, ८४ करोड २१ लाख ६० हजार हाम्रो कुल बजेटमध्ये अहिलेम्म हाम्रो ६५ करोड ३१ लाख ८४ हजार खर्च गरेका छौँ । एक निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम अन्तर्गत ३६ वटा सडकहरूमध्ये ३५ वटा सडकहरूको निर्माण

कार्य शुरु भएको छ । यो वर्ष एउटाको डीपीआर पूरा भएर अब हामी सम्झौताको क्रममा छौं । त्यस्तै प्रदेश राजधानीदेखि स्थानीय तहको केन्द्र जोड्ने सडकहरू यो वर्ष बाँकी केही सडकहरूको डीपीआर जस्तै इआइएले रोकिरहेको छ यो वर्ष हामीहरूले यही आर्थिक वर्षको दोस्रो चौमासिक शुरु हुँदा नहुँदै हामी त्यो कार्यक्रम पनि कार्यान्वयनमा लैजाने प्रतिबद्धता जाहेर गऱ्या छौं । आधारभूत खानेपानी १३० वटा खानेपानीका आयोजनाहरू गत वर्षदेखि प्रारम्भ भाछ । यो वर्ष पनि हामी त्यो कामलाई चालु गरेर हाम्रो उद्देश्य अबको २ वर्ष भित्र आधारभूत खानेपानीको प्रबन्ध गरिसक्ने भन्ने हो । एक घर, एक धाराको हाम्रो अभियान जारी छ । नेपाल सरकारको एक घर, एक धारा अभियान भएको हुनाले नेपाल सरकारको पनि सहयोगमा हामीले यो हाम्रो कार्यविधि भित्र अबको अन्तिम हाम्रो आर्थिक वर्षभित्र ७९/८० भित्र एक घर एक धाराको अभियान पनि पूरा गर्नुपर्छ भन्ने लक्ष्यका साथ, अठोटका साथ हामी अगाडि बढिरहेको कुरा सम्मानित सदन समक्ष सभामुखमार्फत म निवेदन गर्न चाहन्छु ।

गण्डकी प्रदेश, उज्यालो प्रदेश सायद गतवर्ष लकडाउन शुरु नभएको भए हाम्रो आर्थिक वर्ष २०७६/७७ मा यो अभियान सम्पन्न भइसक्थ्यो । यो वर्ष हामी गण्डकी प्रदेश उज्यालो प्रदेश अभियानलाई सम्पन्न गर्नका लागि यहाँहरू सबैलाई थाहा छ नेपाल विद्युत प्राधिकरण पोखराको क्षेत्रीय कार्यालयसँग हाम्रो सम्झौता भएको छ । त्यो सम्झौता मुताविक कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारीको जिल्ला, यहाँको योजना र रकम उपलब्ध गराउने काम हाम्रो हो । यसकारण यो काम पनि यो वर्ष सकिन्छ भन्नेमा हामी आशामा छौं । यो वर्ष सक्ने गरेर हामी लाग्ने पनि हामी यहाँहरूसँग प्रतिबद्धता जाहेर गर्न चाहन्छौं । ७७ हजार काठेपुललाई विस्थापन गर्ने हाम्रो अभियान छ । यो अभियानभित्र नेपाल सरकारको पनि केही केही कार्यक्रम आएको छ, सायद हामी आशा गरौं २०-२५ हजार काठेपुल विस्थापन गर्ने काम संघीय सरकारले पनि हामीलाई सघाउने छ । त्यसको पनि अभियान चलि राखेकै छ । तर हाम्रो अभियान यो वर्षसम्म हाम्रो गएको वर्ष हामीले २४ हजार काठेपुल विस्थापन गरेका हौं । यो वर्ष हामीले ६ हजार काठेपुल विस्थापन गर्ने अभियान सायद अगाडि बढाएका छौं र यो ३० हजार यो वर्ष पुऱ्याएर बाँकी ३ वर्ष भित्र बाँकी यो काठेपुल विस्थापन गर्ने काम पनि सक्ने योजनाका साथ हामीले यो कार्यक्रम अगाडि बढाएका छौं । अर्को हामी

सबैलाई धेरै दुःखद विषय के थियो भनेदेखि महालेखा परीक्षकको रिपोर्ट २०७५/०७६ आर्थिक वर्षको रिपोर्टमा दोस्रो बेरुजु रकम धेरै भएको प्रदेशका रूपमा गण्डकी प्रदेश । अरु धेरै विषयमा एक नम्बर, दुई नम्बर भइरहने प्रदेश यो धेरै बेरुजु भएको प्रदेशको रूपमा यो छैठौ नम्बरमा थियो । यसको त्यो मूलभूत कारण के थियो भनेदेखि हाम्रो धेरै ठाउँमा अनियमितता भएर भन्दा पनि हाम्रो यो जुन बहुवर्षिय सडक आयोजनाहरू छन्, बहुवर्षीय सडक तथा पुलको आयोजनाका कारणले शुरुमा हामीले पेश्की दिनुपर्ने र त्यो पेश्की फर्स्योट नगरिसकेको हुनाले एक अरब ११ करोड हाम्रो पेस्की फर्स्योट गर्न बाँकी थियो । हाम्रो १ अर्ब ६५ करोड करिब बेरुजु रकममध्ये पेस्कीमा म्याद नाघेको, फर्स्योट नभएको १ अर्ब ११ करोड थियो ।

त्यस्तै प्रकारले त्यो हाम्रो बाँकी भौतिक पूर्वाधार विकास मन्त्रालयमा मात्रै १ अर्ब ४९ करोड बेरुजु थियो । त्यसमध्ये तपाईंको पेश्की बेजुरु मैले अधिनै भनी हाले । त्यसको ५३ प्रतिशत फर्स्योट भइसक्या छ । त्यस्तै असुल उपर गर्ने भन्ने ३ करोड ७३ लाख असुल उपर गर्नुपर्ने भन्ने थियो त्यसमा हामीले करिब ३७ प्रसेन्ट फस्योट गरिसक्या छौं । नियमित गर्नुपर्ने ८ करोड ५४ लाखमध्ये करिब-करिब हामीले ३७ प्रतिशत नियमित गरिसक्या छौं । करिब ६७ प्रतिशत प्रमाण पेश गर्नुपर्ने, प्रमाणहरू नपुगेको, कागजातहरू नपुगेको भएकाले कागजातहरू पुऱ्याउनुपर्ने कुरो ३५ करोड ८८ लाख थियो झण्डै-झण्डै दुई तिहाइ रकम हामीले असुल गरिसक्या छौं । यसरी ८१ करोड ७० लाख, ८४ हजार भौतिक पूर्वाधार मन्त्रालयमध्ये पेश्की बेरुजु रकम फस्यौट गर्ने काम, नियमित गर्ने काम, व्यवस्थित गर्ने काम, असुल उपर गर्ने काम गऱ्या छ । बाँकी अरु मन्त्रालयहरूको पेश्की रकम बेरुजु रकम थोरै भएको हुनाले यहाँ उल्लेख गरेको छैन । जेहोस् हाम्रो मुख्य सचिवको नेतृत्वमा बेरुजु रकम फर्स्योट समिति गठन गरेर मन्त्रालय मन्त्रालयको पेश्की बेरुजु रकम कसरी फर्स्योट गर्ने भन्ने अभियानमा लागेको र यही वर्षभित्र हामी सबै चुक्त गरिसक्नेमा पनि हामी लाग्या छौं । थोरै कुरा मैले के निवेदन गर्न चाहेको भनेदेखि, माननीय सभामुख महोदय । विपत् परिवारलाई राहत वितरण पनि गरेका छौं यस बीचमा विपत् प्रभावित जिल्ला हाम्रो ८ वटा हो । नवलपुर, मनाङ र मुस्ताङ जिल्ला बाहेक कुनै पनि जिल्लामा विपत् आइरहेको छ । मृतक संख्या १२७ जना, प्रभावित परिवार १२७१ परिवार, राहत

वितरण १ करोड २३ लाख ८५ हजार हामीले राहत वितरण गरेका छौं । गण्डकी विश्वविद्यालयको दरबन्दी स्वीकृति गर्न सहमति नियमावली पनि दिएका छौं हामीले । गण्डकी विश्वविद्यालयको कर्मचारी नियमावली, संगठन र शैक्षिक प्रशासन नियमावली र आर्थिक प्रशासन नियमावली बनाउने सहमति पनि हामीले दिइसकेका छौं । गण्डकी विश्वविद्यालय, प्रदेश क्रिकेट मैदान, शान्तिघाट, गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान, प्रदेश आयुर्वेद अस्पताल, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र गण्डकी प्रदेश सभा भवन र परिषद् निर्माणका लागि नेपाल सरकारबाट जग्गा प्राप्त गऱ्या छौं हामीले यो वर्ष । यो महत्वपूर्ण उपलब्धि हो भन्ने लाग्छ मलाई ।

यसैगरेर यो वर्षको आर्थिक सर्वेक्षण गर्दा खेरी म्याक्रोइकोनोमीको कुल ग्राहस्थ उत्पादन र आर्थिक वृद्धिमा कोभिड १९ को असर कस्तो छ गण्डकी प्रदेशमा भनेर भन्दाखेरी प्रदेश नं. १ ले ०७६/७७ को लागि प्रक्षेपित आर्थिक वृद्धि कति थियो भने ७.४ प्रसेन्ट थियो । चैतदेखि वैशाखसम्म कोभिडको कारणले उत्पन्न जे असर पाऱ्यो त्यो असरले गर्दाखेरी ७.४ प्रतिशतको आर्थिक वृद्धिदर गर्ने प्रक्षेपण ३.४१ प्रतिशतमा झऱ्यो १ नम्बरमा । त्यस्तै चैतदेखि असारसम्मको हेर्दाखेरि १.०७ प्रतिशतमा झऱ्यो त्यो त्यहाँ ३४ अर्ब ३२ करोड नोक्सान भयो । असारसम्म आइपुग्दा ४६ अरब ५१ करोड नोक्सान भएको थियो १ नम्बर प्रदेशमा । मैले तुलना किन गरेको भने गण्डकी प्रदेशमा हामी कहाँ छौं भनेर देखाउनका लागि हो । २ नम्बर प्रदेशमा ८.१२ प्रतिशत आर्थिक वृद्धिदरको प्रक्षेपण गऱ्या थियो । त्यसमा २.२८ प्रतिशत देखियो । चैतदेखि वैशाखसम्म कोभिडको कारणले उत्पन्न प्रभावले गर्दा त्यति झऱ्यो । साथै त्यो असारसम्म आउँदाखेरी ०.७२ प्रतिशतमा झर्‍यो १ प्रतिशतभन्दा तल झर्‍यो त्यसको आर्थिक वृद्धिदर । २९ अबर ९० करोड नोक्सान भा थियो वैशाखसम्म । असारसम्म त्यसको ३९ अरब ९४ करोड ९० हजार नोक्सान भएको छ । बागमती प्रेदेशमा ४.८६ प्रतिशत आर्थिक वृद्धिको प्रक्षेपण गरिएको थियो । त्यो वैशाखसम्म आउँदाखेरी १.२३ प्रसेन्टमा झर्‍यो । अहिले त्यो असारसम्म आउँदा माइनसमा छ, त्यो बागमती प्रदेशको -१.२७ प्रतिशतमा झरेको छ । ७७ अरब नोक्सान भयो बाग्मती प्रदेशमा असारसम्म आइपुग्दा १ खर्ब १८ अरब २७ करोड नोक्सान भएको छ कोभिडको कारणले । गण्डकी प्रदेशमा हामीले ९.२ प्रतिशत भनेको संघले हाम्रो प्रक्षेपण गरेको ६.६५

प्रतिशत थियो । अहिले संघले यति हुन्छ भनेर प्रक्षेपण गरेको हो । गण्डकी प्रदेशको आर्थिक प्रक्षेपण वृद्धिदर प्रक्षेपण कति थियो ६.६५ थियो त्यसमा वैशाखसम्म कोभिडको कारणले त्यो घटेर २.६८ मा भयो । असारसम्म आउँदाखेरी हाम्रो २.२९ मात्र भयो धेरै घटेन । हाम्रो १९ अरब ३१ करोड नोक्सान भएको छ वैशाखसम्म । असारसम्म हाम्रो २७ अरब ७९ करोड नोक्सान भएको छ ।

यस्तै प्रकारले ५ मा ४२ अर्ब नोक्सान भाछ । कर्णालीमा ११ अर्ब नोक्सान भाछ । सुदूरपश्चिमको २० अर्ब नोक्सान भाछ । सिंगो नेपालको ६.९९ प्रतिशत आर्थिक वृद्धिदरको प्रक्षेपण थियो । अहिले हाम्रो २.६८ मा झर्‍यो वैशाखसम्म । यो नेपालको २.२८ मा झऱ्या छ । असारसम्म आउँदा नेपालको ०.०६ मा छ । हाम्रो २.२९ छ । असारसम्म आउँदा १ नम्बरको १.०७, २ नम्बरको ०.७२, बागमतीको माइनस भन्नुहुन्छ उहाँले -१.२७, गण्डकीको २.२९, बागमतीको ०.५ प्रतिशत, ५ नम्बरको अहिले लुम्विनी भन्नु पर्‍यो, कर्णालीको १.६२, सुदूरपश्चिमको १.२५ र नेपालको ०.६० यसको मानेमा मैले के भन्न खोजे भने हामीले वैशाखको पहिलो हप्तादेखि नै विकासको कामहरू, निर्माणको कामहरू शुरु गरेको, नयाँ मोडालिटी अपनाएर कोभिडको, लकडाउनको । धेरै उद्योगहरू खाद्यान्नसँग जोडिएको सबै उद्योगहरू सञ्चालन गर्ने अभियानका साथ लाग्या हुनाले लकडाउनको मोडालिटी चेन्ज गरेर हामीले आर्थिक संवृद्धितिर पनि लाग्नुपर्छ भनेर काम गऱ्या हुनाले हाम्रो नोक्सानी धेरै हुन सक्थ्यो यो मतलब हामीले कम गरेका छौं र हामीले कमसेकम २ दशमलव भन्दा तल आर्थिक वृद्धिदर घट्या छैन अब विस्तारै हामी फेरि अघिल्लै स्थितिमा छौं । यो युएनको विपरित हो । यही ७५ सालमा हाम्रो गण्डकी प्रदेशमा वित्तिय संस्थाहरूको लगानी एक खर्ब ७७ अर्ब थियो । अब ७६ मा आउँदाखेरी दुई खर्ब हाम्रो लगानी भएको छ । अब यो हाम्रो लगानी बढ्या छ । २ खर्ब ५ अर्ब करिब २० प्रतिशतले वृद्धि भएको छ । तर यता हाम्रो २७ अर्ब नोक्सान भएको हुनाले त्यो हामीले घटाएर हेर्नुपर्ने स्थिति हुन्छ । त्यसकारण हाम्रो अर्थतन्त्र, आर्थिक स्थिति धेरै कहाली लाग्दो छैन भन्ने कुरा हाम्रो प्रदेशबाट मूल्यांकन गर्न सक्छौं ।

हाम्रो आजको यो प्रदेश सभाको छैटौं अधिवेशनको समापनको क्रममा केही राष्ट्रियताको विषय पनि उठेको छ । म त्यसमा धेरै समय खर्चन चाहन्न । खाली

मैले के मात्रै भन्न चोहेको म प्रमुख प्रतिपक्षी दलको नेतासँग पनि सहमति रहेको जनाउन चाहेको भन्दाखेरी यस पटकको यो सरकारले सबैले दुई तिहाईको सरकारले के गऱ्यो ? भन्दाखेरी दुई तिहाइको सरकारले गरेको एउटा महत्वपूर्ण काम भनेको १८१६ को सुगौली सन्धि पछाडि जुन खालको हाम्रो नेपालको सीमाना बनेको थियो र १९६२ पछि भारत र चाइनाको लडाइपछि जुन खालको संसदको स्थिति बन्यो त्यसबेला भारत सरकारले नेपालको तत्कालन महेन्द्र सरकारसँग सम्झौता गरेर महेन्द्र सरकारले अरु धेरै कुरा गर्दागर्दै पनि भारतसँग सरकारसँग एउटा कुराको सम्झौता गऱ्यो । आफ्नो पञ्चायती व्यवस्थाको समर्थन गर्ने सर्तमा, समर्थन गरिदिने सर्तमा आज हामीले अहिले भर्खर हामीले आफ्नो नक्सा बनाएको आफ्नो जमिन दावी गरेको १८१८ को सुगौली सन्धिमा हाम्रो सीमाना भित्र परेको कालापानी, लिम्पियाधुरा, लिपुलेको यो चिजलाई भारतसँग भारतले त्यो प्रयोग गर्दाखेरी भारतको सेना कालापानीमा राख्दाखेरी सहमति भएको कारणले त्यसयता हामीले धेरै सरकार भनौ न धेरै जना प्रधानमन्त्री बने त्यसकारणले कसैसँग पनि यो अधिकार छैन, आज किन गऱ्यो, किन यसो गऱ्यो भन्ने अवस्था छैन किन छैन भन्दाखेरी नेपाली काँग्रेसका धेरै नेताहरू प्रधानमन्त्री बन्नु भाछ । कम्युनिष्टबाट पनि धेरै नेताहरू प्रधानमन्त्री बन्नुभएको छ । पञ्चायतकालमा धेरै राजाका मान्छेहरू प्रधानमन्त्री बनेका छन् । श्री ५ को सरकारको प्रधानमन्त्री बन्याछन् । सबै यहाँ भारतीय विस्तारवादको नारा लगाउँदै आयौं । असमान सन्धी खारेज गर भन्दै नारा लगाउँदै आएका छन् । असमान सन्धिका बारेमा पहिलो चोटी इपिजी गठन भएको हो । केपी सरकारका पालामा हो । केपी ओली नेपालको प्रधानमन्त्री थिए । इमिडेट पर्सन ग्रुप बनाएर असमान सन्धिहरूको बारेमा सबै त्यसको संशोधन गर्ने, पुनरावलोकन गर्ने कुरा इतिहासमा त्यो कुरालाई भारतीय शासकहरूलाई, भारतीय सरकारलाई त्यो कुरामा मनाउन सक्ने भन्ने महत्वपूर्ण उपलब्धि थियो नेपालको । भलै अहिलेको सरकारले त्यसलाई पहल गर्ने कुरामा आनाकानी गरिराख्या स्थिति छ । त्यसकारण नेपाल सरकारलाई त्यही कुराको निरन्तरता दिनलागि अहिले जसरी हाम्रो सीमा मिचिएको सन्दर्भमा सीमालाई दुरुस्त गर्ने काम गऱ्यो । नक्सांकन गर्ने काम गऱ्यो । सीमांकन गर्ने काम गऱ्यो । त्यसमा नेपाल सरकारलाई सबैले धन्यवाद दिनुपर्थ्यो । सबैलाई बर्धाइ दिनुपर्थ्यो कि अघि नै हाम्रो प्रतिपक्ष दलको माननीय सदस्यले भन्नु भा

जस्तै मुलुकमा पहिलो पटक अनप्रेसिडेन्टेट हिस्ट्री कायम गरेको, यो भन्दा अगाडि कहिल्यै नघटेको घटना घटेको त्यो भनेको के थियो भने, नेपालको सबै राजनीतिक दलहरू, सबै पूर्व प्रधानमन्त्रीज्यूहरू, सबै पक्षीय, सर्वदलीय मात्रै होइन, सर्वपक्षीय सहमतिको साथमा राष्ट्रिय स्वाधिनताको पक्षमा राष्ट्रियताको संरक्षण र संवद्धनको पक्षमा, मुलुकको भौगोलिक अखण्डताको पक्षमा उभिएको हैन हामी ? यो उपलब्धि यो सरकारको पालामा भाको होइन ? यसलाई अनदेखा गरेर दायाबायाका तपसिलका कुरामा हामीले कहिल्यै पनि खण्डन गर्न हुँदैन । बरु हामी सबैले यो सरकारलाई अनुरोध गरौं, अपेक्षा गरौं, सबै पाटीको नेताले निर्देशन गरोस् सरकारलाई । त्यो अब संवादको माध्यमबाट, कुटनीतिक संवादको माध्यमबाट किन भने आज हामी भारतसँग वारपार लडाइ गरेर जित्ने सक्ने स्थितिमा छैनौं । हाम्रो सीमाहरू प्राप्त गर्ने स्थितिमा छौं हामी ? आजको राष्ट्रिय अन्तर्राष्ट्रिय सन्दर्भले त्यो कुरा गर्न दिन्छ हामीलाई ? खुबी छैन हाम्रो, त्यसकारणले गर्दाखेरी अहिले भनेको काठमाडौंमा नारा लगाएर, काठमाडौंको सडकमा नारा लगाएर हाम्रो सीमा व्यवस्था हुन्छ ? त्यसको हामीले व्यवहारमा प्राप्त गर्ने एउटै मात्र मापदण्ड भनेको के हो भनेदेखि भारतसँग बारम्बार कुटनीतिक संवाद गर्नुपर्‍यो, सहमति गर्नु पर्‍यो । त्यसकै माध्यमबाट त्यो चीज प्राप्त हुने सम्भावना छ । यही क्रममा नेपाल सरकारले पहिलो चोटी हाम्रो लिम्पियाधुरालगायतको ठाउँहरूमा एपीएफको पोष्टहरू खडा गरेको छ । नेपाली सेनाको पोष्टहरू खडा गरेको छ आफ्नो सीमाको रक्षाका लागि । यद्यपि तपसिलमा गर्नुपर्ने अझै पनि धेरै कुराहरू बाँकी होलान । यसकारणले यो काम नेपालको हिस्टीमा नेपालको राष्ट्रियताका लागि, नेपालको सार्वभौमसत्ताका लागि, नेपालको एकताका लागि यो सरकारले गरेको महत्वपूर्ण काम हो । जुन सुनौलो अक्षरले लेखिएको छ नेपालको इतिहासमा । कसैले मेटाएर मेट्न सकिँदैन यो कुराहरू । दोस्रो कुरा अब कोभिड १९ को जे चाही समस्या हामीले भोग्यौं । हामी हेरौ न अरु मुलुकलाई पनि हामी भारतलाई हेरौं । संसारको सबैभन्दा ठूलो डेमोक्रेसी देशको डेमोक्रेसी सरकार भनेको देशको तमसा के देखियो । उसको तयारी अमेरिका परीक्षणमा हार्‍यो । सिँगो युरोपको बीचमा हार्‍यो तर नेपाल हारेको छैन । होला मान्छेहरू मरेका होलान्, आइसोलेसनम होला कोही तर हामीले शुरुका दिनदेखि जे प्रबन्ध गर्‍यौं, जे स्थिति निर्वाह गर्‍यौं । त्यो के

आलोचना मात्रै गर्ने विषय छ ? होला तपसिलमा कोही, कोही तल माथिको कुराहरू होलान् । बेलामा भनेजस्तो हुन सकेन होला तर सारमा समग्रमा हेर्दाखेरी नेपाल सरकारले र सातवटै प्रदेश सरकारले स्थानीय तहको सरकारले पनि जुन तदारुकताका साथ, जुन एकताका साथ, जुन सहयोगका साथ कोभिड १९ रोकथाम, नियन्त्रण र उपचारका लागि लड्यौं । फेरि पनि म यहाँ भन्न चाहन्छु यदि संघीयता लागू नभएको भए यति चाडै हामीले यो सुविधा प्राप्त गर्न सक्ने थिएनौं । क्यारेन्टाइन त बन्ने नै थिएन होला । काठमाडौंबाट आदेश आउँला र बनाउँला भन्दा कोभिड सकिइसक्या हुन्थ्यो होला । आजको दिनसम्म क्वारेन्टाइन गर्ने कुरा कागजमा लेखिराखेको हुन्थ्यो । तर तल सरकार भएको हुनाले रातारात प्रदेश सरकारले निर्देशन गऱ्यो प्रदेश सरकारले आहवान गऱ्यो । रातारात स्थानीय तहले क्वारेन्टाइन खडा गऱ्यौं । रातारात कोभिड १९, क्राइसिस म्यानेजमेन्ट टिमले सिडियो त्यहाँका सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना, हाम्रा जनप्रतिनिधिहरू सबै मिलेर रातारात क्वारेन्टाइनका लागि काम गऱ्यौं । यो व्यवस्थाको औचित्य त्यहाँनेर पुष्टि भएको छ भन्ने लाग्छ मलाई । यही सन्दर्भमा नेपाल सरकारले जति काम गऱ्यो । कोर्डिनेसन गर्ने काम गऱ्यो, तलको स्थानीय सरकारलाई व्यवस्थापन गर्ने काम गऱ्यो । यो पनि अनस्पेक्टेड इन्सिडेन्ट हो । यो भन्दा कहिल्यै नभएको अब हुन्छ कि हुँदैन थाहा छैन । यो कोभिड विपत् कहिल्यै नआउँला पनि त्यसकारणले हामीले यस्तो काम गरेका छौं र हामी यो सबै कुरालाई बिर्सेर सिंगो समग्र शरीरको मूल्यांकन गरेर समग्र घटनाको मूल्यांकन गरेर त्यसमाथि खण्डन गरौँ, आलोचना गरौँ, टिप्पणी गरौं, विरोध गरौँ । एकातिरबाट हेरेर पृथ्वीसुब्बाको दाइने कान मात्रै हेरेर समस्या बुझिदैन । त्यसैले समग्र अंशलाई हेरेर त्यसको खण्डन गर्ने कुरा त्यो वैज्ञानिक पनि होइन, लोकतान्त्रिक पनि होइन । यसकारण अहिले हामीले हामीले के गऱ्या छौं । साच्चै नै भन्दाखेरी हामीलाई गर्व छ कि गण्डकी प्रदेशले संस्थागत हिसाबले आइसोलेसनलाई व्यवस्थित गरेर राख्ने प्रदेश, तपाईंहरू सबैको छातीमा गर्व गर्ने काम हामीले गरेका छौं । गर्वका साथ भन्न सक्नुहुन्छ गण्डकी प्रदेश सरकारले संस्थागत रूपमा अस्पताल भनेको थियो अस्पतालमा सरकारले, गाउँपालिकाहरूले नगरपालिकाहरूले, प्रदेश सरकारले व्यवस्थापन गरेर हाम्रो मान्छेले उपचार पाएका छन् प्रदेशमा । अहिले पनि एक दुई जना होम आइसोलेसन होला तर गण्डकी

प्रदेश पहिलो प्रदेश हो, सर्वश्रेष्ठ प्रदेश हो । होलफस्ट प्रदेश हो गण्डकी प्रदेश । साथसाथै हामीले के भन्नुपर्छ भनेदेखि गण्डकी प्रदेश नै यस्तो प्रदेश हो जसले कोभिड १० का लागि अघि साथीहरूले भन्नुभयो पहिले पनि भन्नु भा थियो । ५० हजार पीसीआर टेष्ट गरौं भन्दै हुनुहुन्थ्यो । मैले किन ५० हजार भन्ने ? किन बाँधिने हामी ? हामीले डेढ लाख पो गर्नुपर्ने हो कि गर्दै जाँदाखेरी ? हामी ४५ हजार मात्रै गरेपछि हाम्रो काम सकिने हो कि यसकारण यस्ता वस्तुगत कुरा भन्दा पनि बाहिर गएर आग्रह पूर्वाग्रह गरेर हुँदैन । किनकि पीसीआर टेष्ट कुनै भ्याक्सिन होइन, पीसीआर टेष्ट कुनै ट्याबलेट पनि होइन, पीसीआर टेष्ट कुनै एन्टिबाइटिक पनि होइन जो खाएर त्यो रोगको उपचार होस् । त्यसले तपाईंको रोकथाम होस् । खाली संक्रमण कम गर्नका लागि संक्रमित भएको व्यक्ति अर्को संक्रमित नभएको व्यक्तिलाई संक्रमण प्रशारण गर्ने त्यो माध्यम बन्छ त्यो नबनोस् भनेर को पोजेटिभ, को नेगेटिभ भनेर छुट्याउने एउटा माध्यम न हो । रोकथामको एउटा सानो कडी मात्र हो त्यो । त्यसकारणले व्यासिकल्ली पीसीआर टेष्ट गर्ने कुरा समयको बर्बादीको कुरा थियो । पैसाको बर्बादीको कुरा थियो, हामीले दुःख पाउने कुरा थियो, तर परिणाम चाही हामीले लक्षित गरेको परिणाम नआउने खालको थियो । त्यसकारण हामीले भन्यौं भने करिब करिब ७७ हजारको त हामीले पीसीआर टेष्ट गरिसक्यौं । ४५-५० हजारको के कुरा ? त्यसकारण हामीले जुन खालको यो संकल्प प्रस्तावमा छलफल चलाएका थियौं । त्यसले पनि हामीलाई महत्वपूर्ण सन्देश दिया छ । कि हामी बस्तुवादी भएर, राजनीतिक आग्रहबाट मुक्त भएर राष्ट्रिय समस्यामा, प्रादेशिक समस्यामा हामी सबै एक जुट हुनुपर्थ्यो कुनै एउटा पार्टी विशेषको एजेन्डा बन्नुहुन्न त्यस्तो विषयहरू, साझा एजेन्डा बन्नुपर्छ भन्ने कुरामा हामीलाई शिक्षा दिएको छ । यो कुरा पनि म स्मरण गर्न चाहन्छु ।

हामी फेरि यो पनि गर्वका साथ भन्न पाउनुहुन्छ तपाईंहरूले माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकार त्यस्तो एउटा सरकार हो । जसले आफ्नो प्रदेशको, आफ्नो मातहतको ११ वटै अस्पतालहरूलाई अब त हामीले १२ वटा अस्पताल भन्नुपर्छ संक्रामक अस्पतालसहित । १२ वटा अस्पतालमा आइसीयु बेड कक्ष स्थापना गर्ने त्यसका लागि आवश्यक भेन्टिलेटरको व्यवस्था गर्ने, आवश्यक कार्डियो मनिटरको व्यवस्था गर्ने, आवश्यक अन्य इक्युपमेन्टको व्यवस्था गर्ने अन्य आवश्यक अक्सिजन प्लान्ट सबै अस्पतालमा स्थापना गर्ने गण्डकी प्रदेश मात्रै

एउटा प्रदेश हो । वान एण्ड वान वन्ली वान युनिक प्रदेश हो गण्डकी प्रदेश त्यसका लागि त्यसकारण यस्तो भनेर गर्व गर्नुहोस् हामो गण्डकी प्रदेशले यस्तो गऱ्यो, गण्डकी प्रदेश सरकारले गर्ने भन्या त तपाईंहरू सुबैले गऱ्या हो नि ? किन कि यो सदनले बनाएको सरकार त्यसकारणले माननीय सभामुखज्यू यसका साथसाथमा हामीले गण्डकी प्रदेशमा अरु प्रदेश होइन गण्डकी प्रदेश पहिलो प्रदेश हो । कि आफ्नो प्रदेशको संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना गरेर नेपाल सरकारको पनि नीति त्यही थियो कि प्रत्येक प्रदेश प्रदेशमा यो कोभिडको बेलामाा निर्णय गरेको, नीति तथा कार्यक्रममा बजेट व्यवस्थापन गरेर प्रत्येक अस्पतालमा एउटा सरुवा रोग अस्पताल टेकु जस्ते बनाउन पऱ्यो, प्रत्येक प्रदेशमा आफ्नो शिक्षण अस्पताल हुनुपऱ्यो । शिक्षण अस्पताल भन्ने अभियानमा छौँ । हामीले जमिन प्राप्त गरिसक्या छौँ, जनतालाई अनुरोध गरिसक्या छौं । मेडिकल लाइन्सको कोर्षहरू पढाउने विषयमा अगाडि बढाउने क्रममै छौं हामी । गण्डकी प्रदेश आफ्नै संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना गर्ने, नेपाल सरकारबाट ५० बेडका लागि अनुदान प्राप्त गर्ने पहिलो प्रदेश हो । हामी त सबै कुरामा सुपरलाइक सुपरलायक हौ गण्डकी प्रदेश । कसैले यहाँ सेकेण्ड हुन जान्या छैन एउटा कुरामा मात्रै हो बेरुजु रकमको मात्रै हो । हामीले के सोच्या छौं हामी अब त्यसमा पनि फस्ट हुन्छौं । यो कोभिडको कारणले अलिकति भए पनि आफ्नो प्रदेशलाई आर्थिकको कारणले अलिकति भए पनि म्यानेज गर्ने प्रदेश सरकार गण्डकी प्रदेश सरकार नै हो । गण्डकी प्रदेश नै हो । यसमा हामीलाई आवश्यक निर्देशन दिने यही सभा हो सम्मानित प्रदेश सभा हो । त्यसकारण हामी सबैले यसमा गर्व गर्नुपर्छ । हामीले त्यो काम पनि गरेका छौं । अब माननीयज्यूले भन्नुभो, प्रदेशको म माननीयज्यूको भनाइमा सत्प्रतिशत सहमत छु । अब हाम्रो पूजीगत खर्च गर्ने, विकास निर्माणको अभियान सञ्चालन गर्ने हामीले आफ्नो क्षमता बढाउनुपर्छ । यो कुरा मैले अघि नै पनि भनिसक्या छु, निवेदन गरिसक्या छु । त्यो कुरा के भनेदेखि यसपटक हामीले पूँजीगत खर्च बढाउने, क्षमताको अभिवृद्धि गर्नुपऱ्यो त्यसका लागि व्यवस्थापन कसरी गर्ने भन्ने भनिरहेका छौं । पूर्वाधारको लागि भौतिक संरचना स्थापना कसरी गर्ने भनिरहेका छौँ । तल्लो जिल्ला कार्यालयका श्रोत र साधनहरूको व्यवस्थापन कसरी म्यानेज गर्ने भनिरहेका छौं । कहाँ-कहाँ हामीले गाडी किनिदिनुपर्छ । एउटा इन्जिनियर छ

जम्माजम्मी उसले दुई-तीन सय प्रोजेक्ट हेर्नुपर्छ । त्यो कहाँ कहिले भ्याउँछ त ? ऊसँग गाडी छैन, ऊसँग मोटरबाइक छैन । त्यसकारण आवश्यक श्रोत साधनको हामीले व्यवस्था गर्ने भनेका छौं । हामीले पहिलो चोटी सबै जिल्ला अस्पताललाई गाडीको प्रबन्ध गरेका छौं । यो वर्ष हामी सबै जिल्ला अस्पतालहरूलाई एम्बुलेन्स वितरण गर्ने कुरा गरिरहेका छौं । हाम्रा जिल्ला अस्पताललाई सबैलाई ५० शैयाका अस्पताल बनाउने अभियानमा छौं हामी । त्यसकारण यो कोभिड १९ को बारेमा लड्ने कुरामा यो कोभिड हामीलाई ठूलो चुनौती पनि थियो, ठूलो पर्खाल पनि थियो तर त्यो चुनौतीका बीचमा अपरच्यूनिटी हुन्छ भन्ने कुरालाई आत्मसात गरेर गण्डकी प्रदेशले यो चुनौतीलाई नाध्नका लागि, यो चुनौतीलाई पराजित गर्नका लागि हामीले यही मौका हो कि प्रदेशमा ३० करोडको कोभिड १९ को रोकथाम तथा नियन्त्रण उपचार कोषको व्यवस्था गऱ्यौ । करिब ४ करोड जति विभिन्न संघसंस्थाहरूबाट हामीलाई सहयोग प्राप्त भयो । साँढे ३४ करोडको रकमबाट हामीले त्यो कोभिड १९ को विरुद्धमा लड्ने सबै कामहरू, जनचेतना तथा सचेतनाका कामहरू, पूर्वाधार निर्माणका कामहरू, इक्युपमेन्ट म्यानेज गर्ने कामहरू, भत्ता व्यवस्थापन गर्ने कामहरू यो काम हामीले गरेका छौं । त्यसकारणले अहिले यो अभियानका रूपमा हामीले फेरि भन्यौं अब कुनै यो दोस्रो कोभिड आयो भने हाम्रो गण्डकी प्रदेशमा हामी त ग्रिन जोन भइसकेको छ प्रदेशको तर जब तपाईंको इन्डिया खुल्यो, जहाँ तेस्रो मुलुकको मान्छेहरू आउने कुरा खुल्यो त्यसकारण ग्रिन जोड भएको गण्डकी प्रदेश फेरि आक्रान्त बन्न पुग्यो । धेरै संक्रमितहरूको संख्या बढ्दै गएको हुनाले र हामीले नवलपुरमा जो हामीभन्दा अल्ली टाढा छ जो अल्ली कोल्टे पऱ्या छ भन्छौं हामी । त्यहाँको मध्यबिन्दु जिल्ला अस्पतालमा पीसीआर टेष्टको लागि ल्याब स्थापना गर्ने कुरा भएको छ करिब ४ करोडको लागतमा । अहिले हामीको त्यो प्रयास सुनेर गरेर नेपाल सरकारले पीसीअआर मेसिन पठाइदिया छ । गण्डकी प्रदेशमा आफ्नो प्रादेशिक अस्पताल छैन किनभनेदेखि यहाँ एउटा तपाईंको क्षेत्रीय अस्पताल थियो । क्षेत्रीय अस्पताल अरु ठाउँमा प्रदेश सरकारलाई हस्तान्तरण भएको छ । जनकपुर भाछ, उता लुम्बिनी अस्पताल भाछ, थुप्रै ठाउँमा भाछ तर हाम्रो पश्चिमाञ्चाल क्षेत्रीय अस्पताल हामीलाई हस्तान्तरण भएन । दुःखको कुरा भन्नुपर्छ हामीले । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग जोडेर हामीलाई यो

हस्तान्तरण भएन । त्यसले गर्दा हाम्रो प्रादेशिक अस्पताल नभएको हुनाले हाम्रो प्रादेशिक अस्पताल छैन त्यसकारणले उपप्रादेशिक अस्पतालको रूपमा गण्डकी प्रदेश सरकारले निर्णय गरेको धौलागिरी अस्पताल हो । त्यसैले धौलागिरी अस्पताल गण्डकी प्रदेश उपप्रादेशिक अस्पताल बाग्लुङलाई कति सहयोग गर्ने सहयोग गर्नु भनेपछि लागि एक करोड रूपैयाँ पठाएको छ । ल्याब स्थापना गर्नका लागि त्यसमा हामीले अवाश्यक रकम थपेर ल्याब स्थापना गर्दैछौं । अब हाम्रो ल्याब, हाम्रो पश्चिमाञ्चल क्षयरोग केन्द्रमा जुन ल्याब छ त्यो ल्याब नेपालको सेकेण्ड स्टाण्डरको ल्याब हो भन्ने कुरा पछि मात्रै थाहा पायौं हामीले । त्यहाँ हामीले अहिले पीसीआर मेसिन स्थापना गरेका छौं । २ वटा अरु एक्स्ट्रयासन मेसिन राखेका छौं हामीले । बाग्लुङमा भएको कारणले गर्दा तीन चारवटा जिल्लामा त्यसले कभर गर्दा । नवलपुरमा धेरै समस्या छ, नवलपुरका हाम्रा जनताहरू कमसेकम भरतपुरतिर जाने, भरतपुरतिर गएर धेरै मान्छेहरू संक्रमित भएर आए । त्यसले पनि हाम्रो प्रदेश कम जोखिमको प्रदेश थियो तर अरु प्रदेशमा जानुपर्दा खेरी, जोखिम भएको प्रदेशमा पुग्नुपर्दा खेरी हाम्रा नागरिकहरू धेरै संक्रमित भए भन्ने चिन्ताले भयातुर भएर हामीले त्यहाँ पनि ल्याब स्थापना गर्ने काम शुरु गरेका छौं । त्यसकारणले यो कोभिड १९ का बारेमा यति कुरा राखेर एउटा कुरा मैले यहाँ निवेदन गर्न खोजेको कुरा के छ भने संघीयता, गणतन्त्र, लोकतन्त्र, समावेशी लोकतन्त्र लोकतन्त्र पनि । महिलाको समावेशिताको कुरा, दलितहरूको समावेशिताको कुरा, मधेशी, आदिवासी जनजाति या गरिबहरूको, अपाङ्गता भएका व्यक्ति या ज्येष्ठ नागरिकहरू यिनीहरू सबैसँगको समाविष्टताको कुरा, सामाजिक न्याय प्रदान गर्ने कुरा छ । कानून पनि बनाएका छौं हामीले । तर महिला हिंसा बढ्दै छ । महिला हिंसा पनि डर लाग्दो रूपमा परिवारबाट हिंसा हुने क्रम बढ्दो छ । यसमा पनि गण्डकी प्रदेश सरकारको ध्यान आकृष्टि हुनुपर्छ भन्ने मैले ठान्दछु । गण्डकी प्रदेश सभामा विशेष समय लिएर बोल्नुपर्दा माननीयहरूले सयमा विशेष जोड दिएर बोल्नुपर्छ भन्ने मैले ठान्दछु । बाँकी हामी सबैमा त्यस्तो चेतना होस् कि हामी सबै गएको वर्ष पनि ०७५/७६ मा त्यो आर्थिक वर्ष नेपाल सरकारको, नेपाल प्रहरी भित्रको इन्टिलिजेन्सीले अनुसन्धान गरेको विषय के थियो भने, नेपालमा जति बलत्कार पछि हत्याका घटनाहरू घटेका छन् त्यो घटनाको पहिलो कारण मदिरा सेवन भन्ने छ । आर्थिक अवस्थाको कारण, परिवार

विखण्डको कारण अन्य धेरै कारण छन् त्यसका पनि तर त्यसभित्र पनि मुख्य कारण मदिरा सेवन भन्ने छ । अब मदिरा नियन्त्रण गर्ने कानून बनाउन पर्छ कि पर्दैन हाम्रो प्रदेश सभाले ? नेपाल यस्तो देश हो, जहाँ मदिरा सेवनको कुनै समयावधि छैन । समयसीमा छैन, जहाँ कुनै ठाउँको पनि सीमा छैन, जहाँ उमेरको पनि हद तोकिया छैन, धेरै मुलुकहरूमा १८ वर्ष भन्दा तलको बच्चाहरूले मदिरा लिन जान पनि पाउँदैन । लिनन पठायो भने अभिभावकलाई कारवाही हुन्छ । हामी त १२, १३ वर्षदेखि मदिरा खुवाउन सुरु गर्छौं बच्चाहरूलाई । त्यसले कस्तो समाजको निर्माण गर्छ ? हामीले आज १२ औं २४ सै घण्टा जहाँ गयो त्यही रक्सी खान पाउँछौं हामी । जहाँ गयो त्यही वियर खान पाऊछौं हामी । समयको पावन्दी पनि छैन, म दिल्ली जाँदाखेरी एउटा होटदमा जाँदाखेरी मसँग बस्ने साथीहरूले वियर खान खोज्नुभयो । होटलवालाले के भन्यो ८ बजेदेखि बन्द भयो यहाँ बिक्रीमा छैन भनेकाले उहाँले सेवन गर्न पाएन । समयको पावन्दी हुनुपर्‍यो । कहीँ न कहीँ रोकथाम हुनुपर्‍यो । कहीँ न कहीँ व्यवस्थापन र नियन्त्रण हुनुपर्‍यो । यसले पनि केही न केही घटाउन सहयोग गर्छ होला रोकिन्छ होला नि ? यहाँ हाम्रो पुम्दीभुम्दीमा एउटा ११ वर्षकी बालिका एउटा मान्छले बलात्कार गर्‍यो । रक्सी खाएर मातको बेलामा साँझको बेला दोकानमा केही किन्न पठायो, बलत्कार गर्‍यो । त्यसबाट अपराध गरिहाल्यो । बलत्कार गरेपछि सिधै मार्ने काम गर्‌यो । कानून त बनायो देवानी तथा फौजदारीसंहिता आयो । बलत्कार गरेर मान्छे मार्‍यो भन्ने, एउटा जातिले अर्को जातिलाई काट्यो भन्ने । यस्ता क्रुर हत्या गर्नेहरूलाई लाइफलङ इन प्रिजेन हुन्छ भनेर कानूनहरू छ । अहिले २० वर्षलाई २५ वर्ष बनाएका कारण यस्ता हस्ता हत्याहरू, क्रूर हत्याहरू, जधन्य हत्याहरू त्यसले गर्दा यस्ता हत्याहरू तपाईंको आजीवन कारावास, त्यही मृत्यु हुन्छ, त्यही लास भएर निस्कन्छ, यस्तो बनाउँछ तर हामी यही खेल्छौं फेरी । यही समाज हो जहाँ प्रहरीहरूलाई दबाब दिइन्छ । जहाँ यहीकै तपाईं हामी जस्ता नेताहरूले प्रहरीलाई दबाब दिन्छ र अब यो जन्मकैद होइन, २५ वर्षमा हुन्छ । हामीमा नैतिकता पनि कन्ट्रोलमा छैन । हामीमा कुनै चिजको चेतना, सचेतना छैन हामीमा । यसका लागि हाम्रो नेम्स्ट यो अधिवेशन त सकिइहाल्यो, अर्को अधिवेशनमा हाम्रो एउटा यस्तो विषय पनि छलफलको विषय होस् । गण्डकी प्रदेश सरकारले यसको बारेमा पनि मैले सोचिराछु । यसमा केही गर्न सकिन्छ कि, दोषीलाई नियन्त्रण गर्न केही

गर्न सकिन्छ कि ? होइन भने भाषन र विरोधको विषय बनाएर मात्र केही फाइदा छैन । हाम्रो नियम, हाम्रो कानून, हाम्रो सिद्धान्त जीवनका लागि हुनुपर्‍यो बाँच्नका लागि होइन । जीवनको लागि हुनुपर्‍यो । जीवनमा त्यो प्रयोगमा आउनु पर्‍यो । जीवनमा प्रयोगमा नआएको सिद्धान्त आदरणीय जनतेता मदन भण्डारीले भन्नुभएको थियो । सिद्धान्त जीवनका लागि हो जीवनका लागि सिद्धान्त होइन । सिद्धान्तको पोशाक ओडेर जिन्दगी भरी सिद्धान्तमा बसेर के काम ? जुन, जुन सिद्धान्त छ त्यो त मान्छेको जीवनको लागि जिन्दगीको लागि हो । समाजको लागि हो । त्यसमा कार्यान्वयन हुनुपर्‍यो त्यो । त्यस्तो सिद्धान्त चाहियो हामीलाई त्यस्तो ऐन, कानून चाहियो हामीलाई । जसले हाम्रो नागरिकको जीवन सुरक्षा होस् । नागरिकको भय अन्त्य होस् नागरिकको जुनखालको स्थिति छ होसियारिको स्थिति होस् । संवृद्धितिर जाने बाटो हरेक तरिकाले खुलोस् । उसलाई सबै स्वतन्त्रता प्राप्त, निर्वाध रूपले प्रयोग गर्ने स्थिति बनोस् । त्यस्तो समाजको निर्माणको चाहना हामी सबैको होइन ? हाम्रो चाहनाहरूमा पनि छलफल चलाउनुपर्छ । त्यसकारणले अब अन्तिममा म के भन्न चाहन्छु भन्दाखेरी हामी धेरै भ्रष्टाचारका कुरा गरेका छौं । मैले नबुझेको कुरा एउटा छ । हामी चाही केपी ओलीको पालामा बाइडबढीहरूको भ्रष्टाचार भयो । कस्तो अपराधीलाई ढाकछोप गर्ने दुष्पर्यन्त हो भन्छु मैले । ललिता निवास प्रकरण किन्नका लागि केपी ओली ? अपराध गर्नेहरूलाई अपराधीहरूलाई लुकाइने प्रयत्न हो भन्छु म त्यो । जानेर भन्या भए अपराध लुकाउने कुरा भयो नजानेर भन्या भए यस्तो कुरा नहोस् । केपी ओलीको पालामा एउटा कर्मचारीको कुरो सुनियो । एउटा कर्मचारीको नेतृत्वमा छानविन समिति बनायो के भाको भनेर । त्यो कर्मचारीको ३ सदस्यीय छानविन समितिले रिपोर्ट पेश गर्‍यो । ललिता निवास प्रकरणमा सरकारी जग्गा क कसले दुरूपयोग गर्‍यो ? क कसको पालामा भयो । यसभन्दा अगाडिको प्रधानमन्त्रीको विषयमा छैन ? म-म गरौं हामी सबैले । हामी भन्दा माथिका ठूलाठूला मान्छेहरूको नाम आएको छैन त्यहाँ ? ललिता निवास प्रकरणमा दोषी पत्ता लगाउने, त्यहाँको अध्ययन छानविन गर्ने यो सरकार अनि यो सरकार ललिता निवास प्रकरणमा भ्रष्टाचार गर्‍यो भन्नी प्रपञ्च हो भन्छु मैले । मैले भन्न खोजेकोमा माफी चाहन्छु । त्यसबाट कसैलाई चोट नपरोस् । वाइड बढीको कुरा अहिले भाको हो ? ललिता प्रकारको कुरा अहिले भाको हो ? आज भन्दा सात आठ

वर्ष अगाडि वाइड बढी किन्ने कुरा भएको थियो । २ वटा वायड बढी किन्ने कुरा भयो २ वटा । ४ वटा जहाज किन्दा कमिसनको चक्कर चल्या होला पक्कै पनि । मैले त त्यतिखेरै भनेको थिए यो सबै कसिसनको खेल हो भनेर भन्या थिएँ । किनभने म एकपटक सिभिल एभिएसन मिनिस्टर भएको मान्छे हो म । कहाँ-कहाँबाट कसिमन आएको छ मलाई थाहा छ । एकमा किन्न किन मरिहत्ये गर्ने, किन वाइड किन्ने कुरा गर्ने ? त्यहाँ धेरै कुराहरू छन् । वाइड बढी किन्दा खेरी चार-चार वटा जहाज किन्नुछ । त्यो चार चार वटा जहाज किन्दा खेरी हाम्रो बजार कहाँ छ ?हाम्रो कसरी व्यवस्थापन गर्ने, हाम्रो कर्मचारी प्रशासन कसैले ख्याल पुऱ्याएनौं । आज कोही आएर चल्न पाएको छैन चलाउन पाएको छैन । कोही खाली खाली दौडी रा हुन्छ । बाइद वे म आफ्नै मुलुकको नेसशन फलाइटमा चढ्नुपर्छ भनेर म अरब जाँदाखेरी यहाँबाट दिल्ली जाँदा खेरी आरएनसीसम्म प्लेन चढेर गएको । आएएनसीको प्लेन चढ्न काठमाडौं दिल्लीको प्लायट कस्तो छ भनेर सोधेँ, राम्रो छ माननीयज्यू भन्यो । कति प्रसेन्ट अक्कुपेशी छ भने लट मोर देश ६० प्रसेन्ट भन्यो । मैले हेरे उठेर गएर यसो हेरेको त्यो करिब डेढ सय सिट क्षमताको थियो । ४०, ५० जना भन्दामान्छे थिएन । सबभन्दा राम्रो चलेको भनेको त्यो भने । कस्तो होला अरु काठमाडौं टु हगंकगंको प्लेन, काठमाडौ टु मलेसियाको क्लालाम्पुरको, काठमाडौ टु दोहाको, काठमाठौं टु मस्कटको, काठमाडौं टु बहराइनको कस्तो होला ? कति जना होला मान्छे ? अनि हामी व्यापार गर्नुपर्छ यसरी व्यवस्थापन गर्नुपर्छ भन्ने जान्दै नजान्ने । कमिसनको लोभमा जहाज मात्रै किन्नी हो त्यसलाई छानविन गर्न सुरु गर्नुपर्छ । छानविन गर्ने भनेर भनेको केपी ओली प्रधानमन्त्री हुँदा किनेको जहाजै होइन त्यो । अनि केपी ओलीले गऱ्या भनेर भन्छौं । हामी के गर्दैछौं स्याल आयो, चिल आयो, चिल आयो, भन्दा चिल्उयाउँदा खोरको कुखुरा स्यालले तान्ने जस्तो ताल त हैन यो । लयो त्यसकारणले हामीले जे कुरा भनिरहेका छौं । वास्तविकतामा देखेर भनौं । वास्तविकतामा टेकेर भनौं । त्यही कारणले अघि नै हाम्रो एक जना माननीयको भनाइ अनुसार झगडा भयो । ए मेरो नाम मुछ्नी, ए मलाई बदनाम गर्न खोज्या, भन्नी कर्मचारीले देखे त उनैको पालामा भएको देखें । दोषी निर्दौष के हुन्छ त अदालतले फैसला गर्ला । अदालतले फैसला पठाउनु छैन अहिले नै आग्रह पूर्वाग्रह राखेर दोषी निर्दोषीका कुराहरू हुन थाल्छन् । त्यसकारणले हामी अलिकति

वस्तुवादी नभएर धेरै कुराहरू भन्दाखेरी भ्रम झैं लाग्छ र अन्तिममा माननीयज्यूले हामीलाई सम्झाउनु भएको छ । मलाई धेरै खुसी लाग्यो । हामी कम्प्युनिष्टहरूले पहिलो चोटी बहुमत प्राप्त गरेको यो मुलुकमा । नेपाली काँग्रेसले १५ सालमा दुई तिहाइको बहुमत प्राप्त गर्‍यो । आफ्नो पार्टीको म्यानेज गर्न नसक्दा खेरी राजाले कु गर्‍यो । व्यवस्था त गयो-गयो । संसदीय व्यवस्था त गयो-गयो । काँग्रेले मात्र होइन वीपीले मात्र होइन, सबै काँग्रेसले, सबै कम्प्युनिष्टले अरु ती जनताहरूले ३० वर्ष अन्धकारमा बस्नुपर्‍यो । यो कुराबाट सबैले शिक्षा लिनुपर्छ । स्वयं नेपाली काँग्रेसले शिक्षा लियोस् यो कम्प्युनिष्टहरूले शिक्षा लियोस् । जो यो मुलुक चलाउन बस्या छ अहिले । ४८ सालमा फेरि लोकतन्त्र आयो, फेरि सामान्य बहुमत आयो काँग्रेसको । पार्टी भित्रको झगडाले गर्दाखेरी मलाई सम्झना छ गिरिजाबाबु मेरो सम्माननीय नेता पनि हो मेरो प्रधानमन्त्री हो गिरिजाबाबु । गिरिजाबाबुसँग सबैभन्दा धेरै काम गराउने मन्त्रीमध्ये म पनि हुँ । अर्थात् यसो भन्न मिल्ला गिरिजाबाबुले मन पराउनु भएको क्याविनेटको एउटा स्टाफ म पनि हुँ । पर्यटनमन्त्रीले भनेको सबै गरिदिनु है रामशरण, पैसा के-के माग्नु भछ पूरा दिनु उहाँलाई धन्यवाद भन्नेमा म पनि हो । म उहाँलाई धेरै सम्मान गर्छु । उहाँ एउटा जस भएको मान्छे नेता पनि हो । तर उहाँले हामीलाई एक पटक चिया खाने बेलामा के भन्नुभयो भने, तर्पाईंहरू किन ५१ सालको मध्यावधि चुनाव गरिरहनु भएको छ ? हे गणेशमानलाई कृष्णप्रसादले साह्रै दुःख दिए । कनकन गर्‍या छ, कनकन गर्‍या छ, कनकन गर्‍या छ त्यसकारणले अब यिनीहरूको कनकन सुन्नुभन्दा त जताबाट पनि हजारौं मान्छे आउँछन् प्रधानमन्त्री भएको ठाउँमा । दुई तिहाइ किन आउँदैन गिरिजाप्रसाद कोइरालालाई सारा नेपालीको साथ समर्थन छ भनेर मध्यावधिमा गएको त्यस्तो हुँदो रहेन्छ जनताको कुरा । सत्तामा आउँदा सत्तामा हुँदो रहेछ संकटको बेला मान्छे छल हुँदोरहेन्छ । त्यसकारणले मैले बहुमत त गुमाए, गुमाए एमालेलाई दाउ पर्‍यो त्यस्तो भयो । त्यसकारण पार्टी भित्रको घटना व्यवस्थापन गर्नुपर्छ भन्ने कुरा हामीले त्यो सबै घटनाबाट सकेर ५६ सालमा पनि त्यही भयो । ५६ सालमा फेरि तेस्रो पटक नेपाली काँग्रेसको बहुमत आयो । तर पार्टी भित्रकै झगडाका कारणले गर्दाखेरी सात महिना कि ९ महिना कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुँदै गर्दा पार्टी दुइटा फुट्यो । डेमोक्रेटिक काँग्रेसले नेतृत्व गरेको सरकारले मध्यावती चुनावको

सिफारिस गऱ्यो । त्यही मौका छोपेर राजाले १७ सालमा अर्को घटना पुनरावृत्त भयो । व्यवस्था जोखिममा पऱ्यो । हाम्रो संसद्को अधिकार राजाले खोसेर लियो । त्यसकारणले पार्टी भित्रको झगडा यति धेरै नेपालको १५ सालको घटना, १७ सालको घटना सम्झनुपर्छ हामीले, ५१ सालको घटना सम्झनुपर्छ हामीले, ५९ साल, ६० सालको घटना सम्झनुपर्छ । त्यो घटनाबाट अलिकति सिकेर हामीले भन्यौं नेताहरूलाई, जे सुकै झगडा भए पनि पार्टी फुटाउन हुन्न । पार्टी फुटायो भने के नौवत पाउछौं भन्ने कुरा सबैले म, म गरौं । सबैलाई चेतना होस् । धेरैलाई लागेपछि पार्टी अहिले जोगियो । त्यो घटनाबाटै सिकेको हो हामीले । त्यसकारणले माननीयज्यूले त्यो कुरातिर संकेत गर्नु भाछ । म धन्यवाद दिन चाहन्छु, फेरि पनि रिमाइन्ड गराउनुभयो हामीलाई । पार्टीलाई एकताबद्ध गराएर लैजानुपर्छ । मेरो पार्टी, हाम्रो पार्टी मात्र होइन, नेपाली काँग्रेस पनि एकतावद्ध होस्, बलियो होस्, । प्रमुख प्रतिपक्ष बलियो भयो भने लोकतन्त्र पनि सुदृढ हुन्छ । प्रदेश सभाको गरिमा त्यसै बढेर आउँछ । अरु प्रतिपक्षी पार्टीले पनि आफ्नो भूमिका स्थापित गर्न सकोस् । लोकतन्त्रमा पार्टीहरू बलिया भए, पार्टीहरू राम्रा भए भने गणतन्त्र बलियो हुन्छ, गणतन्त्र सुदृढ हुन्छ । जनताले सुख पाउँछ । मुलुकको संवृद्धि सम्भव छ । पार्टीहरू नालायक भयो भने, नेताहरू महाराज भयो भने त्यो जनताहरूले दुःख पाउँछ । मुलुकले दुःख पाउँछ । अहिलेसम्म भाको त्यही हो । त्यसैले अब त कमसेकम हामी चेत पुऱ्याएर चल्नुपऱ्यो । यस्तो कुरामा सचेत गराइदिनु भएकोमा प्रमुख प्रतिपक्षी दलका नेतालाई धेरै-धेरै आभार व्यक्त गरेर त्यही बाटो जानुपर्छ भन्छु । अब एउटा कुरा कमसेकम केही एउटा कन्डिक्सन छ प्रदेश सरकारको कि कमसेकम असाध्यै धेरै पोलिटिक्स । यही भएर, असाध्यै धेरै पार्टीकरण भएर पार्टी राजनीतकिरण भएर ओभर राजनीतिकरण भएर, राजनीति पार्टीकरण भएर पनि गुटकरण भएर जसरी हाम्रो संस्थाहरू थिलोथिलो भएको छ । अबको स्थिति नेताहरूको झगडाको कारणले, गुटको कारणले संस्थाहरू पनि थिलोथिलो पार्ने हो र ? राजकीय संस्थाहरूलाई थिलोथिलो पार्ने हो कि ? सुदृढ गर्ने हो ? संस्थागत सुदृष्ढिकरणको जमाना हो अबको बेला । संरचनागत सुदृष्टिकरणको बेला हो अब र सबै एकताबद्ध भएर आर्थिक संवृद्धिको पक्षमा जाग्ने बेला हो अब । मति पनि सपार्न पऱ्यो गति पनि लिनुपऱ्यो हामी सबैको । मैले पनि लिनुपऱ्यो तपाईहरू सबैले लिनु पऱ्यो । माननीय सभामुख

महोदयमार्फत यही कुरा सबैलाई निवेदन गरेर गण्डकी विश्वविद्यालय हामीले कुलपति नियुक्त गरेका छौं । बोर्ड अफ ट्रस्टी नियुक्ति गऱ्या छौँ । बोर्ड अफ ट्रस्टी हेर्नुहोला हाम्रो । नो पोल्टिसाइजेसन, एउटा विधि बनाएर संसदले पास गरेको हो । त्यहाँ विचारका हिसाबले राजनीतिक दलका कार्यकर्ता कोही छैनन् । राजनीतिक पार्टीको तहबाट विभिन्न तहमा जिम्मेवारी लिएको व्यक्ति त हुनुहुन्छ तर झोले कार्यकर्ता होइन । पार्टीको नेताहरूको घर घरमा धाउने कार्यकर्ता कोही छैन । हाम्रा सम्मानित ब्यूरोक्र्याक्टहरू ट्याकलक्र्याकरहरू हाम्रो बोर्ड अफ ट्रस्टीमा हुनुहुन्छ । गण्डकी विश्वविद्यालयलाई कसरी पृथक विश्वविद्यालय बनाउने, कसरी गुणस्तरीय विश्वविद्यालय बनाउने, कसरी संसारभरको विश्वविद्यालयसँग पाटर्नरसीप गर्ने विश्वविद्यालय बनाउने ? कसरी रिसर्चको सेन्टर बनाउने, कसरी इन्नोभेटिभ सेन्टर बनाउने भनेर हामी लागिरहेका छौं । प्रारम्भिक दिनमा केही छिटपुट कमजोरी भयो भने त्यसको आलोचना गर्नुहोला, त्यसको छानोफानो गरेर हामीलाई सुधार्ने मौका दिनुहोला तपाईंहरूको आलोचना मैले जहिले पनि याचना गरिरहेकै छु । त्यसकारणले अब हामीले यसलाई दिइएको बोर्ड अफ ट्रस्टी बनाएका छौं । बोर्ड अफ ट्रस्टीमा हाम्रो अब गण्डकी प्रदेश सरकारले आँखा लगाउन पनि पाउँदैन । छुन पनि पाउँदैन, अब त बोर्ड अफ ट्रस्टीको मेम्बर एकतिहाइ सदस्य दुई-दुई वर्षमा चेन्ज हुँदै जान्छ । त्यो आफैँले पूरा गर्दै जान्छन् । गण्डकी प्रदेश सरकारले एक जना पनि राख्न पाउँदैन, कुलपति आफैँले नियुक्ति गर्छ, उपकलुपति बोर्ड अफ ट्रस्टीले नियुक्ति गर्छ । अहिले विधि प्रक्रिया अनुसार उपकुलपति बोर्ड अफ ट्रस्टीकै आधारमा उपकुलपतिले रजिष्ट्रार नियुक्ति गर्छ । यो प्रक्रियामा हामी छौं र आज हामी त्यसको ऐनको आधारमा हामीले बनाएको ऐनको आधारमा, धेरै नियमावलीहरू बनेको आज मैले तपाईंहरूलाई जानकारी गराएँ । त्यही नियमावलीको आधारमा काम भइरहेको छ । त्यसलाई आवश्यक पर्ने सबै नियमावलीहरू त्यसैले हो तर शुरुको दिनमा त्यो दरबन्दीहरू कायम हुँदाखेरी, कार्यालयहरू स्थापना गर्दा खेरी सबै कुराहरू गर्दाखेरी आर्थिक व्ययभार पर्ने भएको हुनाले, आर्थिक दायित्व पर्ने भएको हुनाले अहिले हाम्रो प्रदेश सरकारको दायित्व पर्ने ठाउँमा मात्रै नियमावली बमोजिम प्रदेश सरकारको अनुमति लिऊ भनेको हुनाले प्रदेश सरकारले अनुमति दिएको हो । अब उहाँहरू स्वायत्त रूपले आफै चल्नुपर्ने हुन्छ । नियमावली बनाउने क्रममा

नियमावली कस्तो बनाउने भनेर भन्न्या छैनौ हामीले त्यसकारण यस ढंगले हामी अगाडि बढिरहेका छौं र हाम्रो हामीले स्थापना गरेको कुराहरू म के भन्न चाहन्छु भने, हामी शून्यबाट शुरु गरिरहेका छौं । हामी सबैलाई थाहा छ, शून्यबाट शुरु गरेर एउटा सरकार सरकारका रूपमा चल्नका लागि आवश्यक पर्ने अत्यावश्यक पर्ने संरचना बनाउनुपर्छ कि पर्दैन ? अत्यावश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न पर्छ कि पर्दैन ? अत्यावश्यक पर्ने श्रोत र साधनको व्यवस्था गर्न पर्छ कि पर्दैन ? अत्यावश्यक पर्ने खर्च गर्नुपर्छ कि पर्दैन ? यो खर्च गर्ने यो प्रदेश सरकारको प्रभावकारीतामा देखिँदैन । यसले प्रभावकारी ढंगले काम गर्न सक्दैन । प्रभावकारी ढंगले काम गर्ने हो भने सरकारलाई आवश्यक पर्ने आधारभूत संरचनाहरू निर्माण गर्नुपर्‍यो । त्यसका लागि खर्च लाग्छ सुरुमा । जनशक्तिको व्यस्थापन गरौं त्यसका लागि खर्च लाग्छ । भएन खर्च हुने भयो भनेर क्यान्सर रोग लागेको छ उपचार नगर्ने ? अस्पताल नजाने ? डाक्टर कहाँ नजाने ? पैसा खर्च न गर्ने ? गर्नुपर्‍यो । त्यसकारण यो वर्ष यो हाम्रो पहिलो कार्यकाल भएको हुनाले धेरै आधारभूत संरचनाहरू हाम्रै पालामा स्थापना गर्नुपर्ने दायित्व हामीसँग छ । त्यो बाध्यता हामीसँग छ । त्यस्तो कुरामा हामीले प्रदेश सरकारले धेरै खर्च गर्न थाल्यो भनेर माननीयज्यूहरूले टिप्पणी गर्नु भन्दा अगाडि बरु तपाईंहरूले भनिदिनुपर्छ प्रदेश सरकारलाई प्रभावकारी बनाउनु पर्‍यो । फजुल खर्च नगर । सय जनाले चल्ने ठाउँमा दुई सय जना कर्मचारी नराख । सय जानले काम चलाऊ । प्रतिस्पर्धा गराऊ, क्लाटिली मेरिटोलोजिमा विश्वास गर, प्रतिस्पर्धामा विश्वास गर, भनसुनमा तोकमा होइन भन्ने कुरा भयो भने त्यसलाई गण्डकी प्रदेश सरकारले जहिले पनि दिलैदेखि हार्दिक स्वागत गरेर आत्मसात गरेर अगाडि बढ्छ । यति कुरा यहाँहरू समक्ष राखेर आज यो प्रदेश गण्डकी प्रदेश सभाको छैटौं अधिवेशनसम्म आइपुग्दाखेरी जे-जे हामीले उकाली-ओराली व्यहोर्‍यौं यसमा सबै माननीयज्यूहरूको सहयोगले यो अधिवेशनलाई हामीले सफलतापूर्वक सम्पन्न गर्ने कुरामा सहयोग गर्नु भाछ । सहभागी जनाउनु भाछ । सबैलाई आभार व्यक्त गर्न चाहन्छु र साच्चै नै यो मौसम यो चाडबाडको सिजन मात्रै होइन यो, नेपालको क्यालेन्डर अनुसार छ वटा सिजन छ । ॠतु छ । संसारमा चलिआएको चार वटा ॠतु छ । यो नै यस्तो ॠतु हो । जहाँ अब बाढीपहिरो देखिँदैन । जहाँ खोलामा बाढी आउँदैन । जहाँ आकाश पनि गड्याङगुडुङ चल्दैन हराउँछ । जहाँ चट्याङको

झिलिमिलि हराउँछ । जहाँ तुवालो भन्ने चिज देखिँदैन । सबै चिज क्लियर, शान्त र सौम्भ्य सिजन शुरु भयो अब शरद ऋतु । सबै चिजमा यति धेरै क्लियर छ । यस्तो बेलामा सबै अहिले त सबै नेपालीको हो भन्छु मैले, हिन्दूहरूको मात्रै होइन । सबै नेपालको दसैं भइसक्यो । किरात होस् या इस्लामले बाहेक, मुस्लिमहरूले बाहेक क्रिश्चियनले पनि अलि-अलि खान्छ मासु । बुद्धिस्ट र हिन्दू दुवै एकाकार जस्तै हो । झण्डैझण्डै सबै नेपालको घरघरमा दसैं कुनै न कुनै रूपको दसैं भित्रिएको हुन्छ । त्यसैले वडादसैं भनेको होला यो बडादसैंको उपलक्ष्यमा  त्यसपछि लगत्तै आउने शुभ दीपावलीको उपलक्ष्यमा, त्यसपछि लगत्तै आउँछ मधेशी समुदायले भव्य रुपमा मनाउने छठ पर्व, त्यसपछाडि एउटा ऐतिहासिक सन्दर्भ त्यो चाड भन्दा पनि कल्चरल कुरा, हिस्टोरिकल कुरा भएको हुनाले नेपालसम्वत, काठमाडौं भ्यालिका, नेपालभरिका नेवारहरूले मनाउने गर्छ त्यसलाई नेपाल संवदको कुरा भयो । यही बीचमा इद पनि आउँछ । यही बेलामा क्रिसमस पनि आउँछ । यही बेलामा किराँतहरूको उभौली-उधौली पनि आउँछ । यही बेलामा तमुवानको ल्होसार पनि आउँछ । पुसको १५ सम्म लिऊ फेरि हाम्रो अर्को नयाँ सदन, नयाँ वर्षको फेरि शुभकामना दिऊला । यी बडादसैंदेखि तमुहरूको ल्होसारसम्मको यी चाडहरूमा सबै नेपालीको सबैको चाडहरू हुन् । कुनै न कुनै रूपमा सिङ्गो नेपाल सामेल हुने सिजनमा हामी आइरहेका छौं । यो सिजनमा हाम्रो यो प्रदेश सभाको समापनको अवसरमा सबै यो गण्डकी प्रदेशका माननीय सदस्यज्यूहरू, माननीय सभामुख, माननीय उपसभामुख, माननीय सदस्यज्यूहरू सबैलाई र हाम्रो कर्मचारीहरू सबैलाई यी महान् चाडहरूको उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायु र संवृद्धिको शुभकामना व्यक्त गर्न चाहन्छु र सबै गण्डकी प्रदेशवासीहरू, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनी दाजुभाइहरू सम्पूर्णमा यो बडादसैं, शुभ दीपावली, छठ, नेपाल संवत, इद, उघौली, उद्यौली, तमु ल्होसार, क्रिश्मसको उपलक्ष्यमा फेरि पनि हार्दिक मंगलमय शुभकामना व्यक्त गरेर मलाई बोल्ने यो समय उपलब्ध गराउनु भयो । माननीय सभामुखलाई धेरै-धेरै आभार व्यक्त गरेर आफ्नो भनाइ टुङ्ग्याउने अनुमति चाहन्छु धन्यवाद ।

माननीय सदस्यज्यूहरू, माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको अधिवेशन अन्त्य गर्ने सम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा म पढेर सुनाउँछु ।

मिति :२०७७/०६/२६ गते

विषयः प्रदेश सभाको चालु अधिवेशन अन्त्य गरिएको छ ।

श्री माननीय सभामुखज्यू,

प्रदेश सभा गण्डकी प्रदेश पोखरा

प्रदेश सरकार गण्डकी प्रदेश मन्त्री परिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेश सभाको चालु अधिवेशन सम्वत् २०७७ आश्विन २६ गते  सोमवार रातको १२ बजेदेखि अन्त्य गरेको छु ।

माननीय अमिक शेरचन

प्रदेश प्रमुख

माननीय सदस्यहरू अब यो अधिवेशन आज रातिको १२ बजेबाट अन्त्य हुने कुरा हामीले पत्र पढेर सुनिसक्यौं । त्यसकारणले प्रदेश सभाकोतर्फदेखि माननीय सदस्यहरू, निकटतम आउँदै गरेको बडादसैं, शुभ दीपावली, छठ, नेपाल सम्वत, इदलगायत सम्पूर्ण चाडपर्वको सुखद उपलक्ष्यमा प्रदेश सभाका माननीय सदस्यहरू, मुख्यमन्त्रीलगायत मन्त्रीज्यूहरूलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, प्रदेशवासी एवम् स्वदेशी विदेशी रहनुहुने सबै नेपाली दिदीबहिनी, दाजुभाइहरूप्रति सुख, शान्ति, संवृद्धि, सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय

शुभकामना व्यक्त गर्दछ र स्वास्थ्य मापदण्ड अपनाउँदै खुसीयाली मनाउन पनि अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, हाम्रो छैटौं अधिवेशन र ६२ औँ बैठक आज रातिको १२ बजेबाट अन्त्य हुँदैछ त्यसकारणले यो बैठक यही स्थगित हुन्छ ।